नेपालको संविधानको धारा ५३

एवं

सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा ४१ बमोजिमको

नेपाल सरकारको वार्षिक प्रतिवेदन

आर्थिक वर्ष २०७६/७७

नेपाल सरकार

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं

विषय-सूची

कार्यकारी सारांश १

परिच्छेद- एक

परिचय

१.१ पृष्ठभूमि ११
१.२ उद्देश्य ११
१.३ प्रतिवेदनको सीमा १२
१.४ प्रतिवेदन तयारी विधि १२
१.५ प्रतिवेदनको संरचना १२

परिच्छेद- दुई

राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्वहरूको कार्यान्वयन अवस्था र उपलब्धि

२.१ राज्यका निर्देशक सिद्धान्त.....१३
२.२ राज्यका नीतिहरू कार्यान्वयनको अवस्था र उपलब्धिहरू १४
२.२.१ राष्ट्रिय एकता र सुरक्षासम्बन्धी नीति.....१४
२.२.२ राजनीतिक तथा शासन व्यवस्थासम्बन्धी नीति १९
२.२.३ सामाजिक र सांस्कृतिक रूपान्तरणसम्बन्धी नीति.....२८
२.२.४ अर्थ, उद्योग र वाणिज्यसम्बन्धी नीति.....३२
२.२.५ कृषि र भूमिसुधारसम्बन्धी नीति..... ४६
२.२.६ विकाससम्बन्धी नीति.....५०
२.२.७. प्राकृतिक साधन स्रोतको संरक्षण, संवर्द्धन र उपयोगसम्बन्धी नीति..... ६०
२.२.८ नागरिकका आधारभूत आवश्यकतासम्बन्धी नीति..... ७२

२.२.९ श्रम र रोजगारसम्बन्धी नीति ८६
२.२.१० सामाजिक न्याय र समावेशीकरणसम्बन्धी नीति ८९
२.२.११ न्याय र दण्ड व्यवस्थासम्बन्धी नीति ९८
२.२.१२ पर्यटनसम्बन्धी नीति १०२
२.२.१३ अन्तर्राष्ट्रिय सम्बन्धसम्बन्धी नीति १०५

परिच्छेद- तीन

उपसंहार

उपसंहार ११५

तालिकाहरूको सूची

तालिका नं. १ : समष्टिगत आय प्राप्तिको विवरण ३४
तालिका नं. २ : समग्र बजेट खर्चको अवस्था ३५
तालिका नं. ३ : समग्र आर्थिक परिसूचक ३६
तालिका नं. ४ : प्रदेश र स्थानीय तहमा वित्तीय हस्तान्तरण ३७
तालिका नं. ५ : निजी आवास पुनर्निर्माण तथा अनुदान वितरणको विवरण ६८
तालिका नं. ६ : पुनर्निर्माण गुनासो व्यवस्थापनसम्बन्धी विवरण ६९
तालिका नं. ७ : क्षतिग्रस्त संरचनाको पुनर्निर्माणमा भएको प्रगति ७०
तालिका नं. ८ : शिक्षासम्बन्धी सूचकहरू ७६
तालिका नं. ९ : स्वास्थ्यसम्बन्धी सूचकहरू ८०
तालिका नं. १०: नेपालबाट भएका प्रमुख भ्रमणहरू र उपलब्धिहरू १०६
तालिका नं. ११: नेपालमा भएका प्रमुख भ्रमणहरू र प्राप्त उपलब्धिहरू १०८

कार्यकारी सारांश

नेपालको संविधानको भाग ४ मा राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्वहरूको व्यवस्था गरिएको छ। यी सिद्धान्त, नीति तथा दायित्वहरूको कार्यान्वयन गर्नु गराउनु राज्यको कर्तव्य हो। संविधानको धारा ५३ र सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा ४१ ले निर्दिष्ट गरे अनुसार राज्यका निर्देशक सिद्धान्त, नीति एवं दायित्वहरूको कार्यान्वयनका लागि आर्थिक वर्ष २०७६/७७ मा नेपाल सरकारबाट सम्पादित कार्य तथा प्राप्त उपलब्धि र शासकीय सुधार एवं सुशासन सम्बन्धमा भए गरेका काम कारबाहीको विवरण समावेश गरी यो वार्षिक प्रतिवेदन तयार गरिएको छ।

राष्ट्रिय एकता र राष्ट्रिय सुरक्षा

देशको स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधीनता र सामाजिक सद्भावलाई अक्षुण्ण राख्दै राष्ट्रिय सुरक्षा प्रणालीलाई प्रभावकारी बनाउने कार्यलाई उच्च प्राथमिकतामा राखी कार्य सम्पादन गरिएको छ। राष्ट्रिय सुरक्षा नीति, २०७५ कार्यान्वयन कार्ययोजना स्वीकृत भई कार्यान्वयनमा ल्याइएको छ। केन्द्रीयस्तरमा एकीकृत रणनीतिक सुरक्षा योजना स्वीकृत भएको छ। राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालय स्थापनाका लागि प्रारम्भिक कार्य गरिएको छ।

सुगौली सन्धि एवं ऐतिहासिक तथ्य र प्रमाणका आधारमा नावी, कुटी, गुञ्जी लगायत काली (महाकाली) नदीपूर्वको लिम्पियाधुरा, लिपुलेक र कालापानी क्षेत्र समावेश भएको नेपालको राजनीतिक तथा प्रशासनिक नक्सा प्रकाशन गरिएको छ। नेपालको संविधानको दोस्रो संशोधनबाट नेपालको अद्यावधिक नक्सा र निशाना छापसमेत तदनुरूप परिवर्तन गरी प्रयोगमा ल्याइएको छ। नेपाल भारत सीमामा ४ सय १० नयाँ सीमा स्तम्भ निर्माण र ६५ सीमास्तम्भ मर्मत गरिएको छ। सीमा सुरक्षा व्यवस्थापनका लागि सशस्त्र प्रहरी वल, नेपालको बोर्डर आउट पोस्ट ३६ वटा थप भई कुल संख्या १ सय ४३ पुगेको छ।

शान्ति सुरक्षाको स्थिति थप सुदृढ भएको छ। दैनिक परिचालन, गस्ती जस्ता क्रियाकलापमा नेपाल प्रहरीको भौतिक उपस्थिति दर १७.८९ प्रतिशतले वृद्धि भएको छ। प्रति प्रहरी र

जनताबीचको अनुपात ३ सय ९० पुगेको छ। यस अवधिमा १ हजार ९ सय ७५ जना फरार अभियुक्तहरू पक्राउ गरिएको छ। विभिन्न प्रकृतिका ४१ हजार ८ सय ९८ वटा मुद्दा दर्ता गरी अपराध अनुसन्धान गरिएको छ।

राजनीतिक तथा शासन व्यवस्था

लोकतन्त्रका सबै आधारभूत विशेषतासहितको समाजवादउन्मुख परिपूर्ण लोकतन्त्रको अभ्यास र विकास हुँदै गएको छ। लोकतान्त्रिक मूल्य, समानता र सामाजिक न्यायमा आधारित शासन व्यवस्थालाई मजबुत बनाउन सरकार प्रतिवद्ध छ। जनता नै शक्तिका स्रोत हुन् भन्ने मान्यता स्थापित भएको छ। नागरिकका मौलिक हक एवं स्वतन्त्रता, सामाजिक संरक्षण तथा सामाजिक न्याय सुनिश्चित गर्नका लागि जारी भएका कानूनहरू कार्यान्वयनमा ल्याइएको छ। मुलुकमा राजनीतिक स्थिरता र स्थायित्व कायम भएको छ। फलतः नीतिगत निरन्तरता र कार्यक्रमहरूबीच संगति एवं तिनीहरूको प्रभावकारिता वृद्धि भएको छ।

मानव अधिकारको संरक्षण, संवर्द्धन र प्रवर्द्धनका लागि सरकार प्रतिवद्ध छ। मानव अधिकारका अन्तर्राष्ट्रिय अनुबन्धमा स्वीकार गरिएका दायित्वहरू सरकारले जिम्मेवारीपूर्वक निर्वाह गरेको छ। मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय सन्धिहरूमा व्यवस्था भएबमोजिम विभिन्न राष्ट्रिय प्रतिवेदनहरू तयार भएका छन्। संयुक्त राष्ट्रसंघीय मानव अधिकार परिषद्अन्तर्गतका विशेष समाधीक्षकहरूको १६ वटा प्रतिवेदनमा जबाफ तथा टिप्पणी तयार गरी पठाइएको छ।

भ्रष्टाचारविरुद्ध शून्य सहनशीलताको नीति अपनाइएको छ। भ्रष्टाचारविरुद्धको रणनीतिलाई प्रभावकारी ढंगबाट कार्यान्वयन गरिएको छ। भ्रष्टाचारबाट कसैले पनि उन्मुक्ति नपाउने गरी नीतिगत, कानूनी, प्रशासनिक र संस्थागत व्यवस्थालाई थप सुदृढ बनाइएको छ। भ्रष्टाचारविरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धिको कार्यान्वयनको लागि स्वीकृत रणनीतिक कार्ययोजनाको पारस्परिक मूल्याङ्कन (पियर रिभ्यू) का लागि प्रतिवेदन तयार गरी पठाइएको छ।

सरकारी निकायहरूमा सूचना प्रविधिको प्रयोगलाई विस्तार गर्दै लगिएको छ। गुनासो व्यवस्थापन प्रणालीलाई प्रभावकारी बनाउन हेलो सरकारको नयाँ पोर्टल निर्माण गरी सञ्चालनमा ल्याइएको छ। हेलो सरकारमा यस अवधिमा २ हजार ६ सय ९९ वटा गुनासो प्राप्त भएकोमा

१ हजार २ सय ९५ वटाको फछ्र्यौट गरिएको छ। सार्वजनिक सेवा प्रवाह, विकास निर्माण, अनियमिततासम्बन्धी राष्ट्रिय सतर्कता केन्द्रमा प्राप्त ७ सय ७७ उजूरीहरू छानबिन गरी फछ्र्यौट गरिएको छ। पाँच जिल्लामा सेवाग्राही सन्तुष्टि सर्वेक्षण गरिएको छ।

सामाजिक एवं सांस्कृतिक रूपान्तरण

विभिन्न २८ वटा भाषाको विद्युतीय शब्दकोश निर्माण कार्यका लागि शब्द प्रविष्टि गर्ने कार्य सम्पन्न भएको छ। लोपोन्मुख भाषाहरूको संरक्षण, सम्वर्द्धन तथा अभिलेखीकरणसम्बन्धी अध्ययन अनुसन्धानका लगि २७ वटा भाषाहरूको छनौट गरिएको छ। आदिवासी जनजाति सम्बन्धमा विभिन्न विषयमा लेखिएका १४ वटा उत्कृष्ट ग्रन्थहरूको प्रकाशन गरिएको छ। माझी भाषाको व्याकरण निर्माण गरिएको छ।

विक्रम संवत् २०७२ सालको विनाशकारी भूकम्पबाट क्षतिग्रस्त सांस्कृतिक तथा ऐतिहासिक सम्पदाहरूमध्ये यस अवधिमा ७३ वटा सम्पदाहरूको पुनर्निर्माण गरिएको छ। हालसम्ममा जम्मा ४ सय ५३ वटा त्यस्ता सम्पदाहरूको पुनर्निर्माण सम्पन्न भएको छ। १५ जिल्लाका १९ वटा गुम्बा तथा विहारहरूको मर्मत सम्भार गरिएको छ। मुलुकका विभिन्न स्थानमा रहेका १ सय २१ वटा ऐतिहासिक महत्त्वका गढी तथा किल्लाहरूको पहिचान गरिएको छ। राष्ट्रिय अभिलेखालयमा रहेका अभिलेखहरूमध्ये क्याटलगसहित ८० हजार इमेजहरू डिजिटाइज्ड गरिएको छ।

अर्थ, उद्योग र वाणिज्य

यस आर्थिक वर्षमा रु. ७ खर्ब ९३ अर्ब ७८ करोड राजस्व सङ्कलन भएको छ। चालूतर्फ रु. ७ खर्ब ८४ अर्ब, पूँजीगततर्फ रु. १ खर्ब ९२ अर्ब र वित्तीयतर्फ रु. १ खर्ब १८ अर्ब गरी जम्मा रु. १० खर्ब ९४ अर्ब खर्च भएको छ। अनुदान सहायता रु. ३० अर्ब १० करोड र ऋण रु. १ खर्ब ८९ अर्ब ७७ करोड गरी जम्मा रु. २ खर्ब १९ अर्ब ८८ करोडको अन्तर्राष्ट्रिय आर्थिक सहायता प्रतिबद्धता प्राप्त भएको छ।

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ जारी गरिएको छ। योगदानमा आधारित निवृत्तभरण प्रणाली लागू गरिएको छ। नेपाल सार्वजनिक क्षेत्र लेखामान लागू गरिएको छ। हिमाली तथा उच्च पहाडी जिल्लाहरूमा विनियोजित बजेटमध्ये आर्थिक वर्षको अन्त्यमा

खर्च हुन बाँकी रकम तत्कालै अर्को वर्षको आरम्भदेखि नै खर्च गर्न मिल्ने गरी निकासा गर्ने व्यवस्था मिलाइएको छ। व्यावसायिक प्रयोजनका मालवस्तु तथा ढुवानीका साधनको अनुगमन प्रणाली पूर्ण रूपमा कार्यान्वयनमा ल्याइएको छ। राजस्व चुहावटको कसूरमा ९७ वटा मुद्दामा ३ सय २० जनाबाट रु. १५ अर्ब १५ करोड बिगो असुल उपर गरी जरिबाना र कैद माग दावीसहित अदालतमा मुद्दा दायर गरिएको छ। विदेशी विनिमय अपचलन तथा अवैध हुण्डी कारोबारको कसूरमा २ सय २६ जना विरुद्ध अदालतमा १ सय ४७ वटा मुद्दा दर्ता भएका छन्।

औद्योगिक व्यवसाय ऐन, २०७६ र सेफगार्डस्, एन्टी-डम्पिङ्ग तथा काउण्टरभेलिङ्ग ऐन, २०७६ जारी भएका छन्। यस अवधिमा २ सय ७७ उद्योग दर्ता भई १७ हजार ३ सय ८८ रोजगारीका अवसर सिर्जना भएका छन्। साथै, ३७ हजार २ सय ५० घरेलु तथा साना उद्योग दर्ता भएका छन् र १२ हजार ३ सय लघु उद्यमी सिर्जना भएका छन्। विदेशी लगानीका २ सय २९ उद्योगलाई अनुमति दिइएको छ। यसैगरी, १८ हजार ६ सय ५३ कम्पनीहरू दर्ता भएका छन्। सम्बन्धित स्थानीय तहसँग सम्झौता गरी ४५ वटा औद्योगिक ग्राम निर्माणको कार्यारम्भ गरिएको छ। लगानी-मैत्री वातावरण प्रवर्द्धन गर्न सहयोग पुग्ने गरी एकल बिन्दु सेवा केन्द्र सञ्चालनमा ल्याइएको छ। विभिन्न ५२ वटा उद्योगका उत्पादनलाई नेपाल गुणस्तर इजाजत प्रदान गरिएको छ। व्यापार घाटामा १६.८ प्रतिशतले ह्रास आएको छ। तातोपानी सुख्खा बन्दरगाहको निर्माण सम्पन्न भएको छ।

कृषि र भूमिसुधार

भूमिसम्बन्धी (आठौं संशोधन) ऐन, २०७६ र भू-उपयोग ऐन, २०७६ कार्यान्वयनमा ल्याइएको छ। भूमिसम्बन्धी समस्या समाधान आयोग गठन गरिएको छ। १ सय ६३ वटा स्थानीय तहहरूको भू-उपयोग नक्सा/डाटा र प्रतिवेदन तयार गरिएको छ। विभिन्न व्यक्ति/संस्थाद्वारा अतिक्रमित २ सय ८४ विगाहा जग्गा नेपाल सरकारको नाममा फिर्ता ल्याइएको छ। सगरमाथाको उचाइ आफ्नै जनशक्ति, क्षमता र स्रोतबाट मापन गरिएको छ। यस वर्ष १४ हजार १ सय २ हेक्टर जमिनको नापनक्सा कार्य सम्पन्न गरिएको छ।

धान र उखुको न्यूनतम समर्थन मूल्य तोकिँदै आएकोमा यस आर्थिक वर्षदेखि गहुँ बालीको समेत समर्थन मूल्य तोकिएको छ। आ.व. २०७७/७८ को लागि बाली लगाउनु पूर्व नै धान

बालीको न्यूनतम समर्थन मूल्यसमेत तोकिएको छ। आकस्मिक रोग नियन्त्रणका लागि पशुपन्छी रोग अन्वेषण प्रयोगशालाहरूमा भ्याक्सिन बैंक व्यवस्थापन गरिएको छ। आठ प्रकारका करिब ४ लाख १६ हजार मात्रा खोप उत्पादन तथा प्रयोग गरिएको छ। १ हजार ३ सय ९९ वटा कृषि यन्त्रहरू कृषकहरूलाई अनुदानमा उपलब्ध गराइएको छ। रासायनिक मलको खरिदमा प्रदान गरिने अनुदान रकममा १८.८ प्रतिशतले बजेट वृद्धि गरिएको छ।

विकाससम्बन्धी

"समृद्ध नेपाल, सुखी नेपाली" को राष्ट्रिय आकाङ्क्षालाई मूल आधार मानी विक्रम संवत् २०७९ सम्ममा अति कम विकसित मुलुकबाट विकासशील मुलुकमा, विक्रम संवत् २०८७ सम्ममा दीगो विकासका लक्ष्यहरू हासिल गर्नुका साथै उच्च मध्यम आय भएको मुलुकमा र विक्रम संवत् २१०० सम्ममा समुन्नत मुलुकको रूपमा स्थापित हुने लक्ष्यका साथ पन्ध्रौं योजना (२०७६/७७-२०८०/८१) कार्यान्वयनमा ल्याइएको छ। राष्ट्रिय योजना आयोगमा आयोजना बैंक स्थापना गरिएको छ। हालसम्म करिब ६ हजार ५ सय आयोजनाहरू बैंकमा प्रविष्ट भएका छन्।

यस अवधिमा थप ९ सय ७९ कि.मि. सडक कालोपत्रे स्तरमा र ७ सय ५७ कि.मि. सडक खण्डास्मित स्तरमा स्तरोन्नति गरिएको छ। ३ सय ५२ कि.मि. कालोपत्रे सडक पुनः निर्माण तथा पुनःस्थापना गरिएको छ। साथै, नयाँ ट्रयाक ३ सय ६५ कि.मि., ग्राभेल सडक १ सय ५ कि.मि., र कच्ची (माटे) ग्रामीण सडक ३५.५१ कि.मि. निर्माण गरिएको छ। २ सय १८ वटा पुल निर्माण सम्पन्न गरिएको छ।

काठमाडौं उपत्यकाका नदीहरूलाई प्रदूषणमुक्त बनाउन ८.३३ कि.मि. ढल, १.८२ कि.मि. सडक र १३.०९ कि.मि. तटबन्ध निर्माण गरिएको छ। १३ वटा नगरपालिकाहरूलाई स्मार्ट सिटीको रूपमा विकास गर्न गुरुयोजना तयार भएको छ।

डिजिटल नेपाल फ्रेमवर्क, २०७६ स्वीकृत भई कार्यान्वयनमा आएको छ। अप्टिकल फाइबरमा आधारित "फाइबर टु द होम" (FTTH) सेवा ५२ वटा मुख्य-मुख्य शहर र शहरोन्मुख स्थानहरूमा विस्तार गरिएको छ। 4G सेवा सबै जिल्लाका ४ सय ३१ स्थानीय तहमा विस्तार गरिएको छ।

राष्ट्रिय जनगणना, २०७८ सञ्चालन तथा व्यवस्थापनसम्बन्धी आदेश, २०७६ स्वीकृत भएको छ। पाइलट जनगणना कार्य सम्पन्न गरिएको छ। नेपाल बहु-सूचक सर्वेक्षण सम्पन्न भई प्रमुख नतिजा सार्वजनिक गरिएको छ। राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन, २०७६ जारी भई कार्यान्वयनमा आएको छ। राष्ट्रिय परिचयपत्रका लागि १६ जिल्लाका २ लाख १४ हजार नेपाली नागरिकहरूको विवरण सङ्कलन भएको छ। हालसम्म १ लाख ७५ हजार जनालाई यो परिचयपत्र वितरण गरिएको छ।

प्राकृतिक स्रोत साधनको संरक्षण, संवर्द्धन र उपयोग

यस आर्थिक वर्षमा १ सय ४९ मेगावाट विद्युत राष्ट्रिय प्रसारण प्रणालीमा थप भएको छ। थप ४ लाख ३४ हजार घरधुरीमा विद्युतको पहुँच विस्तार भएको छ। २ सय ८५ सर्किट किलोमिटर प्रसारण लाइन थप निर्माण भएको छ। १० हजार ६ सय ८२ वटा सौर्य विद्युत प्रणाली र ९ हजार ३ सय ९७ वटा घरेलु सौर्य विद्युत प्रणाली थप जडान गरिएको छ।

आधारभूत स्तरको खानेपानी सेवा र उच्च तथा मध्यम स्तरको खानेपानी सेवाबाट लाभान्वित जनसंख्या यस आर्थिक वर्षमा दुई-दुई प्रतिशतले वृद्धि भई क्रमशः ९१ प्रतिशत र २३ प्रतिशत पुगेको छ। आधारभूत सरसफाइ सेवाबाट लाभान्वित जनसंख्या एक प्रतिशतले वृद्धि भई शत प्रतिशत पुगेको छ। नेपाललाई खुला दिसा मुक्त राष्ट्र घोषणा गरिएको छ। सिँचाइ सुविधा थप ५ हजार ५ सय ६७ हेक्टर जमिनमा पुगेको छ।

यस आर्थिक वर्षमा २ करोड ३४ लाख बिरुवा उत्पादन गरी २ हजार ९ सय ७३ हेक्टर जमिनमा वृक्षारोपण गरिएको छ। वन क्षेत्रको कुल क्षेत्रफल ४४.७४ प्रतिशत पुगेको छ। २३.३९ प्रतिशत भू-भाग संरक्षित क्षेत्र प्रणालीअन्तर्गत व्यवस्थापन गरिएको छ। यस आर्थिक वर्षमा ७ सय ९७ हेक्टर वन अतिक्रमण हटाई वनको पुनःस्थापना गरिएको छ।

भूकम्पबाट क्षतिग्रस्त निजी घरहरूमध्ये यस आर्थिक वर्षको अन्त्यसम्ममा ५ लाख ८ हजार १ सय ४१ घरहरूको पुनर्निर्माण गरिएको छ। भूकम्पबाट क्षतिग्रस्त संरचनाहरूमध्ये थप विद्यालय भवन ९ सय ५५ वटा, स्वास्थ्य संस्थाका भवन ३३ वटा, पुरातात्त्विक सम्पदा ७३ वटा र सुरक्षा निकायका भवन २४ वटाको पुनर्निर्माण गरिएको छ। भूकम्पबाट जोखिमयुक्त देखिएका १ हजार १ सय ३ वटा बस्तीहरूमा रहेका ४ हजार ६ सय ८९

लाभग्राहीहरूमध्ये ३ हजार ९८ लाभग्राहीहरूलाई सुरक्षित स्थानमा बसोबासको व्यवस्था मिलाइएको छ।

नागरिकका आधारभूत आवश्यकता

राष्ट्रिय शिक्षा नीति, २०७६ र राष्ट्रिय विज्ञान, प्रविधि तथा नवप्रवर्तन नीति, २०७६ जारी भएका छन्। १ सय २६ स्थानीय तहहरूमा आधारभूत तहको विद्यालय उमेर समूह (५-१२ वर्ष) का बालबालिकाहरू विद्यालय बाहिर नरहेको घोषणा भएको छ। थप एक सय सामुदायिक विद्यालयलाई नमूना विद्यालयको रूपमा विकास गरिएको छ।

देशका ५८ जिल्लालाई पूर्ण खोपयुक्त जिल्ला घोषणा गरिएको छ। २३ लाख ७५ हजार दम्पतिलाई परिवार नियोजन सेवा प्रदान गरिएको छ। ६ लाख ६९ हजार ७ सय ३६ जना गर्भवती महिलाहरूलाई गर्भ जाँच र ३ लाख ९६ हजार ६ सय ५१ जनालाई स्वास्थ्य संस्थामा प्रसूति गराइएको छ। स्वास्थ्य बीमा कार्यक्रम विस्तार गरी ५८ जिल्लाका ५ सय ६३ स्थानीय तहमा लागू भएको छ।

विश्वव्यापी महामारीको रूपमा फैलिएको कोभिड-१९ को रोकथाम, नियन्त्रण र उपचार गर्ने कार्यलाई प्रमुख प्राथमिकतामा राखी विभिन्न नीतिगत, कानूनी तथा संस्थागत व्यवस्था गरिएको छ। सरकारले अवलम्बन गरेको स्पष्ट रणनीति, समन्वयात्मक कार्यशैली एवं सबै नेपालीको एकता, धैर्यता र सहयोगले संक्रमणको स्थिति नियन्त्रण बाहिर गएको छैन।

श्रम तथा रोजगार

प्रधानमन्त्री रोजगार कार्यक्रमअन्तर्गत प्रत्येक स्थानीय तहमा रोजगार सेवा केन्द्रको स्थापना तथा बेरोजगार व्यक्तिहरूको सूचीकरण गर्ने कार्य भएको छ। बेरोजगार सूचीकरण तथा प्राथमिकीकरण मार्गदर्शन, २०७६ लागू गरिएको छ। अनौपचारिक क्षेत्रका ३ लाख ८४ हजार ६ सय ३० जना बेरोजगार व्यक्तिहरू स्थानीय तहको रोजगार सेवा केन्द्रमा सूचीकृत भएका छन्। ७ सय १ स्थानीय तहका ८७ हजार ७ सय ५७ जना व्यक्तिहरूले रोजगारी पाएका छन्।

विभिन्न विषयगत क्षेत्रमा ७ हजार २ सय ३७ जनालाई रोजगारमूलक तालिम उपलब्ध गराइएको छ। सामाजिक सुरक्षा कोषमा जम्मा गर्ने प्रयोजनको लागि यस आर्थिक वर्षसम्ममा १ लाख ६८ हजार २ सय ४२ श्रमिक र १२ हजार ४ सय ७८ रोजगारदाताहरू सूचीकृत भएका छन्। यसअन्तर्गत करिब १ अर्ब ६२ करोड योगदान रकम सङ्कलन भइसकेको छ। सामाजिक सुरक्षा सूचना प्रणाली तयार गरी सञ्चालनमा ल्याइएको छ।

वैदेशिक रोजगार नियमावली, २०६४ मा संशोधन गरिएको छ। श्रमिक सूचना बैंक स्थापना र श्रम (वित्तीय) बैंक गठनसम्बन्धी अध्ययन गरी प्रतिवेदनहरू प्राप्त भएका छन्। नेपाल र मलेसिया एवं नेपाल र संयुक्त अरब इमिरेट्सबीच श्रमिकको लागत रोजगारदाताबाटै ब्यहोर्ने गरी भएको श्रम समझदारी पत्रको कार्यान्वयन भएको छ। दक्ष जनशक्ति उत्पादन गरी उचित पारिश्रमिक र सुरक्षित रोजगारीमा जाने अवस्था सिर्जना गर्न तालिम मोड्युल विकास गरी सीपको स्तर जाँच गर्ने पाठ्यक्रम विकास गरिएको छ।

सामाजिक न्याय र समावेशीकरण

सबै स्थानीय तहमा लैङ्गिक हिंसा निवारण कोष स्थापना तथा विस्तार भएको छ। देशभर ६ हजार ९ वटा लैङ्गिक हिंसा नियन्त्रण समिति गठन गरी परिचालन गरिएको छ। राष्ट्रपति महिला उत्थान कार्यक्रमअन्तर्गत सुत्केरी हुन नसकी जोखिमपूर्ण स्थितिमा रहेका ७८ जना गर्भवती महिलाहरूलाई हेलिकोप्टरबाट आपतकालीन उद्धार गरी सुरक्षित रूपमा प्रसूति हुने स्वास्थ्य संस्थामा पुऱ्याइएको छ। ५ सय ८२ जना सडक बालबालिकाको उद्धार गरी २ सय २८ जनालाई परिवारमा पुनर्मिलन गराइएको छ। हराएका र बेवारिस अवस्थामा फेला परेका समेत २ हजार ५ सय ३६ जना बालबालिकाको उद्धार, संरक्षण र परिवारमा पुनर्मिलन तथा बालगृहमा पुनःस्थापना गरिएको छ। घाइते तथा अपाङ्गता भएका १ हजार २ सय १० जनाको घाइते तथा अपाङ्गताको प्रतिशत निर्धारण तथा वर्गीकरण गरिएको छ। २ सय ५३ जना असहाय ज्येष्ठ नागरिकहरूको संरक्षण गरिएको छ। २९ लाख ५९ हजार लाभग्राहीलाई सामाजिक सुरक्षा भत्ता वितरण गरिएको छ। सबै स्थानीय तहमा व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षाको लागि सेवा एकाइ स्थापना गरिएको छ।

गरिब परिवार पहिचान कार्यक्रम थप ११ जिल्लामा सञ्चालन गरिएको छ। विगत वर्षमा शुरु गरिएका १२ जिल्लासमेत हालसम्म २३ जिल्लामा सो कार्यक्रम सञ्चालन भएको छ। आर्थिक वर्षको अन्त्यसम्म ९ लाख ५० हजार घर परिवारको तथ्याङ्क प्राप्त भएको छ।

तेह्रौं दक्षिण एशियाली खेलकुद प्रतियोगिता र अन्य अन्तर्राष्ट्रिस्तरका विभिन्न पाँच वटा खेलकुद प्रतियोगिताहरू आयोजना गरिएको छ। तीन सय जना युवा वैज्ञानिकहरूको सहभागितामा प्रदेश नं. ५ मा विज्ञान तथा प्रविधिसम्बन्धी युवा सम्मेलन सम्पन्न भएको छ।

न्याय र दण्ड व्यवस्था

यस वर्ष विभिन्न २० ऐन र तीन नियमावलीहरू जारी गरिएका छन्। एकीकृत कानूनी सहायता नीति, २०७६ स्वीकृत भएको छ। फौजदारी कसूरमा पीडितले पीडकबाट सम्भव नभए जिल्ला अदालतबाटै राहत वा क्षतिपूर्ति पाउने व्यवस्था गरिएको छ। संघ र प्रदेश कानूनहरूबीच तादात्म्य र अन्तरसम्बन्धको अध्ययन गरी त्यस्तो अन्तरसम्बन्धलाई थप प्रभावकारी बनाउन अवलम्बन गर्नुपर्ने उपायको पहिचान गरी प्रतिवेदन तयार गरिएको छ। काठमाडौं उपत्यका बाहिर दुई जिल्लामा विधि विज्ञान प्रयोगशाला स्थापना गरिएको छ। महान्यायाधिवक्ताको कार्यालयमा तथा मातहतका सरकारी वकील कार्यालयहरूमा महिला तथा बालबालिका एकाइको स्थापना गरिएको छ।

सत्य निरूपण तथा मेलमिलाप आयोगद्वारा विभिन्न मुकामबाट प्रारम्भिक अध्ययन भई सिफारिस भएका ३ हजार ७ सय ८७ उजुरीहरूको निर्णय प्रक्रियामा लैजान कारबाही भइरहेको छ। बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगमा हालसम्म ३ हजार १ सय ९७ वटा उजूरीहरू दर्ता भई प्रारम्भिक छानबिनको कार्य सम्पन्न भएको छ।

पर्यटन

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको क्षमता विस्तार गर्ने र सेन्टरलाइन लाइट जडान गर्ने कार्य सम्पन्न भएका छन्। थप दुई वटा वाइडबडी जहाज पार्किङ गर्न मिल्ने पार्किङ् वे निर्माण गरी एप्रोन विस्तार गरिएको छ। तीन सय मिटर धावन मार्ग विस्तार भएको छ।

गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलको ९१ प्रतिशत र पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलको ६२ प्रतिशत समग्र कार्य सम्पन्न भएको छ। पोखरा विमानस्थलको जग्गा अधिग्रहणसम्बन्धी कार्य अन्तिम चरणमा पुगेको छ। चन्द्रगढी, विराटनगर, जनकपुर भरतपुर र धनगढी विमानस्थलको विकास र स्तरोन्नतिको कार्य सम्पन्न भएको छ। नेपाल वायु सेवा निगमका थप भएका दुई वटा वाइडबडी जहाजसहित चार वटा जहाजबाट विभिन्न अन्तर्राष्ट्रिय गन्तव्यमा नियमित उडान सेवा सञ्चालन भएको छ।

अन्तर्राष्ट्रिय सम्बन्ध

सम्माननीय राष्ट्रपतिबाट म्यान्मार र जापान भ्रमण, सम्माननीय प्रधानमन्त्रीबाट असंलग्न राष्ट्रहरूको बाकुमा भएको १८औं शिखर सम्मेलनमा सहभागितालगायत विभिन्न ११ वटा मुलुकमा विभिन्न उच्चस्तरीय वैदेशिक भ्रमण भएको छ। यसैगरी २३ वर्ष पछि मित्रराष्ट्र चीनका महामहिम राष्ट्रपतिको नेपाल भ्रमण सम्पन्न भएको छ। यसका अतिरिक्त अन्य विभिन्न मुलुक/निकायका ११ जना विदेशी उच्च पदाधिकारीहरूद्वारा नेपालको भ्रमण भएको छ। यी भ्रमणहरूबाट नेपाल र छिमेकी लगायत अन्य मित्रराष्ट्रहरूबीचको सम्बन्ध थप सुदृढ र प्रगाढ भएको छ।

सेन्ट लुसिया र घानासँग नेपालको कूटनीतिक सम्बन्ध स्थापना भएसँगै हालसम्म १ सय ६८ मुलुकसँग नेपालको कूटनीतिक सम्बन्ध विस्तार भएको छ। नेपालले संयुक्त राष्ट्रसंघ सुरक्षा परिषद्को अस्थायी सदस्य पदमा सन् २०३७-३८ अवधिका लागि उम्मेदवारी दिएको छ। यस वर्ष नेपाल संयुक्त राष्ट्रसंघको ७५औं महासभाको आर्थिक तथा वित्तीय समितिको अध्यक्ष, विश्व व्यापार संगठन अन्तर्गतको विस्तारित ढाँचामा सन् २०२१ सम्मको लागि अध्यक्ष, १ जनवरी २०२० देखि लागू हुने गरी कोलम्बो प्लान परिषद्को अध्यक्ष र व्यापार र विकाससम्बन्धी संयुक्त राष्ट्रसंघीय सम्मेलनको व्यापार तथा विकास बोर्डको उपाध्यक्षमा चयन भएको छ। विभिन्न मुलुकमा आर्थिक कूटनीतिका चार सयभन्दा बढी कार्यक्रमहरू सम्पन्न भएका छन्।

परिच्छेद- एक
परिचय

१.१ पृष्ठभूमि

राज्य सञ्चालनमा मार्गनिर्देशन गर्न नेपालको संविधानको भाग ४ मा राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्वहरूको व्यवस्था गरिएको छ। यी सिद्धान्त, नीति तथा दायित्वहरूको कार्यान्वयन गर्नु गराउनु राज्यको कर्तव्य हो। राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्वहरूको कार्यान्वयनले नागरिकका संविधानप्रदत्त मौलिक हकहरूको वास्तविक उपभोगको सुनिश्चितता हुन्छ र आर्थिक समृद्धि, सुशासन, सामाजिक न्याय र समतामूलक समाजको निर्माणमा टेवा पुग्छ।

उपलब्ध स्रोत साधनको अधिकतम परिचालन गरी संविधानको मर्म र भावनाअनुसार नेपाल सरकारले यी निर्देशक सिद्धान्त, नीति तथा दायित्वहरूको कार्यान्वयनका लागि गरेका कामहरूको जानकारी सार्वभौम नागरिकलाई गराई उनीहरूलाई सरकारको मूल्याङ्कन गर्ने अवसर प्रदान गर्नुपर्छ भन्ने मान्यता रहेको छ। नेपालको संविधानको धारा ५३ ले यससम्बन्धी वार्षिक प्रतिवेदन नेपाल सरकारले सम्माननीय राष्ट्रपति समक्ष पेश गर्ने र सम्माननीय राष्ट्रपतिले सो प्रतिवेदन प्रधानमन्त्रीमार्फत संघीय संसदसमक्ष पेश गर्ने व्यवस्था गरेको छ। साथै, शासकीय सुधार र सुशासन सम्बन्धमा भए गरेका उल्लेखनीय प्रगतिसम्बन्धी प्रतिवेदन प्रधानमन्त्रीले संघीय संसद्समक्ष पेश गर्नुपर्ने व्यवस्था सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा ४१ मा गरिएको छ।

नेपालको संविधान र सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ ले निर्दिष्ट गरे अनुसार राज्यका निर्देशक सिद्धान्त, नीति एवं दायित्वहरूको कार्यान्वयनका लागि आर्थिक वर्ष २०७६/७७ मा नेपाल सरकारले गरेका कार्य र त्यसबाट हासिल भएका उपलब्धि एवं शासकीय सुधार र सुशासन सम्बन्धमा भए गरेका काम कारबाहीलाई समेटी यो वार्षिक प्रतिवेदन तयार गरिएको छ। वर्तमान संविधान जारी भएपछि तयार गरिएको यो पाँचौं प्रतिवेदन हो।

१.२ उद्देश्य

संविधानमा निर्दिष्ट गरिएका राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्वको कार्यान्वयनका क्रममा नेपाल सरकारले आर्थिक वर्ष २०७६/७७ मा गरेका कार्यहरू एवं त्यसबाट प्राप्त उपलब्धिहरूका सम्बन्धमा सम्माननीय राष्ट्रपति मार्फत संघीय संसदसमक्ष र शासकीय सुधार

तथा सुशासन सम्बन्धमा भए गरेका उल्लेखनीय प्रगतिसम्बन्धी वस्तुस्थिति विवरण संघीय संसद्समक्ष प्रस्तुत गरी सार्वभौम नेपाली नागरिकप्रतिको उत्तरदायित्व निर्वाह गर्ने उद्देश्यले यो प्रतिवेदन तयार गरिएको हो।

१.३ प्रतिवेदनको सीमा

यस प्रतिवेदनमा संविधानबमोजिम गठित संवैधानिक निकायहरूबाट सम्पादित कार्यहरूका सम्बन्धमा संविधानको धारा २९४ बमोजिम छुट्टाछुट्टै प्रतिवेदन पेश हुने संवैधानिक व्यवस्था भएकोले ती निकायबाट नै सम्माननीय राष्ट्रपतिसमक्ष पेश हुने नै छ। साथै, न्यायपालिका र व्यवस्थापिकाबाट सम्पादित कार्यहरू तत् तत् निकायबाट नै प्रस्तुत हुने व्यवस्थाअनुसार ती निकायबाट सम्पादित कार्य र उपलब्धिहरूलाई यस प्रतिवेदनमा समावेश गरिएको छैन। नेपाल सरकारका तर्फबाट आर्थिक वर्ष २०७६/७७ मा सम्पादन गरिएका नीतिगत, कानूनी, संस्थागत, योजनागत एवं कार्यक्रमगत उपलब्धिका विषयहरूलाई मात्र यस प्रतिवेदनमा समावेश गरिएको छ।

१.४ प्रतिवेदन तयारी विधि

यो प्रतिवेदन तयार गर्ने क्रममा आर्थिक वर्ष २०७६/७७ मा सबै मन्त्रालय र केन्द्रीय निकायहरूबाट राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वको कार्यान्वयनका सम्बन्धमा भए गरेका कार्यहरू र तिनबाट प्राप्त उपलब्धि सहितको विवरण प्राप्त गरिएको र सोही विवरणलाई एकीकृत एवं विश्लेषण गरी प्रस्तुत प्रतिवेदन तयार गरिएको छ। यसरी मस्यौदा गरिएको एकीकृत विवरणका सम्बन्धमा मन्त्रालय/निकायहरूसँग विभिन्न चरणमा परामर्श गरी परिमार्जनसहित प्रतिवेदनलाई अन्तिम रूप दिइएको छ।

१.५ प्रतिवेदनको संरचना

प्रस्तुत प्रतिवेदन तीनवटा परिच्छेदहरूमा विभाजन गरिएको छ। परिच्छेद- १ मा प्रतिवेदनको पृष्ठभूमि, उद्देश्य, प्रतिवेदनको सीमा र प्रतिवेदन तयारी विधि उल्लेख गरिएका छन्। परिच्छेद- २ मा राज्यले अङ्गीकार गरेका निर्देशक सिद्धान्त तथा नीति कार्यान्वयनका लागि नेपाल सरकारले आर्थिक वर्ष २०७६/७७ मा सम्पादन गरेका क्रियाकलापहरू एवं हासिल गरेका उपलब्धिहरू प्रस्तुत गरिएको छ। परिच्छेद- ३ मा उपसंहार रहेको छ।

परिच्छेद- दुई

राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्वहरूको कार्यान्वयन अवस्था र उपलब्धि

२.१ राज्यका निर्देशक सिद्धान्त

नेपालको संविधानको धारा ५० मा राज्यका निर्देशक सिद्धान्त अन्तर्गत राज्यका राजनीतिक उद्देश्य, सामाजिक र सांस्कृतिक उद्देश्य, आर्थिक उद्देश्य एवं अन्तर्राष्ट्रिय सम्बन्धसम्बन्धी उद्देश्यहरू उल्लेख गरिएको छ। आवधिक योजना, मध्यमकालीन खर्च संरचना, वार्षिक नीति तथा कार्यक्रम एवं बजेटको तर्जुमा तथा कार्यान्वयन गर्दा संविधानले अङ्गीकार गरेका राज्यका यी निर्देशक सिद्धान्तहरूलाई आत्मसात् गर्ने गरिएको छ। यी सिद्धान्तहरूलाई मार्गदर्शनका रूपमा अनुसरण गर्ने र नीति कार्यान्वयनबाट हासिल हुने उपलब्धिको आधारमा राज्यको कार्यकुशलता मापन गरिने भएकाले राज्यका निर्देशक सिद्धान्तहरू तथा ती सिद्धान्तअन्तर्गत रहेका नीतिहरूको व्यवस्था उल्लेख गर्दै निर्देशक सिद्धान्तहरू एवं नीतिहरूको कार्यान्वयनका सन्दर्भमा भए गरेका कार्य र प्राप्त उपलब्धिहरूको विवरण यस परिच्छेदमा क्रमशः उल्लेख गरिएको छ। राज्यका निर्देशक सिद्धान्तअन्तर्गत राज्यका राजनीतिक उद्देश्य, सामाजिक र सांस्कृतिक उद्देश्य, आर्थिक उद्देश्य एवं अन्तर्राष्ट्रिय सम्बन्धसम्बन्धी उद्देश्यहरू निम्नानुसार रहेका छन्।

(१) नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता र स्वाधीनतालाई सर्वोपरि राख्दै नागरिकको जीउ, धन, समानता र स्वतन्त्रताको संरक्षण गरी कानूनको शासन, मौलिक हक तथा मानव अधिकारका मूल्य र मान्यता, लैङ्गिक समानता, समानुपातिक समावेशीकरण, सहभागिता र सामाजिक न्यायको माध्यमबाट राष्ट्रिय जीवनका सबै क्षेत्रमा न्यायपूर्ण व्यवस्था कायम गर्दै लोककल्याणकारी राज्यव्यवस्थाको स्थापना गर्ने तथा परस्पर सहयोगमा आधारित संघीयताका आधारमा संघीय एकाइहरू बीचको सम्बन्ध सञ्चालन गर्दै स्थानीय स्वायत्तता र विकेन्द्रीकरणको आधारमा शासन व्यवस्थामा समानुपातिक सिद्धान्तलाई आत्मसात् गर्दै लोकतान्त्रिक अधिकारको उपभोग गर्न पाउने

अवस्था सुनिश्चित गर्न संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था सुदृढ गर्ने राज्यको राजनीतिक उद्देश्य हुनेछ।

(२) धर्म, संस्कृति, संस्कार, प्रथा, परम्परा, प्रचलन वा अन्य कुनै पनि आधारमा हुने सबै प्रकारका विभेद, शोषण र अन्यायको अन्त्य गरी सभ्य र समतामूलक समाजको निर्माण गर्ने एवं राष्ट्रिय गौरव, लोकतन्त्र, जनपक्षीयता, श्रमको सम्मान, उद्यमशीलता, अनुशासन, मर्यादा र सहिष्णुतामा आधारित सामाजिक सांस्कृतिक मूल्यहरूको विकास गर्ने तथा सांस्कृतिक विविधताको सम्मान गर्दै सामाजिक सद्भाव, ऐक्यबद्धता र सामञ्जस्य कायम गरी राष्ट्रिय एकता सुदृढ गर्ने राज्यको सामाजिक र सांस्कृतिक उद्देश्य हुनेछ।

(३) सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता तथा विकास मार्फत उपलब्ध साधन र स्रोतको अधिकतम परिचालनद्वारा तीव्र आर्थिक वृद्धि हासिल गर्दै दिगो आर्थिक विकास गर्ने तथा प्राप्त उपलब्धिहरूको न्यायोचित वितरण गरी आर्थिक असमानताको अन्त्य गर्दै शोषणरहित समाजको निर्माण गर्न राष्ट्रिय अर्थतन्त्रलाई आत्मनिर्भर, स्वतन्त्र तथा उन्नतिशील बनाउँदै समाजवाद उन्मुख स्वतन्त्र र समृद्ध अर्थतन्त्रको विकास गर्ने राज्यको आर्थिक उद्देश्य हुनेछ।

(४) नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधीनता र राष्ट्रिय हितको रक्षा गर्दै सार्वभौमिक समानताका आधारमा अन्तर्राष्ट्रिय सम्बन्ध कायम गरी विश्व समुदायमा राष्ट्रिय सम्मानको अभिवृद्धि गर्नेतर्फ राज्यको अन्तर्राष्ट्रिय सम्बन्ध निर्देशित हुनेछ।

२.२ राज्यका नीतिहरू कार्यान्वयनको अवस्था र उपलब्धिहरू

संविधानको धारा ५१ को खण्ड (क) देखि (ङ) सम्मका विभिन्न १३ शीर्षकहरूमा राज्यका नीतिहरूको उल्लेख गरिएको छ। ती नीतिहरू एवं राज्यका निर्देशक सिद्धान्त तथा दायित्वहरूको कार्यान्वयनको अवस्थालाई समग्रमा देहायमा उल्लेख गरिएको छ।

२.२.१ राष्ट्रिय एकता र सुरक्षासम्बन्धी नीति

राष्ट्रिय एकता र राष्ट्रिय सुरक्षाका सम्बन्धमा नेपालको संविधानको धारा ५१ को खण्ड (क) ले निम्नलिखित नीतिहरूको व्यवस्था गरेको छः

(१) नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता र स्वाधीनताको संरक्षण गर्दै राष्ट्रिय एकता अक्षुण्ण राख्ने।

(२) विभिन्न जात, जाति, धर्म, भाषा, संस्कृति र सम्प्रदायबीच पारस्परिक सद्भाव, सहिष्णुता र ऐक्यबद्धता कायम गरी संघीय एकाइ बीच परस्परमा सहयोगात्मक सम्बन्ध विकास गर्दै राष्ट्रिय एकता प्रवर्द्धन गर्ने।

(३) राष्ट्रिय सुरक्षा प्रणालीको विकास गरी शान्ति सुरक्षाको व्यवस्था गर्ने।

(४) सर्वाङ्गीण मानवीय सुरक्षाको प्रत्याभूति गर्ने।

(५) राष्ट्रिय सुरक्षा नीतिका आधारमा नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल लगायत सबै सुरक्षा निकायलाई सबल, सुदृढ, व्यावसायिक, समावेशी र जनउत्तरदायी बनाउने।

(६) राष्ट्रिय आवश्यकता अनुरूप नागरिकलाई राष्ट्रको सेवा गर्न तत्पर र सक्षम बनाउने।

(७) पूर्व कर्मचारी, सैनिक र प्रहरी लगायतका पूर्व राष्ट्रसेवकहरूमा रहेको ज्ञान, सीप र अनुभवलाई राष्ट्र हितमा समुचित उपयोग गर्ने।

राष्ट्रिय एकता र राष्ट्रिय सुरक्षासम्बन्धी नीतिहरूको कार्यान्वयनबाट प्राप्त प्रमुख उपलब्धिहरू

नेपालको संविधानमा व्यवस्था गरिएको राष्ट्रिय एकता र राष्ट्रिय सुरक्षासम्बन्धी नीतिहरूको कार्यान्वयनका लागि राष्ट्रिय सुरक्षा एवं आन्तरिक सुरक्षा, सुरक्षा निकायहरूको व्यावसायीकरण तथा आधुनिकीकरण, अपराध नियन्त्रण लगायतका क्षेत्रहरूमा यस अवधिमा निम्नलिखित कार्यहरू गरी देहायबमोजिमका उपलब्धिहरू हासिल भएका छन्:

(१) राष्ट्रिय सुरक्षा

(क) **नीतिगत तथा कानूनी सुधारः** देशको स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधीनता र सामाजिक सद्भावलाई अक्षुण्ण राख्दै राष्ट्रिय सुरक्षा प्रणालीलाई प्रभावकारी बनाउन जारी गरिएको राष्ट्रिय सुरक्षा नीति, २०७५ कार्यान्वयन कार्ययोजना स्वीकृत भई कार्यान्वयनमा ल्याइएको छ। नेपाली सेनाभित्र कार्यरत विभिन्न सेवा वा समूहका सकल दर्जाहरूको वृत्ति विकास लगायतका विविध विषयहरूलाई सम्बोधन गर्न सैनिक प्राड सेवा (पहिलो संशोधन)

नियमावली, २०७६ स्वीकृत भएको छ। त्यसैगरी सैनिक हवाई सेवा (पहिलो संशोधन) नियमावली, २०७६ र सैनिक विविध सेवा (पहिलो संशोधन) नियमावली, २०७६ जारी गरिएको छ।

(ख) **नेपालको नक्सा प्रकाशनः** सुगौली सन्धि एवं ऐतिहासिक तथ्य र प्रमाणका आधारमा नावी, कुटी, गुञ्जी लगायत काली (महाकाली) नदीपूर्वको लिम्पियाधुरा, लिपुलेक र कालापानी क्षेत्र समावेश भएको नेपालको राजनीतिक तथा प्रशासनिक नक्सा प्रकाशन गरिएको छ। नेपालको संविधानको दोस्रो संशोधनबाट नेपालको अद्यावधिक नक्सा र निशाना छापसमेत तदनुरूप परिवर्तन गरी प्रयोगमा ल्याइएको छ।

(ग) **सीमा व्यवस्थापनः** नेपालको अन्तर्राष्ट्रिय सीमा समस्या र समाधानका लागि सुझावहरू सहितको प्रतिवेदन प्राप्त भई कार्यान्वयनमा ल्याइएको छ। नेपाल भारत सीमामा ४ सय १० वटा नयाँ सीमास्तम्भ निर्माण र ६५ वटा सीमास्तम्भ मर्मत गरिएको छ। सीमा सुरक्षा व्यवस्थापनका लागि सशस्त्र प्रहरी वल, नेपालको बोर्डर आउट पोस्ट ३६ वटा थप भई कुल संख्या १४३ पुगेको छ। सीमा क्षेत्रमा १० वटा पी.टी.जेड. क्यामेरा जडान गरिएको छ।

(घ) **नेपाली सेनाको व्यवसायीकरण, आधुनिकीकरण र क्षमता अभिवृद्धिः** बङ्करदेखि ब्यारेक कार्यक्रम अन्तर्गत १ सय २४ वटा भौतिक संरचनाको निर्माण गरिएको छ। नेपाली सेनालाई एम २८ स्काई ट्रक दुई, ट्रेनर जहाज दुई, ए डब्ल्यू १३९ भी.भी.आई.पी. भर्सन हेलिकप्टर एक र सी. (एन) २३५ कासा जहाज एक उपलब्ध भई विभिन्न विपद् प्रभावित व्यक्तिहरूको उद्धार तथा राहत र कोभिड-१९ रोगको संक्रमण नियन्त्रण लगायतका कार्यमा प्रयोग भइरहेको छ।

गोलीगट्टा, विस्फोटक पदार्थ लगायतका सैन्य सामग्रीमा आत्मनिर्भर हुँदै जाने दीर्घकालीन योजना अनुरूप ७.६२ मि.मि. प्राइमर इन्सर्टिङ्, रिभिटिङ् र लोडिङ् मेशिन उपलब्ध गराइएको छ। ड्रइङ् मेशिन र बुलेट वेइङ् मेशिन खरिदको लागि सम्झौता सम्पन्न भएको छ। साथै, ब्रास मेल्टिङ् प्लान्ट स्थापनाको लागि मेशिनहरू प्राप्त भएको छ। तालिमहरूलाई प्रभावकारी बनाउन आवश्यक तालिम केन्द्र, तालिम सामग्री, तालिम इलाका, फायरिङ् रेन्ज आदिको विकास तथा विस्तार गर्ने योजनालाई निरन्तरता दिइएको छ। सैनिक कर्मचारीहरूको वृत्ति विकास

तथा पेशागत ज्ञान र क्षमता अभिवृद्धिका लागि विभिन्न दर्जाका ३५ हजार १ सय ३५ जनालाई स्वदेशमा र ५ सय ५९ जनालाई विदेशमा विभिन्न तालिमहरू प्रदान गरिएको छ।

(ङ) **विज्ञ समूह र सीमा निरीक्षण समिति गठनः** नेपाल-भारत सीमासम्बन्धी प्रमाण सङ्कलनका लागि विज्ञ समूह र नेपाल-भारत सीमा निरीक्षण समितिको गठन गरिएको छ। सीमा निरीक्षण समितिबाट २७ जिल्लाहरूको भारतसँग जोडिएको सीमा निरीक्षण सम्पन्न गरी सुझाव सहितको एक विस्तृत प्रतिवेदन प्राप्त भएको छ।

(च) **राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालयः** राष्ट्रिय सुरक्षा एवं प्रतिरक्षासम्बन्धी विषयमा अध्ययन, अनुसन्धान गर्न राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालय स्थापनाको लागि राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालय पूर्वाधार निर्माण समिति (गठन) आदेश, २०७६ जारी गरिएको छ। विश्वविद्यालय स्थापना गर्न काभ्रेपलाञ्चोक जिल्लाको साँगा भङ्ग्याङमा करिब ७ सय ५० रोपनी जग्गा उपलब्ध गराई आधारभूत भौतिक संरचना निर्माणको कार्य प्रारम्भ गरिएको छ।

(२) आन्तरिक सुरक्षा

(क) **नीतिगत तथा कानूनी सुधारः** कारागारसम्बन्धी प्रचलित कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक र अध्यागमन व्यवस्थापन सम्बन्धी विधेयक संघीय संसदमा पेश गरिएको छ। नेपाल प्रहरी र प्रदेश प्रहरी (संचालन, सुपरीवेक्षण र समन्वय) ऐन, २०७६ जारी भएको छ। एपीएफ कमाण्ड तथा स्टाफ तालिमको प्रवेश परीक्षासम्बन्धी कार्यविधि, २०७६ स्वीकृत भएको छ। साथै, हातहतियार खरखजानासम्बन्धी विधेयक तयार भएको छ। केन्द्रीयस्तरमा एकीकृत रणनीतिक सुरक्षा योजना तर्जुमा भएको छ।

(ख) **शान्ति सुरक्षा सुदृढीकरणः** शान्ति सुरक्षाको स्थिति थप सुदृढ भएको छ। दैनिक परिचालन, गस्ती जस्ता क्रियाकलापमा नेपाल प्रहरीको भौतिक उपस्थिति दर १७.८९ प्रतिशतले वृद्धि भएको छ। प्रति प्रहरी र जनताबीचको अनुपात ३ सय ९० पुगेको छ।

(ग) **सुरक्षा निकायहरूको सबलीकरण र व्यावसायीकरणः** सशस्त्र प्रहरी बल, नेपालबाट १ सय ८४ वटा तालिम सम्पन्न भएका छन्। नेपाल प्रहरीको क्षमता अभिवृद्धि र सीप विकास गर्नका लागि ४३ हजार ८ सय ४ जना प्रहरी कर्मचारीलाई तालिम प्रदान गरिएको छ।

(घ) **अध्यागमन व्यवस्थापनः** नेपाल भित्रिने र बाहिरिने सबै विदेशीहरूको जैविक सूचना सहितको नेपाली पोर्ट नामक अध्यागमन सूचना प्रणाली कार्यान्वयनमा ल्याइएको छ। विदेशस्थित ३९ वटा नेपाली नियोगहरूबाट समेत उक्त प्रणालीमार्फत भिसा जारी गर्ने गरी सम्पूर्ण तयारी पूरा भएको छ। अध्यागमन सम्बद्ध डाटाको सुरक्षाको लागि राष्ट्रिय सूचना प्रविधि केन्द्रमा पहिलो तहको र हेटौंडामा दोस्रो तहको डाटा सेन्टर स्थापना गरिएको छ।

(३) अपराध नियन्त्रण

(क) **सीसीटीभी जडानः** बढी अपराध र चोरी हुने स्थानहरू पहिचान गरी विभिन्न स्थानमा थप ६ हजार ५ सय १० वटा सीसीटीभी क्यामेरा जडान गरिएको छ।

(ख) **फरार अभियुक्त पक्राउः** यस अवधिमा १ हजार ९ सय ७५ जना फरार अभियुक्तहरू पक्राउ गरिएको छ।

(ग) **अपराध अनुसन्धानः** विभिन्न प्रकृतिका ४१ हजार ८ सय ९८ वटा मुद्दा दर्ता गरी अपराध अनुसन्धान गरिएको छ। अवैध हातहतियारसम्बन्धी १ सय ४५ वटा मुद्दा दर्ता गरिएको छ। ५० वटा विद्युतीय कारोबारसम्बन्धी मुद्दा दर्ता गरी अनुसन्धान गरिएको छ। सामाजिक सञ्जाल दुरुपयोग नियन्त्रण गर्ने क्रममा १ हजार ६ सय ६९ वटा फेसबुक एकाउन्ट बन्द गरिएको छ।

(घ) **सचेतना अभिवृद्धिः** समुदाय प्रहरी साझेदारी कार्यक्रमअन्तर्गत समुदाय र विद्यालयस्तरमा ४४ हजार १ सय ८४ स्थानमा चेतनामूलक कार्यक्रमहरू सञ्चालन गरिएको छ। सामुदायिक गस्ती, विद्यालय कार्यक्रम, श्रव्य दृश्य प्रसारण कार्यक्रमबाट करिब १ करोड २८ लाख जना व्यक्ति लाभान्वित भएका छन्।

(ङ) **लागू औषध नियन्त्रणः** लागू औषध प्रयोगकर्ता सर्वेक्षण, २०७६ को प्रतिवेदन सार्वजनिक गरिएको छ। उक्त प्रतिवेदनअनुसार नेपालमा हाल १ लाख ३० हजार

४ सय २४ जना लागू औषध प्रयोगकर्ता रहेका छन्। लागू औषध प्रयोगकर्ताको वार्षिक वृद्धिदर ११ प्रतिशतबाट घटी ५.०६ प्रतिशतमा झरेको छ। ४ सय ५३ स्थानमा लागू औषधसम्बन्धी सचेतना कार्यक्रम सम्पन्न गरिएको छ। लागू औषधसम्बन्धी अभियोगमा ४ हजार ३ सय १९ जना व्यक्तिलाई पक्राउ गरी ३ हजार ५ सय १४ जनालाई मुद्दा चलाइएको छ।

(च) **नवीनतम प्रविधिको प्रयोगः** प्रहरी प्रधान कार्यालयमा एउटा साइबर डिजिटल ल्याव तथा नेपालगञ्ज र धरानमा फरेन्सिक ल्याव स्थापना गरी सञ्चालनमा ल्याइएको छ।

२.२.२ राजनीतिक तथा शासन व्यवस्थासम्बन्धी नीति

नेपालको संविधानको धारा ५१ को खण्ड (ख) ले राजनीतिक तथा शासन व्यवस्था सम्बन्धमा निम्नलिखित नीतिहरूको व्यवस्था गरेको छः

(१) राजनीतिक उपलब्धिको रक्षा, सुदृढीकरण र विकास गर्दै आर्थिक, सामाजिक तथा सांस्कृतिक रूपान्तरणका माध्यमबाट जनताको सर्वोत्तम हित र समुन्नति प्रत्याभूत गर्ने।

(२) मानव अधिकारको संरक्षण र संवर्द्धन गर्दै विधिको शासन कायम गर्ने।

(३) नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय सन्धि सम्झौताहरूको कार्यान्वयन गर्ने।

(४) सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त, जनउत्तरदायी र सहभागितामूलक बनाउँदै राज्यबाट प्राप्त हुने सेवा सुविधामा जनताको समान र सहज पहुँच सुनिश्चित गरी सुशासनको प्रत्याभूति गर्ने।

(५) आमसञ्चारलाई स्वच्छ, स्वस्थ, निष्पक्ष, मर्यादित, जिम्मेवार र व्यावसायिक बनाउन आवश्यक व्यवस्था गर्ने।

(६) संघीय एकाइ बीच जिम्मेवारी, स्रोत साधन र प्रशासनको साझेदारी गर्दै सुमधुर र सहयोगात्मक सम्बन्धको विकास र विस्तार गर्ने।

राजनीतिक तथा शासन व्यवस्थासम्बन्धी नीतिहरूको कार्यान्वयनबाट प्राप्त मुख्य उपलब्धिहरू

नेपालको संविधानमा निर्दिष्ट राजनीतिक तथा शासन व्यवस्थासम्बन्धी नीतिहरूको कार्यान्वयनका लागि राजनीतिक क्षेत्र, मानव अधिकार संरक्षण, अन्तर्राष्ट्रिय सन्धि सम्झौताको कार्यान्वयन,

सुशासन प्रवर्द्धन, संघीयता कार्यान्वयन र आम सञ्चार प्रणालीका क्षेत्रमा यस आर्थिक वर्षमा निम्नलिखित कार्यहरू गरी देहायबमोजिमका उपलब्धिहरू हासिल भएका छन्:

(१) राजनीतिक क्षेत्र

(क) **राजनीतिक स्थिरता र लोकतन्त्रको सुदृढीकरणः** लोकतन्त्रका सबै आधारभूत विशेषतासहितको समाजवादउन्मुख परिपूर्ण लोकतन्त्र (Comprehensive Democracy) को अभ्यास र विकास हुँदै गएको छ। लोकतान्त्रिक मूल्य, समानता र सामाजिक न्यायमा आधारित शासन व्यवस्थालाई मजबुत बनाउन सरकार प्रतिवद्ध छ। जनता नै शक्तिका स्रोत हुन् भन्ने मान्यता स्थापित भएको छ। नागरिकका मौलिक हक एवं स्वतन्त्रता, सामाजिक संरक्षण तथा सामाजिक न्याय सुनिश्चित गर्नका लागि जारी भएका कानूनहरू कार्यान्वयनमा ल्याइएको छ। मुलुकमा राजनीतिक स्थिरता र स्थायित्व कायम भएको छ। फलस्वरूप नीतिगत निरन्तरता र कार्यक्रमहरूबीच संगति एवं तिनीहरूको प्रभावकारिता वृद्धि भएको छ।

(ख) **संघीयता कार्यान्वयनः**

(अ) **नीतिगत/कानूनी/संरचनागत व्यवस्थाः** स्थानीय तहहरूलाई प्रदान गरिने अनुदानलाई थप व्यवस्थित गर्न समपूरक अनुदानसम्बन्धी (दोस्रो संशोधन) कार्यविधि, २०७६ र विशेष अनुदानसम्बन्धी (दोस्रो संशोधन) कार्यविधि, २०७६ स्वीकृत गरी कार्यान्वयनमा ल्याइएको छ। स्थानीय तहको क्षमता विकास कार्यक्रम सञ्चालन गर्न स्थानीय तह छनौटको मापदण्ड र गाउँपालिका तथा नगरपालिकाको राजस्व सुधार कार्ययोजनासम्बन्धी दिग्दर्शन, २०७६ जारी गरिएका छन्। यसैगरी स्थानीय तहहरूको स्रोत परिचालनमा प्रभावकारिता वृद्धि गर्न स्थानीय तहको घर बहाल कर व्यवस्थापन कार्यविधि, २०७६ (नमूना) र स्थानीय तहको कर व्यवस्थापन कार्यविधि, २०७६ (नमूना) स्वीकृत गरिएको छ। सहकारिता र समन्वयको आधारमा संघ, प्रदेश र स्थानीय तहको सर्वाङ्गीण विकास योजना कार्यान्वयनमा ल्याइएको छ। अन्तर-प्रदेश परिषद्, अन्तर-सरकारी

वित्त परिषद् लगायतका संरचनाहरू क्रियाशील छन्। प्रदेश र स्थानीय तहको प्रशासनिक संरचना निर्माण, जनशक्ति व्यवस्थापन र कार्यसञ्चालन प्रणाली विकास गरी कार्यान्वयनमा ल्याइएको छ।

(आ) **कानून अध्ययनः** संविधानले निर्धारण गरेको विधायिकी अन्तरसम्बन्ध, एउटै विषयमा बनेका संघ र प्रदेशका कानूनका बीचको तादात्म्य तथा प्रदेशमा बनेका कानूनहरू बीचको अन्तरसम्बन्धको अवस्था यकिन गरी आगामी दिनमा तीनै तहबाट निर्माण हुने कानूनको कार्यान्वयनको अवस्था पहिचान गर्न संघ, प्रदेश तथा स्थानीय तहले बनाएका कानूनको तुलनात्मक अध्ययन गरिएको छ।

(इ) **प्रदेश तथा स्थानीय तहको क्षमता अभिवृद्धिः** स्थानीय तह क्षमता विकास नक्साङ्कनसम्बन्धी प्रतिवेदन प्राप्त भएको छ। स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतहरूको योग्यता मापदण्ड तयार भएको छ। प्रदेश तथा स्थानीय तहको क्षमता विकासका लागि छाता कार्यक्रम स्वीकृत भई कार्यान्वयन प्रारम्भ गरिएको छ। स्थानीय तहको बजेट तर्जुमा, कोष व्यवस्थापन र लेखा तथा प्रतिवेदनको लागि स्थानीय तह कोष व्यवस्थापन प्रणाली लागू भएको छ। यस प्रणालीबाट ७ सय ४६ स्थानीय तहहरूले बजेट प्रविष्टि तथा ७ सय २६ स्थानीय तहहरूले खर्च लेखाङ्कन गरेका छन्। यस प्रणालीलाई नयाँ प्लेटफर्ममा अद्यावधिक गरिएको छ।

(ई) **राजस्व बाँडफाँडः** वित्तीय हस्तान्तरणको वैज्ञानिक प्रणाली कार्यान्वयनमा ल्याई प्रदेश र स्थानीय तहहरूलाई आवश्यक स्रोत सुनिश्चित गरिएको छ। बाँडफाँट हुने राजस्व व्यवस्थापनको लागि विभाज्य कोषहरू स्थापना भई सञ्चालनमा ल्याइएको छ। नेपाल सरकार, प्रदेश र स्थानीय तहबीच प्राकृतिक स्रोतको रोयल्टी बाँडफाँटको आधार, विधि र हिस्सा स्वीकृत गरी सोही आधारमा रोयल्टी बाँडफाँट गरिएको छ।

(उ) **प्रदेश कोष व्यवस्थापन प्रणालीः** प्रदेश तहमा कोष ब्यवस्थापनको लागि प्रदेश एकल खाता कोष प्रणाली र प्रदेश राजस्व व्यवस्थापन प्रणाली लागू गरिएको छ। यसबाट प्रदेशहरूको आम्दानी र खर्चको एकीकृत वित्तीय प्रतिवेदन तयार हुनसक्ने अवस्था रहेको छ।

(ऊ) **स्थानीय तह कोष व्यवस्थापनः** स्थानीय तहको बजेट तर्जुमा, निकासा, खर्च, लेखाङ्कन र प्रतिवेदनका लागि स्थानीय तहको संचित कोष व्यवस्थापन प्रणाली (Sub-national Treasury Regulatory Application: SuTRA) को प्रयोग सबै स्थानीय तहले अनिवार्य रुपले गर्ने व्यवस्था मिलाई सोको लागि आवश्यक प्राविधिक सहयोग र क्षमता अभिवृद्धि गरिएको छ। यस प्रणालीबाट ७ सय ४६ स्थानीय तहहरूले बजेट प्रविष्टि तथा ७ सय २६ स्थानीय तहहरूले खर्च लेखाङ्कन गरेका छन्। यस प्रणालीलाई नयाँ प्लेटफर्ममा अद्यावधिक गरिएको छ।

(ए) **स्थानीय तहको कार्यसम्पादनमा सहजीकरणः** स्थानीय तहबाट सम्पादन हुने विकास निर्माण तथा सेवा प्रवाहका कार्यहरूलाई थप प्रभावकारी बनाउन सबै प्रदेशका लागि विश्लेषण तथा सहजीकरण टोली गठन गरी स्थानीय तहमै गई स्थानीय तहको कार्यसम्पादनमा सहजीकरण गर्ने कार्यको थालनी गरिएको छ। यसअन्तर्गत सात जिल्लाका आठ नगरपालिका र तीन गाउँपालिकाको सहजीकरण गरिएको छ। प्रदेश नं. १ र २ का गाउँपालिकाका राजस्व परामर्श समितिका ४ सय ९७ जना पदाधिकारीलाई राजस्व सुधार कार्ययोजनासम्बन्धी अभिमुखीकरण गरिएको छ।

(ऐ) **संघीयता सहजीकरण कार्ययोजनाः** संघीयता सहजीकरण कार्यान्वयन कार्ययोजनाको प्रगतिको नियमित अनुगमन, सहजीकरण तथा समन्वय भइरहेको छ। प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा रहेको एक्सन रुम (तत्काल समस्या समाधान केन्द्र) मार्फत उच्च तहमा छलफल तथा संवाद गरी सूचना आदान-प्रदान तथा समन्वय गरिएको छ।

(ग) मानव अधिकार संरक्षण

(अ) **मानव अधिकार संरक्षणका लागि प्रतिवद्धता एवं क्रियाशीलताः** मानव अधिकारको संरक्षण, संवर्द्धन र प्रवर्द्धनका लागि सरकार प्रतिवद्ध छ। मानव अधिकारका अन्तर्राष्ट्रिय अनुबन्धमा स्वीकार गरिएका दायित्वहरू सरकारले जिम्मेवारीपूर्वक निर्वाह गरेको छ।

(आ) **मानव अधिकारसम्बन्धी गोष्ठी/तालिमः** गृह मन्त्रालयद्वारा चार जिल्लामा चार वटा मानव अधिकार प्रवर्द्धनसम्बन्धी गोष्ठी सम्पन्न भएको छ। हालसम्म नेपाली सेनाका विभिन्न दर्जाका गरी कुल ५७ हजार ८३ जनालाई मानव अधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानूनसम्बन्धी विषयमा प्रशिक्षण प्रदान गरिएको छ। मानव अधिकारको संरक्षण एवं प्रवर्द्धनको लागि कार्ययोजनाबमोजिम आठ जिल्लामा १२ वटा कानूनी सचेतना कार्यक्रम सञ्चालन गरिएको छ। यस कार्यक्रमबाट २ हजार ५ सय २१ जना प्रत्यक्ष लाभान्वित भएका छन्।

(इ) **मानव अधिकार परिषद् बैठकमा सहभागिताः** संयुक्त राष्ट्रसंघीय मानव अधिकार परिषद्को ४३औं बैठकमा परराष्ट्र मन्त्री स्तरबाट सहभागिता जनाई मानव अधिकारको संरक्षण र प्रवर्द्धनमा नेपालको प्रतिबद्धता व्यक्त गरिएको छ। साथै, सोको साइडलाइन बैठकमा लात्भिया र आयरल्याण्डका समकक्षीहरूसँग द्विपक्षीय भेटघाट गरी मानव अधिकार परिषद्मा सन् २०२१-२३ अवधिको लागि नेपालले दिएको उम्मेदवारीमा समर्थनका लागि अनुरोध गरिएको छ।

(ई) **प्रतिवेदनः** मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय सन्धिहरूमा व्यवस्था भएबमोजिम विभिन्न प्रतिवेदनहरू तयार भएका छन्। संयुक्त राष्ट्रसंघीय मानव अधिकार परिषद्अन्तर्गतका विशेष समाधीक्षकहरू (Special Rapporteurs-Mandate Holders) को १६ वटा प्रतिवेदनमा जबाफ तथा टिप्पणी तयार गरी पठाइएको छ। भ्रष्टाचार विरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धिको कार्यान्वयनका लागि स्वीकृत रणनीतिक कार्ययोजनाको

पारस्परिक मूल्यांकन (पियर रिभ्यू) का लागि प्रतिवेदन तयार गरी पठाइएको छ। अन्तर्राष्ट्रिय आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारसम्बन्धी महासन्धि अन्तर्गतको चौथो आवधिक प्रतिवेदन र विश्वव्यापी आवधिक प्रतिवेदन (Universal Periodic Report: UPR) को तयारी कार्य अन्तिम चरणमा पुगेको छ।

(उ) **राष्ट्रिय कार्ययोजना निर्माणः** मानव अधिकार पाँचौं राष्ट्रिय कार्ययोजना निर्माणको कार्य अन्तिम चरणमा पुगेको छ।

(२) अन्तर्राष्ट्रिय सन्धि सम्झौताको कार्यान्वयन

(क) **प्रतिवेदनः** नेपालले अनुमोदन गरेका आई.एल.ओ. महासन्धिहरूमध्ये यस अवधिमा समान पारिश्रमिकसम्बन्धी महासन्धि (Equal Remuneration Convention, 1951: C100) लगायतका चार महासन्धिहरूको कार्यान्वयन अवस्थासम्बन्धी प्रतिवेदन तयार गरी आई.एल.ओ. को मुख्यालयमा पठाइएको छ।

(ख) **हस्ताक्षरका लागि सुझावः** मेलमिलापको परिणामबाट भएको अन्तर्राष्ट्रिय निरूपण सम्झौताका सम्बन्धमा व्यवस्था भएको संयुक्त राष्ट्रसंघीय महासन्धि (Singapore Convention on Mediation) मा हस्ताक्षर गर्न सुझाव प्राप्त गरिएको छ।

(ग) **एलिनको सदस्यताः** समानता र पारस्परिक हितको आधारमा सन्धि सम्झौताहरू गर्ने प्रावधान अनुरूप सम्बन्धित निकायहरूको सहमतिबाट एसिया कानूनी सूचना सञ्जाल (The Asia Legal Information Network: ALIN) को वडापत्रमा हस्ताक्षर सम्पन्न भई नेपाल कानून आयोगले विधिवत् रूपमा एलिनको सदस्यता प्राप्त गरेको छ।

(घ) **सन्धिहरूको पुनरावलोकनः** नेपाल, भारत र बेलायत बीच सन् १९४७ मा भएको त्रि-पक्षीय सम्झौता पुनरावलोकन गर्ने प्रक्रिया आरम्भ गर्न बेलायती पक्षलाई औपचारिक रुपमा पत्राचार भएको छ।

(ङ) **स्थायी संयन्त्र गठनः** द्विपक्षीय लगानी सम्झौता, द्वैध कराधान मुक्ति तथा वित्तीय छल निरोध सम्झौता, विश्व व्यापार सम्झौता लगायतका विभिन्न सन्धि

सम्झौताहरूको कार्यान्वयनका सिलसिलामा सिर्जना भएका वा हुने विवादहरूको प्रतिरक्षा र निरूपणका लागि अध्ययन र तयारी गर्ने अन्तर निकाय प्रतिनिधित्व हुने गरी अर्थ मन्त्रालयका सचिव (राजस्व) को संयोजकत्वमा स्थायी संयन्त्र गठन भएको छ।

(३) सुशासन प्रवर्द्धन

(क) भ्रष्टाचार नियन्त्रणः भ्रष्टाचारविरुद्ध शून्य सहनशीलताको नीति अपनाइएको छ। भ्रष्टाचारविरुद्धको रणनीतिलाई प्रभावकारी ढंगबाट कार्यान्वयन गरिएको छ। भ्रष्टाचारबाट कसैले उन्मुक्ति नपाउने गरी नीतिगत, कानूनी, प्रशासनिक र संस्थागत व्यवस्थालाई थप सुदृढ बनाइएको छ।

(ख) विद्युतीय शासनः विभिन्न १ सय ८ मालपोत कार्यालय तथा ९० नापी कार्यालयहरूमा अनलाइन प्रणाली र १९ मालपोत कार्यालयमा सार्वजनिक पहुँच पद्धति (Public Access Module) लागू भएको छ। सात मालपोत कार्यालय र सात नापी कार्यालयलाई नमूना कार्यालयको रूपमा विकास गरिएको छ। सबै कोष तथा लेखा नियन्त्रक कार्यालयबाट विद्युतीय भुक्तानी प्रणालीबाट बैंक खातामा रकम जम्मा गर्ने कार्य शुरु भएको छ। रु. १० लाखसम्मको राजस्व विद्युतीय माध्यमबाटै बुझाउन सकिने व्यवस्था भएको छ। स्वचालित सरकारी लेखाङ्कन तथा प्रतिवेदन सूचना प्रणाली विकास गरी लागू गरिएको छ। एकीकृत वित्तीय व्यवस्थापन सूचना प्रणालीलाई स्तरोन्नति गरिएको छ।

सरकारी ऋणपत्रको खरिद/बिक्रीको लागि अनलाइन प्रणालीको विकास गर्न सरकारी ऋणपत्रको अभौतिकीकरण गर्ने प्रक्रिया जारी रहेको छ। गृह मन्त्रालयअन्तर्गत नागरिक सूचना व्यवस्थापन प्रणाली, दैनिक सूचना प्रतिवेदन प्रणाली र विपद् सूचना व्यवस्थापन प्रणाली सञ्चालन गरी सूचना प्रविधिमा आधारित प्रणाली सुदृढीकरण गरिएको छ। सबै जिल्ला प्रशासन कार्यालयहरूमा डिजिटल नागरिक वडापत्रको व्यवस्था गरिएको छ। नागरिक अधिकार मोबाइल एप्स सञ्चालन निर्देशिका स्वीकृत भएको छ।

(ग) **राष्ट्रसेवकहरूको क्षमता विकासः** नेपाल सरकारका १ हजार ५ सय ७१ जना अधिकृत कर्मचारीहरूलाई शासकीय व्यवस्थापन र सार्वजनिक प्रशासनसम्बन्धी प्रशिक्षण प्रदान गरिएको छ। स्थानीय तहका ५ सय ९८ जना कर्मचारी र पदाधिकारीहरूको सहभागितामा बजेट तथा कार्यक्रम तर्जुमा, राजस्व अनुगमन तथा न्यायिक विषयसम्बन्धी प्रशिक्षण कार्यक्रम सम्पन्न गरिएको छ। स्थानीय तहका १ सय १६ जना महिला पदाधिकारीहरूका लागि नेतृत्व सीप विकास प्रशिक्षण प्रदान गरिएको छ। स्थानीय तहका १ सय ४९ जना जनप्रतिनिधिहरू तथा कर्मचारीहरूको लागि सम्पत्ति कर विषयक तीन दिने प्रशिक्षण सम्पन्न गरिएको छ। २ सय ६७ जना कर्मचारीलाई कार्यालय व्यवस्थापन विषयक सेवाकालीन प्रशिक्षण दिइएको छ। स्थानीय तहमा लोक सेवा आयोगबाट सिफारिश भई आएका ३ सय ७९ जना कर्मचारीहरूलाई अभिमुखीकरण गरिएको छ।

(घ) **अध्ययन अनुसन्धानः** शासकीय व्यवस्थापन र सार्वजनिक प्रशासनसम्बन्धी विभिन्न विषयमा १४ वटा अनुसन्धान गरिएको छ।

(ङ) **आर्थिक सुशासनका लागि सुधारः** सरकारी वित्तीय प्रणालीलाई जिम्मेवार, पारदर्शी, नतिजामूलक तथा उत्तरदायी बनाउन आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लागू गरिएको छ। वित्तीय अनुशासन कायम गर्नका लागि कम्प्युटराइज्ड सरकारी लेखा प्रणाली (Computer-based Government Accounting System: CGAS) लागू गरिएको छ। संघ र प्रदेशको केन्द्रीय निकायको आन्तरिक नियन्त्रण प्रणाली म्यानुयल तयार गर्ने कार्य अगाडि बढेको छ। एकीकृत वित्तीय व्यवस्थापन सूचना प्रणाली (Integrated Financial Management Information System: IFMIS) लाई स्तरोन्नति गरिएको छ।

(च) **सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीः** सरकारी सम्पत्ति अभिलेखन तथा प्रतिवेदनका लागि सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (Public Assets Management System: PAMS) तयार भई लागू हुने चरणमा रहेको छ।

(छ) **अनुगमन प्रणालीः** मन्त्रालयहरूबाट भइरहेको कार्य प्रगतिको अनुगमन गर्न एकीकृत विद्युतीय अनुगमन प्रणालीको विकास गरिएको छ। प्रधानमन्त्री तथा

मन्त्रिपरिषद्को कार्यालयमा रहेको एक्सन रुममार्फत विकास आयोजनाहरूको अनुगमन गर्ने व्यवस्था मिलाई यस आर्थिक वर्षमा विभिन्न १३ आयोजनाहरूको सघन अनुगमन गरिएको छ।

(ज) **खरिद ऐन, नियमावलीमा सुधारः** सार्वजनिक खरिद प्रक्रियालाई थप व्यवस्थित बनाउन सार्वजनिक खरिद ऐन, २०६३ मा समसामयिक संशोधनको लागि विधेयक संसदमा दर्ता भएको छ। सार्वजनिक खरिद नियमावली, २०६४ मा आठौं, नवौं र दशौं संशोधन गरी समसामयिक बनाइएको छ।

(झ) **गुनासो व्यवस्थापनः** गुनासो व्यवस्थापन प्रणालीलाई प्रभावकारी बनाउन हेलो सरकारको नयाँ पोर्टल निर्माण गरी सञ्चालनमा ल्याइएको छ। यस पोर्टलको स्तरोन्नति गरी प्रदेश र स्थानीय तहलाई समेत सहभागी गराई प्रभावकारी कार्यान्वयनका लागि तीन जिल्लामा तालिम कार्यक्रम सम्पन्न भएको छ। हेलो सरकारमा यस अवधिमा २ हजार ६ सय ९९ वटा गुनासो प्राप्त भएकोमा १ हजार २ सय ९५ (करिब ४८ प्रतिशत) गुनासो फछ्र्यौट गरिएको छ। समाधान भएका तर फछ्र्यौट हुन बाँकी गुनासोहरू ९२ वटा रहेका छन्। ६ सय ५८ गुनासोहरू फछ्र्यौटको प्रक्रियामा छन्। सेवा करारबाट हेलो सरकारको गुनासो व्यवस्थापनको कार्य भइरहेकोमा २०७७ वैशाखदेखि स्थायी कर्मचारीबाटै कार्य सम्पादन हुने व्यवस्था मिलाइएको छ।

(ञ) **अन्य कार्यहरूः** सार्वजनिक सेवा प्रवाह, विकास निर्माण, अनियमितता सम्बन्धी राष्ट्रिय सतर्कता केन्द्रमा प्राप्त ७७७ वटा उजूरीहरू छानबिन गरी फछ्र्यौट गरिएको छ। पाँच जिल्लामा सेवाग्राही सन्तुष्टि सर्वेक्षण गरिएको छ। विभिन्न १३ जिल्लाका जम्मा २ सय ८४ कार्यालयमा अनुगमन गरी तोकिएको समयमा कार्यालयमा अनुपस्थित हुने एवं पोशाक नलगाउने, कार्यकक्षमा नबस्ने २ हजार ३ सय ५४ कर्मचारीहरूलाई कारवाही गरिएको छ। १३ जिल्लाका २ सय ६५ कार्यालयमा नागरिक वडापत्र अनुगमन गरी सुधार गर्न लगाइएको छ। पाँच जिल्लामा "भ्रष्टाचार नियन्त्रण : हाम्रो साझा दायित्व" विषयक सुशासन प्रवर्द्धन गोष्ठी सम्पन्न गरिएको छ। १५ स्थानीय तहमा कर्मचारी/ जनप्रतिनिधिहरूलाई भ्रष्टाचार विरुद्धको सचेतना कार्यक्रम गरिएको छ। राष्ट्रिय सतर्कता केन्द्रबाट

अनलाइनमार्फत सम्पत्ति विवरण पेश गरे नगरेकाहरूको विवरण भर्ने व्यवस्था गरिएको छ। सम्पत्ति विवरण नबुझाउने १७ हजार १ सय ८५ जनालाई कारवाहीको लागि अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा पठाइएको छ।

(४) **आमसञ्चार प्रणालीमा सुधार**

(क) **सार्वजनिक सेवा प्रसारकको स्थापनाको लागि गृहकार्यः** रेडियो नेपाल र नेपाल टेलिभिजनलाई एकीकरण गरी सार्वजनिक सेवा प्रसारकको स्थापनाका लागि रेडियो नेपाल र नेपाल टेलिभिजनको सम्पत्ति तथा दायित्वको मूल्याङ्कन, सार्वजनिक सेवा प्रसारकको ढाँचा सिफारिस, संगठन तथा व्यवस्थापन सर्वेक्षण सहितको प्रतिवेदन तयार भएको छ।

(ख) **एच.डी. प्रविधिमा प्रसारणः** नेपाल टेलिभिजनका पाँचवटा च्यानलबाट एच.डी. प्रविधिमा प्रसारण सुरु गरिएको छ।

(ग) **लोककल्याणकारी विज्ञापनः** आमसञ्चार माध्यमको संस्थागत विकासमा सहयोग पुऱ्याउँदै सार्वजनिक सरोकारका विषयमा आम जनतालाई सु-सूचित गर्ने उद्देश्यले वर्गीकरणमा समावेश भएका ८ सय १२ पत्रपत्रिका, ४ सय २८ रेडियो/एफ.एम. रेडियो र २२ टेलिभिजनहरूलाई लोककल्याणकारी विज्ञापन प्रकाशन र प्रसारणका लागि उपलब्ध गराइएको छ।

२.२.३ सामाजिक र सांस्कृतिक रूपान्तरणसम्बन्धी नीति

नेपालको संविधानको धारा ५१ को खण्ड (ग) ले सामाजिक र सांस्कृतिक रूपान्तरण सम्बन्धमा निम्नलिखित नीतिहरूको व्यवस्था गरेको छः

(१) स्वस्थ र सभ्य संस्कृतिको विकास गरी सामाजिक सुसम्बन्धमा आधारित समाजको निर्माण गर्ने।

(२) ऐतिहासिक, पुरातात्विक तथा सांस्कृतिक सम्पदाको संरक्षण, संवर्द्धन र विकासका लागि अध्ययन, अनुसन्धान, उत्खनन तथा प्रचार प्रसार गर्ने।

(३) सामाजिक, सांस्कृतिक तथा सेवामूलक कार्यमा स्थानीय समुदायको सिर्जनशीलताको प्रवर्द्धन र परिचालन गरी स्थानीय जनसहभागिता अभिवृद्धि गर्दै सामुदायिक विकास गर्ने।

(४) राष्ट्रिय सम्पदाको रूपमा रहेका कला, साहित्य र सङ्गीतको विकासमा जोड दिने।

(५) समाजमा विद्यमान धर्म, प्रथा, परम्परा, रीति तथा संस्कारका नाममा हुने सबै प्रकारका विभेद, असमानता, शोषण र अन्यायको अन्त्य गर्ने।

(६) देशको सांस्कृतिक विविधता कायम राख्दै समानता एवं सहअस्तित्वका आधारमा विभिन्न जातजाति र समुदायको भाषा, लिपि, संस्कृति, साहित्य, कला, चलचित्र र सम्पदाको संरक्षण र विकास गर्ने।

(७) बहुभाषिक नीति अवलम्बन गर्ने।

सामाजिक एवं सांस्कृतिक रूपान्तरणसम्बन्धी नीतिको कार्यान्वयनबाट प्राप्त मुख्य उपलब्धिहरू

संविधानमा निर्दिष्ट सामाजिक एवं सांस्कृतिक रूपान्तरणसम्बन्धी नीतिको कार्यान्वयनका लागि बहुभाषिक नीतिको अवलम्बन र विकास, सांस्कृतिक सम्पदाको संरक्षण र विकास, कला, साहित्य र संगीतको विकास लगायतका क्षेत्रहरूमा यस अवधिमा निम्नलिखित कार्यहरू गरी देहायबमोजिमका उपलब्धिहरू हासिल भएका छन्:

(१) बहुभाषिक नीतिको अवलम्बन र विकास

(क) **व्याकरण र शब्दकोष निर्माणः** विभिन्न २८ वटा भाषाको विद्युतीय शब्दकोश निर्माण कार्यका लागि शब्द प्रविष्टि गर्ने कार्य सम्पन्न भएको छ। नेपाली भाषाको प्रवर्द्धनका साथै सर्वसाधारणलाई प्रयोगमा सहजता ल्याउन नेपाल प्रज्ञा प्रतिष्ठानद्वारा नेपाली बृहत् शब्दकोशको मोबाइल एप सञ्चालनमा ल्याइएको छ। नेपाली शब्दकोशको परिमार्जित दशौं संस्करण प्रकाशन गरिएको छ। माझी भाषाको व्याकरण निर्माण गरिएको छ।

(ख) **अध्ययन अनुसन्धानः** लोपोन्मुख भाषाहरूको संरक्षण, सम्वर्द्धन तथा अभिलेखीकरणसम्बन्धी अध्ययन अनुसन्धानका लगि २७ वटा भाषाहरूको छनौट गरिएको छ। अनुसन्धानमूलक लेखहरू समावेश भएको "अमूर्त संस्कृति" नामक

जर्नल प्रकाशन गरिएको छ। सुदूरपश्चिम प्रदेशका ३८, कर्णाली प्रदेशका २७, र गण्डकी प्रदेशका २८ स्थानीय तहका जनप्रतिनिधि र विज्ञ समूह सम्मिलित प्रादेशिक गोष्ठीमार्फत सरकारी कामकाजको भाषा निर्धारणका आधार सम्बन्धमा जनप्रतिनिधिको अभिमत अभिलेखन गरी प्रतिवेदन तयार गरिएको छ।

(ग) **मातृभाषाको प्रयोग सम्भाव्यता अध्ययनः** ६ स्थानीय तहहरूमा नेवारी, तामाङ, बज्जिका, सुनुवार, कुमाल र थारू गरी ६ वटा मातृभाषाहरूको स्तर पहिचान र शिक्षामा तिनको प्रयोग सम्भाव्यतासम्बन्धी कार्यक्रम सम्पन्न गरिएको छ।

(घ) **भाषा सर्वेक्षणः** काभ्रेपलाञ्चोक, ओखलढुङ्गा, सर्लाही, दाङ र गोरखा जिल्लाका केही स्थानीय तहहरूमा भाषा सर्वेक्षण तथा नक्साङ्कन कार्यक्रम सम्पन्न गरिएको छ।

(ङ) **विभिन्न भाषामा प्रकाशन प्रसारणः** नेपाल टेलिभिजनबाट नियमित रूपमा विभिन्न चार भाषामा समाचार प्रसारण र ६ भाषामा साप्ताहिक रूपमा कार्यक्रम उत्पादन र प्रसारण गर्ने गरिएको छ। रेडियो नेपालबाट विभिन्न २१ भाषामा राष्ट्रिय र क्षेत्रीयस्तरमा नियमित रूपमा समाचार प्रसारण गर्नुका साथै २० भाषामा कार्यक्रम उत्पादन र प्रसारण गर्ने गरिएको छ। गोरखापत्रमा विभिन्न ३९ भाषामा समाचार र लेख रचना प्रकाशित गर्ने कार्यलाई निरन्तरता दिइएको छ।

(च) **ग्रन्थहरूको प्रकाशनः** आदिवासी जनजातिका सम्बन्धमा विभिन्न विषयमा लेखिएका १४ वटा उत्कृष्ट ग्रन्थहरूको प्रकाशन गरिएको छ।

(२) **सांस्कृतिक सम्पदाको संरक्षण र विकास**

(क) **नेपाल ट्रष्टको स्वामित्वमा रहेका सम्पदाको संरक्षणः** नेपाल ट्रष्टको स्वामित्वमा रहेका ऐतिहासिक तथा पुरातात्विक महत्त्वका दरबार/भवन र त्यहाँ रहेका महत्त्वपूर्ण तथा ऐतिहासिक सामान एवं सम्पदाको संरक्षण, संवर्द्धन गरिएको छ। यसैगरी नेपाल ट्रष्टको हक पुग्ने र प्रेरणा राज्यलक्ष्मी सिंहले उपभोग गर्दै आएको तत्कालीन अधिराजकुमारी जयन्ती शाहको छाउनी मार्ग, काठमाडौंस्थित ऐतिहासिक वासस्थान नेपाल ट्रष्टको स्वामित्वमा आएको छ।

(ख) **सम्पदा पुनर्निर्माणः** २०७२ सालको विनाशकारी भूकम्पबाट क्षति भएका सांस्कृतिक तथा ऐतिहासिक सम्पदाहरूमध्ये यस अवधिमा ७३ वटा सम्पदाहरूको

पुनर्निर्माण गरिएको छ। हालसम्ममा जम्मा ४ सय ५३ वटा त्यस्ता सम्पदाहरूको पुनर्निर्माण सम्पन्न भएको छ। रानी पोखरी पुनर्निर्माण कार्य ९० प्रतिशत सम्पन्न गरिएको छ। धरहरा पुनर्निर्माण कार्य ४० प्रतिशत तथा काष्ठमण्डप पुनर्निर्माण कार्य ५५ प्रतिशत सम्पन्न भएको छ। पशुपति, जनकपुरधाम, देवघाट, मनकामना लगायतका ऐतिहासिक दरबारको पुनर्निर्माणका कार्यहरू भइरहेका छन्। रामग्रामको अवधारणात्मक गुरुयोजना स्वीकृत गरिएको छ। साँखु वज्रयोगिनी, पद्मगरी धर्मधातु, न्याक सत्तल, माधव नारायण द्यौंछे, गोकर्ण पाँडे सत्तल, विजेश्वरीस्थित शोभा भगवती, ललितपुरको वज्रवाराहीको आगंछे, बुङमतीस्थित हेग्रिव, ठेचो बालकुमारी, चोभार जलविनायक मन्दिर र सत्तल, भक्तपुर दरबार स्क्वायर परिसरको तवसत्तल, दोलखा भीमेश्वरको भण्डार घर, दोलखाको मच्छिन्द्रनाथ, काभ्रे बनेपाको धनेश्वर महादेव भजन पाटी सहितका सम्पदाहरूको पुनर्निर्माण कार्य सम्पन्न गरिएको छ।

(ग) **वृत्तचित्र निर्माण र प्रचार-प्रसारः** धरानको दन्तकाली, जुम्लाको चन्दननाथ मन्दिरको धार्मिक वृत्तचित्र र नेपालका मुख्य-मुख्य होमस्टेहरूमा संस्कृति प्रवर्द्धन गर्ने सम्बन्धी वृत्तचित्र तयार गरी राष्ट्रिय टेलिभिजनमार्फत प्रसारण गरी प्रचार-प्रसार गरिएको छ। सांस्कृतिक सम्पदाको विशेषता झल्कने गरी पाल्पाको रणउजेश्वरी भगवतीको वृत्तचित्र निर्माण सम्पन्न गरिएको छ। विभिन्न ९ आदिवासी जनजातिहरूको अमूर्त संस्कृतिहरूलाई छायाङ्कन गरी वृत्तचित्र तयार गर्ने कार्य सम्पन्न भएको छ।

(घ) **ऐतिहासिक अभिलेखहरू तथा दस्तावेजहरूको संरक्षणः** राष्ट्रिय अभिलेखालयमा रहेका अभिलेखहरूमध्ये क्याटलग सहित ५० हजार इमेजहरू डिजिटाइज्ड गरिएको छ। कुमारी चोकमा रहेका ११ हजार पाना ग्रन्थमध्ये तिनको अवस्था हेरी आवश्यक भौतिक तथा रासायनिक संरक्षण गरी व्यवस्थित गरिएको छ। राष्ट्रिय अभिलेखालयमा रहेका ८० हजार डिजिटल इमेजलाई ट्यागिङ् गरी सर्भरमा राखिएको छ। ऐतिहासिक ग्रन्थ तथा दस्तावेजहरू रहेका माइक्रो फिल्ममा एसिड फर्मेशनका कारण बिग्रने अवस्थामा पुगेकाले सात सय माइक्रोफिल्म रिल कपी गरी नयाँ बनाइएको छ। काठमाडौं महानगरका वडा नम्बर १७ देखि ३२

सम्मका ६ सय ५० शिलापत्रहरूको विस्तृत विवरण सहितको सूची तयार गरिएको छ।

(ङ) **गुम्बा तथा विहारहरूको मर्मत सम्भारः** १५ जिल्लाका १९ गुम्बा तथा विहारहरूको मर्मत सम्भार गरिएको छ।

(च) **गढी तथा किल्लाहरूको पहिचान र संरक्षणः** मुलुकका विभिन्न स्थानमा रहेका १ सय २१ वटा ऐतिहासिक महत्त्वका गढी तथा किल्लाहरूको पहिचान गरिएको छ। गढी किल्लाहरूको प्रोफाइल तयार गरिएको छ। सिन्धुली जिल्लास्थित सिन्धुलीगढी संग्रहालय निर्माणको कार्य ४५ प्रतिशत सम्पन्न भएको छ। पाल्पा दरबारमा ऐतिहासिक शस्त्र-अस्त्र कक्षको ९९ प्रतिशत निर्माण गरिएको छ।

(छ) **कला, साहित्य र संगीतको विकासः** राष्ट्रिय फोटोग्राफी प्रतियोगिता, अनलाइन मार्फत राष्ट्रिय ललितकला प्रदर्शनी, २०७७ तथा सार्क सांस्कृतिक केन्द्र, कोलम्बोसँग सहकार्य गरी राष्ट्रिय हस्तकला मेला सम्पन्न भएको छ।

२.२.४ अर्थ, उद्योग र वाणिज्यसम्बन्धी नीति

अर्थ, उद्योग र वाणिज्य सम्बन्धमा नेपालको संविधानको धारा ५१ को खण्ड (घ) ले निम्नलिखित नीतिहरूको व्यवस्था गरेको छः

(१) सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता र स्वतन्त्र विकास मार्फत राष्ट्रिय अर्थतन्त्र सुदृढ गर्ने।

(२) अर्थतन्त्रमा निजी क्षेत्रको भूमिकालाई महत्त्व दिँदै उपलब्ध साधन र स्रोतको अधिकतम परिचालन गरी आर्थिक समृद्धि हासिल गर्ने।

(३) सहकारी क्षेत्रलाई प्रवर्द्धन गर्दै राष्ट्रिय विकासमा अत्याधिक परिचालन गर्ने।

(४) आर्थिक क्षेत्रका सबै गतिविधिमा स्वच्छता, जवाफदेहिता र प्रतिस्पर्धा कायम गर्न नियमनको व्यवस्था गर्दै सर्वाङ्गीण राष्ट्रिय विकासमा प्रोत्साहन र परिचालन गर्ने।

(५) उपलब्ध साधन, स्रोत तथा आर्थिक विकासको प्रतिफलको न्यायोचित वितरण गर्ने।

(६) तुलनात्मक लाभका क्षेत्रको पहिचान गरी उद्योगको विकास र विस्तारद्वारा निर्यात प्रवर्द्धन गर्दै वस्तु तथा सेवाको बजार विविधीकरण र विस्तार गर्ने।

(७) कालाबजारी, एकाधिकार, कृत्रिम अभाव सिर्जना गर्ने र प्रतिस्पर्धा नियन्त्रण जस्ता कार्यको अन्त्य गर्दै राष्ट्रिय अर्थतन्त्रलाई प्रतिस्पर्धी बनाई व्यापारिक स्वच्छता र अनुशासन कायम गरी उपभोक्ताको हित संरक्षण गर्ने।

(८) राष्ट्रिय अर्थतन्त्रको विकासका लागि राष्ट्रिय उद्योगधन्दा र साधन स्रोतको संरक्षण र प्रवर्द्धन गरी नेपाली श्रम, सीप र कच्चा पदार्थमा आधारित स्वदेशी लगानीलाई प्राथमिकता दिने।

(९) राष्ट्रिय अर्थतन्त्रको विकासका लागि स्वदेशी लगानीलाई प्राथमिकता दिने।

(१०) राष्ट्रिय हित अनुकूल आयात प्रतिस्थापन, निर्यात प्रवर्द्धनका क्षेत्रमा वैदेशिक पूँजी तथा प्रविधिको लगानीलाई आकर्षित गर्दै पूर्वाधार विकासमा प्रोत्साहन तथा परिचालन गर्ने।

(११) वैदेशिक सहायता लिंदा राष्ट्रिय आवश्यकता र प्राथमिकतालाई आधार बनाउँदै यसलाई पारदर्शी बनाउने र वैदेशिक सहायताबाट प्राप्त रकम राष्ट्रिय बजेटमा समाहित गर्ने।

(१२) गैर-आवासीय नेपालीहरूको ज्ञान, सीप, प्रविधि र पूँजीलाई राष्ट्रिय विकासमा उपयोग गर्ने।

(१३) औद्योगिक कोरिडोर, विशेष आर्थिक क्षेत्र, राष्ट्रिय परियोजना, विदेशी लगानीका परियोजनाको सन्दर्भमा अन्तर प्रदेश तथा प्रदेश र संघबीच समन्वय स्थापित गराई आर्थिक विकासलाई गतिशीलता प्रदान गर्ने।

अर्थ, उद्योग र वाणिज्यसम्बन्धी नीति कार्यान्वयनबाट प्राप्त मुख्य उपलब्धिहरू

यस वर्ष बजेट प्रणाली, लेखा प्रणाली र राजस्व प्रणालीमा सुधार, उद्योग, कम्पनी र ट्रेडमार्क दर्ता प्रणालीमा सुधार, औद्योगिक पूर्वाधार निर्माण, लगानीमैत्री वातावरण निर्माण, वैदेशिक सहायता परिचालन र व्यापार प्रवर्द्धनका क्षेत्रमा देहायका कार्यहरू गरी संविधानमा व्यवस्था गरिएको अर्थ, उद्योग र वाणिज्यसम्बन्धी नीतिको कार्यान्वयन गरिएको छ र सो नीति कार्यान्वयनबाट देहायबमोजिमका उपलब्धहरू हासिल भएका छन्ः

(१) अर्थ

(क) **नीतिगत तथा कानूनी सुधारः** सरकारी आर्थिक गतिविधिलाई नियमित तथा व्यवस्थित गरी वित्तीय प्रणालीलाई जिम्मेवार, पारदर्शी, नतिजामूलक तथा उत्तरदायी बनाउन आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ जारी गरिएको छ। लगानी कोषहरूलाई थप व्यवस्थित गर्न विशिष्टीकृत लगानी कोष (प्रथम संशोधन) नियमावली, २०७७ र सामूहिक लगानी कोष (तेस्रो संशोधन) नियमावली, २०७६ स्वीकृत भएका छन्। यसैगरी योगदानमा आधारित निवृत्तभरण कोष नियमावली, २०७६, ढुवानी सेवामा मूल्य अभिवृद्धि कर कार्यान्वयन गर्नेसम्बन्धी निर्देशिका, २०७६, प्रदेश तथा स्थानीय तहको बजेट कार्यान्वयन मार्गदर्शन, २०७६ र प्रदेश तथा स्थानीय तहमा अन्तर्राष्ट्रिय विकास सहायता परिचालनसम्बन्धी मापदण्ड, २०७६, जारी गरी कार्यान्वयनमा ल्याइएको छ।

(ख) **समष्टिगत आय विवरणः** आ.व. २०७६/७७ को आय विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छः

तालिका नं. १ः समष्टिगत आय प्राप्तिको विवरण (रु. करोडमा)

विवरण		लक्ष्य/बजेट	आ.व. २०७६/७७ को प्रगति	
			रकम	प्रतिशत
प्राप्ति	१. राजस्व	१,११,२०३	७९,३७८	७१.४
	क. कर राजस्व	१,००,९१६	७०,००५	६९.४
	ख. गैर-कर राजस्व	१०,२८७	९,३७३	९१.१
	२. अनुदान	५,७९९	१,८४२	३१.८
	३. अन्य प्राप्ति		४,७५८	
जम्मा		१,१७,००३	८५,९७८	७३.५

(ग) **बजेट खर्चः** यस आ.व. को समग्र बजेट खर्चको अवस्था देहायको तालिकामा प्रस्तुत गरिएको छः

तालिका नं. २: समग्र बजेट खर्चको अवस्था

शीर्षक	आ.व. २०७६/७७ को आषाढ महिनासम्म (रकम रु.)
कुल सरकारी खर्च (रु.) अर्ब	१,०९४
चालू खर्च (रु.) अर्ब	७८४
पूँजीगत खर्च (रु.) अर्ब	१९२
वित्तीय व्यवस्था (रु.) अर्ब	११८

चित्र नं. १ समग्र बजेट खर्चको अवस्था (रु. अर्बमा)



(घ) **गत आर्थिक वर्षमा भएको खर्चसँग तुलनाः** आ.व. २०७५/७६ र यस आ.व. मा भएको बजेट खर्चको तुलनात्मक विवरण देहायको चित्रमा प्रस्तुत गरिएको छः

(ङ) **समग्र आर्थिक परिसूचकः** मुलुकको समग्र आर्थिक परिसूचक देहाय बमोजिम रहेको छः

तालिका नं. ३: समग्र आर्थिक परिसूचक

क्र. सं.	शीर्षक	आर्थिक वर्ष २०७५/७६	आर्थिक वर्ष २०७६/७७	गत आ.व.को सोही अवधिसँगको परिवर्तन (%)
१.	कुल गार्हस्थ्य उत्पादन (रु. अर्ब)	३,४५९	३,७६७	
२.	आर्थिक वृद्धि दर (प्रतिशत)	६.९९	२.२८	
३.	मुद्रास्फीति (प्रतिशत)	५.२९	६.१५	
४.	कुल निर्यात (रु. अर्ब)	८७.८३	९७.७१	११.२४
५.	कुल आयात (रु. अर्ब)	१,२९९.८०	१,१९६.८०	१५.६
६.	व्यापार घाटा (रु. अर्ब)	१,२११.९६	१,०९९.०९	१६.८
७.	शोधनान्तर स्थिति (रु. अर्ब)	६७.४० (घाटा)	२८२.४१ (बचत)	
८.	विदेशी विनिमय सञ्चिति (रु. अर्ब)	१,०३८.९२ (आषाढ २०७६)	१,४०१.८४*	३४.९
९.	बैंकिङ्ग पहुँच भएका स्थानीय तह	६८८	७४७	
१०.	नेप्से परिसूचक (असार मसान्तसम्म बिन्दुले वृद्धि)	१,२५९	१,३६२.४	८.२
११.	विप्रेषण आप्रवाह (श्रमिक) (रु. अर्ब)	७९९.२	८७५.३	९.५

** १४.४ महिनाको वस्तु तथा सेवाको आयात धान्न सक्ने।*

(च) प्रदेश र स्थानीय तहमा भएको वित्तीय हस्तान्तरण, राजस्व र रोयल्टी बाँडफाँटः

आ.व. २०७६/७७ मा प्रदेश र स्थानीय तहमा भएको वित्तीय हस्तान्तरण, राजस्व र रोयल्टी बाँडफाँटको विवरण देहाय बमोजिम रहेको छः

तालिका नं. ४ : प्रदेश र स्थानीय तहमा वित्तीय हस्तान्तरण *(रु. लाखमा)*

प्रदेश	वित्तीय समानीकरण अनुदान	सशर्त अनुदान	समपूरक अनुदान	विशेष अनुदान	राजस्व बाँडफाँट (प्रारम्भिक)	रोयल्टी बाँडफाँट (अनुमानित))
प्रदेश १	८१,६३३	७०,४४१	७,५३८	५,४५०	१,०२,७९७	४८७
प्रदेश २	७०,८५९	७०,९१५	२,३३७	६,५००	१,०४,३९३	६२
बागमती	७५,९६४	७४,६४९	६,४६६	४,१००	१,०६,०१९	२१७
गण्डकी	७१,१२२	५३,५१६	११,११६	८,६००	७७,०५१	२५३
प्रदेश ५	७५,४०१	७७,७०४	६,९७७	५,७५३	९९,१२३	३९५
कर्णाली	९८,४८३	५२,७२७	४,६८९	८,१००	७४,४४३	२५३
सुदूरपश्चिम	७९,५२४	४५,५०६	९,६६१	७,५००	७९,८७२	५८७
प्रदेश	५,५२,९८६	४,४५,४५८	४८,७८४	४६,००३	६,४३,६९८	२,२५४
स्थानीय	८,९९,४७०	१२,३८,७४१	४७,५४०	४८,२८३	६,४३,६९८	२,२५४
कुल	१४,५२,४५	१६,८४,१९९	९६,३२४	९४,२८६	१२,८७,३९	४,५०८

(छ) **योगदानमा आधारित निवृत्तभरण प्रणालीः** बजेटमाथि पर्ने निवृत्तिभरणको असीमित दायित्व दिगो रूपमा व्यवस्थापन गर्न योगदानमा आधारित निवृत्तभरण प्रणाली लागू गरिएको छ।

(ज) **लेखा प्रणालीमा सुधारः** लेखा ढाँचामा पुनरावलोकन गरी संघ र प्रदेश सरकारका निकायहरूमा नेपाल सार्वजनिक क्षेत्र लेखामान (Nepal Public Sector Accounting Standards: NPSAS) लागू गरिएको छ। सबै केन्द्रीय निकाय र प्रदेश सरकारले सो अनुसारको वित्तीय प्रतिवेदन तयार गर्ने कार्यको थालनी भएको छ। त्यस्तै नेपाल सरकार र प्रदेश तथा स्थानीय तहको आम्दानी, खर्च र सम्पत्ति तथा दायित्वलाई अन्तर्राष्ट्रिय मापदण्ड (GFS 2014) अनुरूप हुनेगरी आर्थिक सङ्केत निर्धारण तथा वर्गीकरण गरिएको छ।

(झ) **बजेट प्रणालीमा सुधारः** नेपाल सरकारको मन्त्रालयगत बजेट सूचना प्रणाली (LMBIS) र एकल खाता कोष प्रणाली (TSA) तथा प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली (PLMBIS) र प्रदेश एकल खाता कोष प्रणाली (PTSA) बीच एक आपसमा

अन्तर-आबद्धता कायम गरी बजेट निकासा र भुक्तानी प्रणालीमा रहेका जोखिमलाई न्यूनीकरण गरिएको छ। मौसमी प्रतिकूलताका कारण समयमा खर्च गर्न कठिन हुने हिमाली तथा उच्च पहाडी जिल्लाहरूमा विनियोजित बजेट मध्ये आर्थिक वर्षको अन्त्यमा खर्च हुन बाँकी रकम तत्कालै अर्को वर्षको आरम्भदेखि नै खर्च गर्न मिल्ने गरी निकासा गर्ने व्यवस्था मिलाइएको छ।

(ञ) **ऋण व्यवस्थापनमा सुधारः** स्थानीय मुद्रामा ऋणपत्र जारी गर्ने व्यवस्था (प्रथम संशोधन), २०७६ स्वीकृत गरिएको छ। सार्वजनिक ऋण सञ्चालन र व्यवस्थापन सफ्टवेयर (Public Debt Operation and Management Software: DOMS) सञ्चालन गरिएको छ।

(ट) **राजस्व प्रणालीमा सुधारः** आन्तरिक राजस्व विभागको तेस्रो सुधार योजना (२०१८/१९-२०२०/२१) कार्यान्वयनमा ल्याइएको छ। आयकर ऐन, २०५८ बमोजिम पेश गर्नुपर्ने आय विवरणका अनुसूची तथा खुलासा फारामहरू परिमार्जन गरी कार्यान्वयनमा ल्याइएको छ। करदाताले कर प्रशासनमा पेश गरेको आय विवरणमा त्रुटि भए आय विवरण पेश गरेको ३० दिनभित्र सच्याउन पाउने कानूनी व्यवस्था कार्यान्वयन भई तत्सम्बन्धी फाराम परिमार्जन गरी विद्युतीय प्रणालीमा समावेश गरिएको छ। विभिन्न आन्तरिक राजस्व कार्यालयमार्फत ६ सय ९७ करदाता शिक्षा तथा करसम्बन्धी अन्तरक्रिया कार्यक्रम सञ्चालन भई २४ हजार ४ सय जनालाई करदाता शिक्षा प्रदान गरिएको छ।

नेपालको आर्थिक हित र लगानी प्रवर्द्धन हुने गरी दोहोरो कर मुक्ति तथा वित्तीय छल निरोध सम्झौता गर्ने नीतिअनुरूप बेलायतसँग दोस्रो चरणको वार्ता सम्पन्न भएको छ। भन्सार कार्यालयमा पेश गर्नुपर्ने कागजातहरू विद्युतीय माध्यमबाट बुझाउने व्यवस्था विद्युतीय प्रणाली लागू भएका भन्सार कार्यालयहरूबाट कार्यान्वयनमा ल्याइएको छ। माल वस्तुको वर्गीकरण तथा उत्पत्तिको सम्बन्धमा पूर्वादेश जारी गर्ने व्यवस्था कार्यान्वयनमा ल्याइएको छ। वार्षिक एक करोड रुपैयाँभन्दा बढी मूल्यको जुनसुकै प्रकृतिको माल वस्तु निकासी गर्ने सबै उद्योगहरूलाई वण्डेड वेयर हाउसको सुविधा प्रदान गर्ने व्यवस्था मिलाइएको छ।

अन्तर्राष्ट्रिय व्यापारलाई पारदर्शी र मर्यादित बनाउने क्रममा नेपालको भन्सार प्रशासन र चिनियाँ भन्सार प्रशासन बीच भन्सार सहयोग सम्झौता सम्पन्न भएको छ।

(ठ) **राजस्व चुहावट नियन्त्रणः** राजस्व चुहावट अनुसन्धान र नियन्त्रणलाई थप प्रभावकारी बनाउन राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) (पहिलो संशोधन) ऐन, २०७६ जारी गरी लागू गरिएको छ। राजस्व चुहावट अनुसन्धान तथा नियन्त्रणमा प्रभावकारिता वृद्धि गर्न व्यावसायिक प्रयोजनका मालवस्तु तथा ढुवानीका साधनको अनुगमन प्रणाली (Vehicle and Consignment Tracking System: VCTS) पूर्ण रूपमा कार्यान्वयनमा ल्याइएको छ। यस आ.व. को अन्त्यसम्म यस प्रणालीका प्रयोगकर्ता ८८ हजार पुगेका छन्।

यस आ.व.मा मा राजस्व चुहावटको कसूरमा ९७ वटा मुद्दामा ३ सय २० जनाबाट रु. १५ अर्ब १५ करोड बिगो असुल उपर गरी जरिबाना र कैद माग दावी गरी अदालतमा मुद्दा दायर गरिएको छ। अघिल्लो आर्थिक वर्षमा यस्ता ९३ वटा मुद्दामा ३ सय १ जनाबाट रु. ९ करोड ८३ लाख बिगो रकम असुल गरिएको थियो। यस वर्ष झुट्टा तथा नक्कली बीजक जारी गर्ने दुई सय फर्मको पहिचान भएकोमा १ सय ७१ फर्मको अनुसन्धान सम्पन्न गरी ५६ वटा फर्मको विरुद्ध मुद्दा दायर भएको छ। यसै वर्ष विदेशी विनिमय अपचलन तथा अवैध हुण्डी कारोबारको कसूरमा २ सय २६ जना विरुद्ध अदालतमा १ सय ४७ मुद्दा दायर गरिएको छ।

(ड) **वैदेशिक सहायता परिचालनः** आ.व. २०७६/७७ मा अनुदान सहायता रु. ३० अर्ब १० करोड र ऋण रु. १८९ अर्ब ७७ करोड गरी जम्मा रु. २१९ अर्ब ८७ करोडको अन्तर्राष्ट्रिय आर्थिक सहायता प्रतिबद्धता प्राप्त भएको छ। वैदेशिक सहायतामा बजेटरी सहायताको अंश वृद्धि गर्नेगरी विकास सहायता परिचालन गर्न जोड दिइएको छ। प्रदेश तथा स्थानीय तहमा विकास सहायता परिचालनसम्बन्धी मापदण्ड तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको छ। विकास सहायतासम्बन्धी विद्यमान सूचना व्यवस्थापन प्रणाली "सहायता व्यवस्थापन प्लेटफर्म" (Aid Management Platform: AMP) लाई स्तर वृद्धि गरी नयाँ पद्धति

"सहायता व्यवस्थापन सूचना प्रणाली" (Aid Management Information System: AMIS) विकास गरी प्रयोगमा ल्याइएको छ। प्रदेश तथा स्थानीय तहका पदाधिकारीलाई वार्ता सीप, आयोजना व्यवस्थापन, सार्वजनिक वित्त व्यवस्थापन र लागत-लाभ विश्लेषण तालिम तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको छ।

(ढ) **वित्तीय क्षेत्रः** वाणिज्य बैंक २७, विकास बैंक २०, वित्त कम्पनी २२, लघुवित्त कम्पनी ८५ र पूर्वाधार विकास बैंक १ गरी बैंक तथा वित्तीय संस्थाको सख्या १ सय ५५ र तिनका कुल शाखा संख्या ९ हजार ९ सय ३ पुगेको छ। शाखारहित बैंकिङ् सेवा केन्द्रको संख्या १ हजार ५ सय ७४ र एटीएमको संख्या ४ हजार १ सय ६ पुगेको छ। बचत तथा ऋण सहकारी संस्थाको संख्या ३४ हजार ८ सय ३७ पुगेको छ। वित्तीय पहुँचलाई थप वृद्धि गर्न सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदानसम्बन्धी एकीकृत कार्यविधि, २०७५ मा दोस्रो संशोधन गरी कार्यान्वयनमा ल्याइएको छ। बीमाको दायरामा आएको जनसंख्या २३ प्रतिशत पुगेको छ। पुँजीबजारतर्फ नेपाल स्टक एक्सचेञ्ज १, सूचीकृत कम्पनी २ सय १२, मर्चेण्ट बैंकर ३१, म्युचुअल फण्ड ११, धितोपत्र दलाल ५० र क्रेडिट रेटिङ् एजेन्सी १ संचालनमा रहेका छन्।

(२) उद्योग

(क) **नीतिगत तथा कानूनी सुधारः** मुलुकको औद्योगिक वातावरणलाई लगानीमैत्री तथा प्रतिस्पर्धी बनाउन र उद्योग क्षेत्रको सहज, अनुमानयोग्य र प्रभावकारी व्यवस्थापन गरी गतिशील एवं सबल अर्थतन्त्र निर्माण गर्न औद्योगिक व्यवसायसम्बन्धी प्रचलित कानूनलाई संशोधन र एकीकरण गरी औद्योगिक व्यवसाय ऐन, २०७६ जारी गरिएको छ। त्यस्तै सेफगाड्र्स उपाय, एन्टी-डम्पिङ्ग वा काउण्टरभेलिङ्ग महसुलको माध्यमबाट कुनै माल वस्तुको अत्याधिक आयातको कारणले स्वदेशी उद्योगमा हुने हानि नोक्सानी रोक्न सेफगार्डस्, एन्टी-डम्पिङ्ग तथा काउण्टरभेलिङ्ग ऐन, २०७६ जारी भएको छ। यसैगरी उपभोक्ताको हित संरक्षणलाई थप व्यवस्थित गर्न उपभोक्ता संरक्षण नियमावली, २०७६ र प्राइभेट फर्महरूको दर्ता प्रक्रियालाई व्यवस्थित गर्न प्राइभेट फर्म रजिष्ट्रेशन (बाह्रौं संशोधन) नियमावली, २०७६ जारी गरिएका छन्।

औद्योगिक व्यवसाय विकास प्रतिष्ठान ऐन, २०५३ मा संशोधन गर्न बनेको विधेयक, २०७६, निकासी पैठारीसम्बन्धी ऐनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक, २०७६, प्रतिस्पर्धा प्रवर्द्धन तथा बजार संरक्षण ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयक,२०७६, स्टाण्डर्ड नाप तौल ऐन, २०२५ लाई संशोधन गर्न बनेको विधेयक, २०७६ र कम्पनी ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयक संसदमा प्रस्तुत गरिएका छन्।

(ख) **उद्योग दर्ताः** यस अवधिमा २ सय ७७ उद्योग दर्ता भएका छन्। ती उद्योगहरूबाट १७ हजार ३ सय ८८ रोजगारीका अवसर सिर्जना भएका छन्। यसै वर्ष ३७ हजार २ सय ५० घरेलु तथा साना उद्योग दर्ता भएका छन् भने १२ हजार ३ सय लघु उद्यमी सिर्जना भएका छन्। उद्योग विभागमा हालसम्म स्वदेशी तथा विदेशी लगानीका ८ हजार २ सय ४७ उद्योग दर्ता भएका छन् र तिनीहरूले रु. २१ खर्ब २६ अर्ब १६ करोड लगानी तथा ६ लाख १६ हजार ५ सय २ रोजगारीको प्रतिबद्धता पेश गरेका छन्।

(ग) **वैदेशिक लगानीः** यस वर्ष विदेशी लगानीका २ सय २९ उद्योगलाई अनुमति दिइएको छ। विभिन्न किसिमका उद्योगहरूमा कुल रु. ३८ अर्ब ८७ करोड बराबरको वैदेशिक लगानी स्वीकृति भएको छ। त्यस्ता उद्योगहरूले ११ हजार २ सय ९७ रोजगारी सिर्जना गर्ने प्रतिबद्धता पेश गरेका छन्। हालसम्म ५ हजार ५२ विदेशी लगानीका उद्योगले स्वीकृति पाई रु. ३ सय ३३ अर्ब लगानी र २ लाख ६९ हजार ३ सय ४९ रोजगारीको प्रतिबद्धता पेश गरेका छन्।

(घ) **कम्पनी दर्ताः** यस आर्थिक वर्षमा १८ हजार ६ सय ५३ कम्पनीहरू दर्ता भएका छन्। हालसम्म दर्ता भएका २ लाख ३५ हजार २ सय ४७ कम्पनीहरूमध्ये प्राइभेट २ लाख ३० हजार ४ सय ३५, मुनाफा नबाँड्ने कम्पनी २ हजार ८ सय ९० पब्लिक कम्पनी १ हजार ६ सय ६ र विदेशी लगानीका कम्पनी ३१६ रहेका छन्।

(ङ) **बौद्धिक सम्पत्ति दर्ताः** नेपालमा हालसम्म ५० हजार ६ सय ४९ वस्तुहरूको ट्रेडमार्क दर्ता भएको छ। सोमध्ये स्वदेशी २७ हजार ८ सय ३५ र विदेशी २२ हजार ८ सय १४ रहेका छन्। बौद्धिक सम्पत्ति अन्तर्गत पर्ने ७६ पेटेन्ट दर्ता भएका छन्। सोमध्ये स्वदेशी ४० र विदेशी ३६ रहेका छन्। त्यसैगरी १ सय

९५ डिजाइन दर्ता भएका छन्। सोमध्ये विदेशी ९३ र स्वदेशी १ सय २ रहेका छन्।

(च) **औद्योगिक ग्राम स्थापनाः** सम्बन्धित स्थानीय तहसँग सम्झौता गरी ४५ वटा औद्योगिक ग्राम निर्माणको कार्यारम्भ गरिएको छ। सुर्खेतको चौरासे, कास्कीको कोत्रे, कंचनपुरको दोधारा-चाँदनी औद्योगिक क्षेत्रभित्रको जग्गामा रहेको बस्ती व्यवस्थापनसम्बन्धी प्रतिवेदन पेश भएको छ। दमक औद्योगिक क्षेत्रभित्र जग्गा परेका जग्गाधनीलाई मुआब्जा वितरणको कार्य भइरहेको छ। चितवनको शक्तिखोर, बाँकेको नौवस्ता र कञ्चनपुरको दैजी, मकवानपुरको मयुरधाप, रूपन्देहीको मोतीपुर औद्योगिक क्षेत्रको वातावरण मूल्याङ्कन प्रतिवेदन तयार भएको छ।

(छ) **खानी उद्योगः** धौवादी फलाम खानी सञ्चालनको तयारी गरिएको छ। पर्वतको फलाम र तनहुँको तामा खानी अध्ययन कार्यको भू-भौतिक सर्वेक्षण कार्य सम्पन्न भएको छ। सबै प्रदेशको लागि विकास पूर्वाधार निर्माणमा उपयोगी हुने वैज्ञानिक भौगर्भिक नक्सा तयार गरिएको छ। दैलेखमा पेट्रोलियम अन्वेषणको प्रारम्भिक कार्य सम्पन्न गरिएको छ। थप १२ वटा खानी उद्योगलाई सञ्चालन अनुमति प्रदान गरिएको छ। त्यस्ता उद्योगमा सुन, तामा, कोइला, ग्रेनाइट र चुन ढुङ्गा रहेका छन्।

(ज) **प्रक्रियागत सरलीकरणः** वैदेशिक लगानी तथा स्वदेशी लगानी स्वीकृतिको निवेदन लिने, स्वीकृति प्रदान गर्ने, पूँजी वृद्धि, क्षमता वृद्धि, उद्देश्य थप, एकाइ स्थापना र उद्योगहरूको प्रगति विवरण प्राप्त गर्ने अनलाइन प्रणाली सञ्चालनमा ल्याइएको छ। लगानी-मैत्री वातावरण प्रवर्द्धन गर्न सहयोग पुग्ने गरी एकल बिन्दु सेवा केन्द्र सञ्चालनमा ल्याइएको छ। सो केन्द्रबाट रकम फिर्ता लैजाने, भिसा स्वीकृति, स्थायी लेखा नम्बर दर्ता, आयात निर्यात संकेत कोड प्रदान तथा श्रम स्वीकृतिको कार्य भइरहेको छ। कम्पनी दर्ता र कम्पनी प्रशासनका कार्यहरू पूर्ण स्वचालित प्रणालीमा लैजाने कार्य शुरु गरिएको छ। कम्पनीहरूको दर्ता, खारेजी, मर्जर, वार्षिक विवरण दर्ता लगायतका क्रियाकलापहरूको वास्तविक समय रिपोर्टिङ् प्रणाली (Real Time Reporting System) विकास गरी लागू गरिएको छ। कम्पनी दर्ता र अभिलेखसम्बन्धी कार्यहरूलाई अधिकृतमूलक बनाइएको छ।

(झ) **उद्यमशीलता र रोजगारी सिर्जनाः** लघु, घरेलु तथा साना उद्योगहरूलाई प्रवर्द्धन गर्न लघु, घरेलु तथा साना उद्योग प्रवर्द्धन केन्द्र स्थापना गरी सञ्चालनमा ल्याइएको छ। उद्यम तथा विप्रेषण आयोजना (समृद्धि) अन्तर्गत ३ हजार ३ सय ५० विपन्न परिवार र वैदेशिक रोजगारीमा रहेका श्रमिकका परिवारलाई कृषि उत्पादनमा सहयोग गरी उक्त उत्पादनलाई आपूर्ति श्रृङ्खलामा आबद्ध गरिएको छ। ५ हजार ७४ बेरोजगार युवा/युवतीहरूलाई रोजगारमूलक विषयमा व्यावसायिक सीपमूलक तालिम प्रदान गरी विभिन्न रोजगारी/स्वरोजगारीमा आबद्ध गराइएको छ। त्यस्तै १ हजार ७ सय श्रमिकहरूलाई औद्योगिक प्रशिक्षण र सो पश्चात् सोही प्रतिष्ठानमा रोजगारीको सुनिश्चितताका लागि उद्योग वाणिज्य संघसँग सम्झौता भई विभिन्न प्रतिष्ठानहरूमा औद्योगिक प्रशिक्षण सञ्चालन गरिएको छ। सहकारी संस्थाका १२ हजार १ सय ३५ सदस्यहरूलाई वित्तीय शिक्षा तथा व्यावसायिक ज्ञान प्रदान गरिएको छ। कोभिड-१९ का कारण वैदेशिक रोजगारी गुमाएर स्वदेश फर्केका युवाहरूको सीप र व्यावसायिक चाहनासँग सम्बन्धित विषयमा अध्ययन सम्पन्न गरिएको छ। यसैगरी गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (मेडपा) अन्तर्गत १० हजार ७ सय ७० जना नयाँ उद्यमी सिर्जना गरिएको छ भने ५ हजार २ सय ७२ जना उद्यमीको स्तरोन्नति गरिएको छ र १५ हजार ४ सय ५२ नयाँ रोजगारी सिर्जना गरिएको छ।

(ञ) **गुणस्तर निर्धारण र नियमनः** नेपाल गुणस्तर परिषद्बाट थप ४८ वस्तुमा नेपाल गुणस्तर (Nepal Standard) पारित गरिएको छ। ५२ उद्योगका उत्पादनहरूलाई नेपाल गुणस्तर इजाजत प्रदान गरिएको छ। कोभिड-१९ ले सिर्जना गरेको चुनौतीलाई ध्यानमा राखी मास्क, पन्जा, पीपीई लगायत स्वास्थ्य सुरक्षासँग सम्बन्धित वस्तुहरूमा नेपाल गुणस्तर निर्धारण गरिएको छ। बजार र उद्योगमा अनुगमन गरी वस्तुको नाप र तौल परीक्षण गर्दा अनियमिततामा संलग्न भएका ४१ उद्योगी /व्यवसायी विरुद्ध जिल्ला अदालतमा मुद्दा दायर गरिएको छ। नेपाल गुणस्तर लिएका तर सो अन्तर्गत अनिवार्य रूपमा पालना गर्नुपर्ने प्रावधानको उल्लङ्घन गर्ने २२ वस्तुहरूको नेपाल गुणस्तरको इजाजत स्थगन र खारेज गरिएको छ।

(ट) **स्वदेशी उद्योगहरूलाई प्रोत्साहनः** स्वदेशी कपडा उद्योगहरूलाई विद्युत खपतको ५० प्रतिशत र सहुलियतपूर्ण कर्जाको ब्याजमा पाँच प्रतिशत बिन्दुले अनुदान दिने व्यवस्था गरिएको छ।

(३) वाणिज्य

(क) **व्यापार घाटामा ह्रासः** कोरोना भाइरसको महामारीको बाबजुद समग्र निकासीमा केही सुधार तथा आयातमा आएको न्यूनतासँगै व्यापार घाटामा १६.८ प्रतिशतले ह्रास आएको छ। कुल वैदेशिक व्यापारमा निकासी तथा पैठारीको योगदान क्रमशः ७.५ प्रतिशत र ९२.५ प्रतिशत रहेको छ।

(ख) **सुक्खा बन्दरगाह स्थापनाः** दोधारा-चाँदनीमा सुक्खा बन्दरगाह निर्माणस्थलको लागि जमिनको उपलब्धता एवं उपयुक्ततासम्बन्धी अध्ययन गरिएको छ। चोभारमा निर्माणाधीन सुक्खा बन्दरगाहको मुख्य परिसरको निर्माण ४१ प्रतिशत र भवनको निर्माण ५१ प्रतिशत सम्पन्न भएको छ। तातोपानी सुक्खा बन्दरगाहको निर्माण सम्पन्न भएको छ। भैरहवा र नेपालगञ्जमा एकीकृत जाँच चौकी (ICP) निर्माणको लागि प्रारम्भिक वातावरण परीक्षण (IEE) सम्पन्न भएको छ।

(ग) **आयात निर्यात सहजीकरणः** आयात-निर्यात सहजीकरणका लागि राष्ट्रिय एकल बिन्दु प्रणाली (National Single Window System) को गुणस्तर सुनिश्चित गर्न अन्तर्राष्ट्रिय परामर्शदातासँग सम्झौता भएको छ। नेपालमा आयात हुने वस्तुहरूमध्ये एण्टिडम्पिङ्ग शुल्क लगाउनु पर्ने वस्तुहरूको पहिचानका लागि अध्ययन भइरहेको छ। चीनको बन्दरगाहमार्फत तेस्रो मुलुकसँग व्यापार शुरु गर्ने प्रक्रिया अगाडि बढाइएको छ।

(घ) **व्यापार प्रवर्द्धनः** बंगलादेशमा वाणिज्य सचिव स्तरीय व्यापार तथा पारवहनसम्बन्धी बैठक सम्पन्न भई २ वटा समझदारी-पत्र (MoU) मा हस्ताक्षर भएको छ। भारतको नयाँ दिल्ली र काठमाडौंमा व्यापार र पारवहनसम्बन्धी सह-सचिव स्तरीय द्विपक्षीय बैठक सम्पन्न भएको छ। नेपाल-भारत रेल सेवा सम्झौता वार्ता सम्पन्न भई सन् २०२७ सम्मका लागि नवीकरण भएको छ। कोभिड-१९ का कारण घोषणा गरिएको बन्दाबन्दीको समयमा सार्कस्तरीय भिडिओ कन्फ्रेन्सको माध्यमबाट वैदेशिक व्यापार सहजीकरण गरिएको छ। भुटान, वंगलादेश र चीनसँग

व्यापारसम्बन्धी बैठक सम्पन्न भएको छ। नेपाल व्यापार एकीकृत रणनीति (NTIS), २०७३ ले पहिचान गरेका कार्पेट, पश्मिना, छालाका वस्तुहरू, यार्न र जुत्ता चप्पलको समग्र मूल्य श्रृंङ्खला विकासका लागि आठ वटा वस्तुगत संघहरूसँग समझदारी-पत्रमा हस्ताक्षर भएको छ।

चीनको संघाई शहरमा आयोजना भएको चीन अन्तर्राष्ट्रिय आयात मेला (China International Import Expo: CIIE) २०१९, भारतको नयाँ दिल्लीमा आयोजना भएको भारत अन्तर्राष्ट्रिय व्यापार मेला, २०१९ र जर्मनीको ह्यानोभर शहरमा आयोजना गरिएको डोमेटेक्स-२०२० मा नेपालको तर्फबाट विभिन्न फर्म कम्पनी एवं व्यवसायीहरू सहभागी भएका छन्। निकासीयोग्य वस्तुहरूको अन्तर्राष्ट्रिय व्यापारमा सहजीकरण गर्न विज्ञ टोली गठन गरिएको छ।

(ङ) **उपभोक्ता हित संरक्षणः** यस आ.व. मा १ हजार ८ सय ७१ व्यावसायिक फर्महरू अनुगमन गरी ५ सय ८३ वटा फर्महरूलाई कारबाही स्वरूप रु. ३ करोड ४७ लाख जरिबाना गरिएको छ।

(च) **व्यावसायिक व्यक्तिको सम्मानः** निर्यात प्रवर्द्धन, लगानी अभिवृद्धि, रोजगारीको अवसरको सिर्जना गर्ने विभिन्न २५ व्यवसायी, संघ संस्था र सो संस्थाका प्रतिनिधिहरूलाई महत्त्वपूर्ण व्यावसायिक व्यक्तिको पदवीद्वारा सम्मान गरिएको छ।

(छ) **पेट्रोलियम पाइपलाईनः** भारतको मोतीहारीदेखि बाराको अमलेखगञ्जसम्म पेट्रोलियम पाइपलाईन निर्माण भई सो पाइपलाइनबाट पेट्रोलियम पदार्थ आयात हुन थालेको छ।

(ज) **खाद्यान्नको अनलाइन डेलिभरीः** कोभिड-१९ को संक्रमण जोखिम न्यूनीकरण गर्न गरिएको बन्दाबन्दीको समयमा खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड र साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेडबाट खाद्यान्नको अनलाइन डेलिभरी सेवा सुरु गरिएको छ।

(४) सहकारीः

सहकारी क्षेत्रको प्रवर्द्धन र विकासमार्फत नागरिकको जीवनस्तर तथा आर्थिक क्रियाकलापमा सुधार ल्याउन, समग्र ग्रामीण अर्थतन्त्रमा सहकारिताका माध्यमबाट

सकारात्मक योगदान पुऱ्याउन र सहकारीमा सुशासन कायम गर्न स्थिरीकरण कोष सञ्चालन कार्यविधि २०७६, सहकारी प्रवर्द्धन कोष सञ्चालन कार्यविधि २०७६, सहकारी क्षेत्रको वित्तीय प्रतिवेदनको ढाँचा (लेखा नीति, लेखा सूची र लेखा मापदण्ड), २०७६, सहकारी संस्थाको साधारण सभा (कार्य व्यवस्था) निर्देशिका, २०७६ लगायत विभिन्न कार्यविधि, निर्देशिका स्वीकृत गरिएको छ। त्यस्तै सहकारीमा हुनसक्ने अवैध लगानी तथा कारोबार रोकी सम्पत्ति शुद्धीकरण निवारणको राष्ट्रिय लक्ष्य हासिल गर्न सम्पत्ति शुद्धीकरणसम्बन्धी सहकारी संघसंस्थालाई जारी गरिएका निर्देशनहरू (पहिलो संशोधन), २०७६ लागू भएको छ। सहकारीसम्बन्धी वित्तीय सूचना विश्लेषण गर्न एकीकृत व्यवस्थापन सूचना प्रणाली लागू गरिएको छ।

२.२.५ कृषि र भूमिसुधारसम्बन्धी नीति

नेपालको संविधानको धारा ५१ को खण्ड (ङ) ले कृषि र भूमिसुधारका सम्बन्धमा निम्नलिखित नीतिहरूको व्यवस्था गरेको छः

(१) भूमिमा रहेको दोहोरो स्वामित्व अन्त्य गर्दै किसानको हितलाई ध्यानमा राखी वैज्ञानिक भूमिसुधार गर्ने।

(२) अनुपस्थित भू-स्वामित्वलाई निरुत्साहित गर्दै जग्गाको चक्लाबन्दी गरी उत्पादन र उत्पादकत्व वृद्धि गर्ने।

(३) किसानको हक हित संरक्षण र संवर्द्धन गर्दै कृषिको उत्पादन र उत्पादकत्व बढाउन भू-उपयोग नीतिको अवलम्बन गरी भूमिको व्यवस्थापन र कृषिको व्यावसायीकरण, औद्योगीकरण, विविधीकरण र आधुनिकीकरण गर्ने।

(४) भूमिको उत्पादनशीलता, प्रकृति तथा वातावरणीय सन्तुलन समेतका आधारमा नियमन र व्यवस्थापन गर्दै त्यसको समुचित उपयोग गर्ने।

(५) कृषकका लागि कृषि सामग्री, कृषि उपजको उचित मूल्य र बजारमा पहुँचको व्यवस्था गर्ने।

कृषि तथा भूमिसुधारसम्बन्धी नीतिको कार्यान्वयनबाट प्राप्त मुख्य उपलब्धिहरू

भूमिको वैज्ञानिक व्यवस्थापन एवं उपयोग, कृषि तथा पशुपन्छी क्षेत्रको व्यावसायीकरण, विविधीकरण र आधुनिकीकरण गर्दै उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्न तथा किसानको हित

सुनिश्चित गर्न संविधानमा व्यवस्था गरिएका कृषि तथा भूमिसुधारसम्बन्धी नीतिको कार्यान्वयनका लागि निम्नलिखित कार्यहरू गरी देहायबमोजिमका उपलब्धिहरू हासिल भएका छन्:

(१) भूमि व्यवस्था

(क) **नीतिगत तथा कानूनी सुधारः** भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासको समस्या, मोहीसम्बन्धी समस्या र उद्योग प्रतिष्ठानको जग्गाको हदबन्दीसम्बन्धी समस्यासमेत समाधान गर्न भूमिसम्बन्धी ऐन, २०२१ मा समसामयिक संशोधन गरी बनाइएको भूमिसम्बन्धी (आठौं संशोधन) ऐन, २०७६ लागू भएको छ। भूमिको वर्गीकरण, समुचित उपयोग र प्रभावकारी व्यवस्थापनको माध्यमबाट अधिकतम र दिगो लाभ हासिल जारी भएको भू-उपयोग ऐन, २०७६ लागू भएको छ।

(ख) **भू-उपयोग नक्साः** यस आर्थिक वर्षमा १ सय ६३ स्थानीय तहहरूको भू-उपयोग नक्सा/डाटा र प्रतिवेदन तयारी कार्य सम्पन्न भएको छ। हाल सम्ममा जम्मा ५ सय ३२ स्थानीय तहको भू-उपयोग नक्सा/डाटा तयार गर्ने कार्य भएको छ। ५० स्थानीय तहहरूमा भू-उपयोग नक्सा/डाटा कार्यान्वयनका लागि अभिमुखीकरण तालिम सम्पन्न गरिएको छ।

(ग) **भूमिसम्बन्धी समस्या समाधान आयोग गठनः** भूमिहीन सुकुम्बासीलाई जग्गा वा आवास उपलब्ध गराउने तथा अव्यवस्थित बसोबासलाई व्यवस्थापन गर्ने प्रयोजनको लागि भूमिसम्बन्धी समस्या समाधान आयोग गठन आदेश, २०७६ अनुसार भूमिसम्बन्धी समस्या समाधान आयोग गठन गरिएको छ।

(घ) **नेपाल सरकारको नाममा जग्गा फिर्ताः** विभिन्न व्यक्ति/संस्थाद्वारा अतिक्रमित २ सय ८४ विगाहा जग्गा नेपाल सरकारको नाममा फिर्ता ल्याइएको छ। सरकारी, सार्वजनिक तथा गुठी जग्गा छानबिन समितिद्वारा देशका विभिन्न भागमा विभिन्न व्यक्ति/संस्थाद्वारा दुरुपयोग गरिएको ४ सय ६२ विगाहा जग्गा नेपाल सरकारको नाममा फिर्ता ल्याउनेसम्बन्धी प्रतिवेदन प्राप्त गरिएको छ।

(ङ) **सगरमाथाको उचाइ मापनः** विश्वको सर्वोच्च शिखर सगरमाथाको उचाइ आफ्नै जनशक्ति, क्षमता र स्रोतबाट मापन गरिएको छ। मित्रराष्ट्र चीनसँग समन्वय गरी संयुक्त रूपमा उचाइ सार्वजनिक गर्ने तयारी अन्तिम चरणमा रहेको छ।

(च) **भौगोलिक सूचना पूर्वाधार विकासः** २० हजार वर्ग किलोमिटर क्षेत्रमा सञ्चालन भइरहेको लाइट डिटेक्सन एण्ड रेञ्जिङ् (LiDAR) सर्वेक्षण तथा नक्साङ्कनका लागि ४६ ग्लोवल नेभिगेसन स्याटेलाइट सिस्टम (GNSS) र ३ सय ९९ जाँच केन्द्रहरू स्थापना गरिएको छ भने डाटा प्रशोधनका लागि प्रयोगशाला स्थापना भएको छ।

(छ) **जग्गा नापीः** करिब २८२ हेक्टर गाउँ ब्लक नापी, ३ हजार ८ सय ९४ हेक्टर पुनः नापी, ९ हजार ९ सय २६ हेक्टर विशेष नापी गरी जम्मा १४ हजार १ सय २ हेक्टर नापनक्सा कार्य सम्पन्न गरिएको छ।

(२) कृषि तथा पशुपन्छी

(क) **पशु उत्पादनमा आत्मनिर्भरताः** कुखुराको अण्डामा पूर्ण आत्मनिर्भरता हासिल भएको छ भने कुखुराको मासु, खसी/बोका, काँचो दूध र माछामा आत्मनिर्भरता हासिल हुने क्रममा रहेको छ।

(ख) **आयातमा कमीः** आ.व. २०७५/७६ को तुलनामा जिउँदो पशुपन्छीको आयातमा ७६.७%, मासु तथा मासुजन्य उत्पादन आयातमा ६२.५% र माछा लगायतका अन्य जलचर जीवको आयातमा ६.८% ले कमी आएको छ।

(ग) **मूल्य निर्धारणः** कृषकहरूको उत्पादन लागत बमोजिम कृषि उपजको मूल्य सुनिश्चित गर्न तथा कृषि व्यवसाय प्रति उत्प्रेरित गर्न धान र उखुको न्यूनतम समर्थन मूल्य तोकिँदै आएकोमा आ.व. २०७६/७७ देखि गहुँ बालीको समर्थन मूल्य तोकिएको छ। आ.व. २०७७/७८ को लागि बाली लगाउनु पूर्व नै धान बालीको न्यूनतम समर्थन मूल्य समेत तोकिएको छ।

(घ) **राष्ट्रिय सन्दर्भ प्रयोगशालाः** केन्द्रीय पशुपन्छी रोग अन्वेषण प्रयोगशालालाई BSL-२ + सुविधासहित राष्ट्रिय सन्दर्भ प्रयोगशाला (National Reference Laboratory) को रूपमा स्थापित गरिएको छ।

(ङ) **घुम्ती प्रयोगशालाः** घुम्ती प्रयोगशालामार्फत कृषक/व्यवसायीहरूको घरदैलोमा पशुपन्छीको दाना तथा दूधको गुणस्तर परीक्षण सेवा सुरु गरिएको छ।

(च) **पशु नश्ल सुधारः** पशु नश्ल सुधारका लागि ५ लाख ७७ हजार ७ सय १९ गाई, भैंसी र बाख्रामा कृत्रिम गर्भाधान गरिएको, २ लाख २५ हजार ९ सय ९ लिटर

तरल नाइट्रोजन उत्पादन तथा वितरण भएको, राँगा, साँढे र बोकाको ७ लाख ९३ हजार ८ सय ८४ डोज जमेको वीर्य उत्पादन तथा वितरण भएको छ।

(छ) **पशुजन्य उत्पादन निर्यातः** काँचो छाला (३ लाख ७० हजार २१ वर्ग मिटर), शुद्ध घ्यू (तीन मेट्रिक टन), चीज (८ हजार २ सय ६० के.जी.) र छुर्पी (७१७.२६ मे.टन) लगायत पशुजन्य उत्पादन निर्यात गरिएको छ।

(ज) **आकस्मिक रोग नियन्त्रणः** आकस्मिक रोग नियन्त्रणका लागि पशुपन्छी रोग अन्वेषण प्रयोगशालाहरूमा पी.पी.आर., रेबिज एवं खोरेत खोप उपलब्ध गराई भ्याक्सिन बैंक व्यवस्थापन गरिएको छ। पशुपन्छीहरूमा महामारीको रूपमा देखा पर्ने संक्रामक रोगहरूको सम्भावित संक्रमणबाट कृषकहरूलाई हुने आर्थिक क्षतिबाट जोगाउन तथा मानव स्वास्थ्य समेतको संरक्षण गर्न आठ प्रकारका ४ करोड १६ लाख मात्रा खोप उत्पादन तथा प्रयोग गरिएको छ। यसमध्ये राष्ट्रिय रोग नियन्त्रण कार्यक्रमको लागि पाँच प्रकारका ९५ लाख २८ हजार डोज भ्याक्सिनहरू उत्पादन तथा निःशुल्क वितरण गरिएको छ।

(झ) **पशुपन्छी बीमाः** कृषि तथा पशुपन्छी बीमाको प्रिमियमका लागि रु. ४७ करोड ६९ लाख अनुदान उपलब्ध गराइएको छ।

(ञ) **प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाः** प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनालाई बाली विशेष अनुसार देशैभर सञ्चालनमा ल्याइएको छ।

(ट) **कृषिको यान्त्रिकीकरणः** कृषिमा यान्त्रिकीकरणलाई प्रवर्द्धन गर्नका लागि मागको आधारमा १ हजार ३ सय ९९ वटा कृषि यन्त्रहरू कृषकहरूलाई अनुदानमा उपलब्ध गराइएको छ।

(ठ) **रासायनिक मलको बिक्री वितरणः** रासायनिक मलको बिक्री वितरणमा रकम अपुग हुन नदिन अघिल्लो आ.व.को भन्दा १८.८ प्रतिशतले बजेट वृद्धि गरिएको छ। युरिया २ लाख २५ हजार ४ सय ३३ मे.टन, डी.ए.पी. १ लाख ५९ हजार ७ सय २५ मे.टन र पोटास ९ हजार ५ सय ७४ मे.टन गरी जम्मा ३ लाख ९४ हजार ७ सय ३२ मे.टन लागत सहभागिताको आधारमा कृषकलाई बिक्री वितरण गरिएको छ। विराटनगरमा पाँच हजार मे.टन, वीरगञ्जमा १० हजार मे.टन र नवलपरासीमा पाँच हजार मे.टन क्षमताको मलखाद गोदाम निर्माण कार्यलाई निरन्तरता दिइएको छ।

(ङ) **बीउ बिजन वितरणः** कृषकहरूलाई खाद्य लगायत अन्य कृषि वस्तुको २ हजार ९ सय ६५ मे.टन उन्नत बीउ उपलब्ध गराइएको छ भने उन्नत बीउबिजनको सुनिश्चितताका लागि विभिन्न बालीको ८ सय ८५ मे.टन स्रोत बीउ उत्पादन गरी बीउ उत्पादक कम्पनीलाई उपलब्ध गराइएको छ।

(ढ) **उखु कृषकलाई अनुदान वितरणः** आठ जिल्लाका उखु उत्पादक कृषकहरूलाई प्रति क्वीण्टल रु. ६५.२८ का दरले हुन आउने कुल रकम रु. १ अर्ब ३७ करोड अनुदान भुक्तानी गरिएको छ।

(ण) **कृषि प्रसारणः** रेडियो नेपाल र नेपाल टेलिभिजनबाट हरेक दिन कृषि कार्यक्रम निरन्तर प्रसारण भइरहेको छ। कृषिसम्बन्धी विभिन्न प्रकाशन कृषि डायरी, कृषि चौमासिक पत्रिका, प्राविधिक पुस्तिका, कृषि क्यालेण्डर, लिफलेट, फ्लेक्स आदि प्रकाशन गरी वितरण गरिएको छ।

(त) **अनुदान वितरणः** चक्लाबन्दीमा आधारित खेती गर्ने कार्यलाई प्रोत्साहन गर्नको लागि ७ सय २३ हेक्टर क्षेत्रफलमा चक्लाबन्दीमा आधारित भई खेती गर्ने समूह, सहकारीलाई अनुदान प्रवाह गरिएको छ। यसैगरी कृषकहरूलाई उत्पादनतर्फ अभिप्रेरित गर्नको लागि प्रतिफलमा आधारित अनुदान प्रवाहको माध्यमबाट ८ हजार ६ सय ९७ हेक्टर क्षेत्रफलमा अनुदानमा सहयोग गरिएको छ।

२.२.६ विकाससम्बन्धी नीति

विकास सम्बन्धमा संविधानको धारा ५१ को खण्ड (च) ले निम्नलिखित नीतिहरूको व्यवस्था गरेको छः

(१) क्षेत्रीय सन्तुलन सहितको समावेशी आर्थिक विकासका लागि क्षेत्रीय विकासको योजना अन्तर्गत दिगो सामाजिक आर्थिक विकासका रणनीति र कार्यक्रमहरू तर्जुमा गरी समन्वयात्मक तवरले कार्यान्वयन गर्ने।

(२) विकासका दृष्टिले पछाडि परेका क्षेत्रलाई प्राथमिकता दिँदै सन्तुलित, वातावरण अनुकूल, गुणस्तरीय तथा दिगो रूपमा भौतिक पूर्वाधारको विकास गर्ने।

(३) विकास निर्माणको प्रक्रियामा जनसहभागिता अभिवृद्धि गर्ने।

(४) वैज्ञानिक अध्ययन, अनुसन्धान एवं विज्ञान र प्रविधिको आविष्कार, उन्नयन र विकासमा लगानी अभिवृद्धि गर्ने तथा वैज्ञानिक, प्राविधिक, बौद्धिक र विशिष्ट प्रतिभाहरूको संरक्षण गर्ने।

(५) राष्ट्रिय आवश्यकता अनुसार सूचना प्रविधिको विकास र विस्तार गरी त्यसमा सर्वसाधारण जनताको सहज र सरल पहुँच सुनिश्चित गर्ने तथा राष्ट्रिय विकासमा सूचना प्रविधिको उच्चतम उपयोग गर्ने।

(६) विकासको प्रतिफल वितरणमा विपन्न नागरिकलाई प्राथमिकता दिँदै आम जनताले न्यायोचित रूपमा पाउने व्यवस्था गर्ने।

(७) एकीकृत राष्ट्रिय परिचयपत्र व्यवस्थापन सूचना प्रणाली विकास गरी नागरिकका सबै प्रकारका सूचना र विवरणहरू एकीकृत रूपमा व्यवस्थापन गर्ने तथा यसलाई राज्यबाट उपलब्ध हुने सेवा सुविधा र राष्ट्रिय विकास योजनासँग आबद्ध गर्ने।

(८) जनसाङ्ख्यिक तथ्याङ्कलाई अद्यावधिक गर्दै राष्ट्रिय विकास योजनासँग आबद्ध गर्ने।

विकाससम्बन्धी नीतिको कार्यान्वयनबाट प्राप्त मुख्य उपलब्धिहरू

यस आर्थिक वर्षमा नेपालको संविधानमा व्यवस्था गरिएको विकाससम्बन्धी नीति कार्यान्वयनको लागि समग्र विकास व्यवस्थापन र सडक, रेल तथा जल यातायात र दूरसञ्चारको विकास, विस्तार एवं पहुँच वृद्धिका क्षेत्रमा सम्पादित कार्यहरू र हासिल भएका उपलब्धिहरू देहायबमोजिम रहेका छन्:

(१) विकास योजना

(क) पन्ध्रौं योजनाः "समृद्ध नेपाल, सुखी नेपाली" को राष्ट्रिय आकाङ्क्षालाई मूल आधार मानी वि.सं. २०७९ सम्म अति कम विकसित मुलुकबाट स्तरोन्नति हुने, वि.सं. २०८७ सम्म दिगो विकास लक्ष्यको प्राप्तिसँगै उच्च मध्यम आय भएको मुलुकमा स्तरोन्नति हुने तथा वि.सं. २१०० सम्ममा समुन्नत मुलुकको रूपमा स्थापित हुने लक्ष्यका साथ गन्तव्य सूचक तथा परिमाणात्मक लक्ष्य निर्धारण गर्दै दीर्घकालीन सोच सहितको पन्ध्रौं योजना (२०७६/७७-२०८०/८१) को विस्तृत दस्तावेज स्वीकृत भई कार्यान्वयनमा आएको छ।

(ख) **दिगो विकास लक्ष्यः** सन् २०३० सम्ममा हासिल गर्नुपर्ने दिगो विकासका लक्ष्य अन्तर्गत विभिन्न १७ वटा लक्ष्य तथा त्यस अन्तर्गतका परिमाणात्मक लक्ष्य र विश्वव्यापी सूचकमा सन् २०१९ सम्मको अवधिमा नेपालले हासिल गरेको उपलब्धि तथा प्रगति समीक्षा सहितको दिगो विकास लक्ष्यको प्रगति प्रतिवेदन २०१९ (SDGs Report 2019) तयार गरिएको छ। स्थानीय तहको योजना तथा बजेट प्रणालीमा दिगो विकास लक्ष्यको आन्तरिकीकरण गर्न यससम्बन्धी स्रोत पुस्तिका (SDGs Localization Handbook) तयार भई प्रयोगमा आएको छ।

(२) कानूनी सुधारः

स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम (सञ्चालन कार्यविधि) नियमावली, २०७६ स्वीकृत गरिएको छ। प्रादेशिक तथा स्थानीय सडक सुधार कार्यक्रम सञ्चालन कार्यविधि, २०७६, स्थानीय तहको प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०७६, हिमाली क्षेत्र जीविकोपार्जन सुधार कार्यक्रम सञ्चालन कार्यविधि, २०७६ र तराई-मधेश समृद्धि कार्यक्रमको परिमार्जित कार्यविधि स्वीकृत भएका छन्।

(३) आयोजना व्यवस्थापनमा सुधारः

(क) **आयोजना बैंकः** विकास आयोजनाको प्रभावकारी व्यवस्थापन एवं आयोजना सुशासन कायम गर्न आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ बमोजिम राष्ट्रिय योजना आयोगमा आयोजना बैंक स्थापना गरिएको छ। राष्ट्रिय आयोजना बैंक व्यवस्थापन सूचना प्रणाली (National Project Bank Management Information System) लाई स्तरोन्नति गरिएको छ। यसमा आर्थिक वर्ष २०७६/७७ को अन्त्यसम्म करिब ६ हजार ५ सय आयोजनाहरू प्रविष्ट भइसकेका छन्।

(ख) **मध्यमकालीन खर्च संरचनाः** पन्ध्रौं योजनाको प्रभावकारी कार्यान्वयनलाई सुनिश्चित गर्न र कोभिड-१९ को विश्वव्यापी महामारीबाट परेको असर तथा प्रभावलाई न्यूनीकरण गर्दै मानवीय एवं सामाजिक पक्षलाई सुदृढ बनाउने तथा समग्र अर्थतन्त्रको पुनरुत्थान गर्ने लक्ष्यका साथ आगामी तीन वर्षमा हुने खर्चको प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना (आ.व. २०७७/७८-२०७९/८०) तयार भई कार्यान्वयनमा आएको छ।

(ग) **बहुवर्षीय ठेक्कासम्बन्धी मापदण्डः** आयोजनामा विना स्रोतको ठूलो आर्थिक दायित्व सिर्जना गर्ने परिपाटीको अन्त्य गर्दै निर्दिष्ट समय, लागत र गुणस्तरमा आयोजनाहरू सम्पन्न गर्न ठूला आयोजनाहरूको बहुवर्षीय खरिद प्रक्रियाको समुचित व्यवस्थापनका लागि निश्चित आधार तथा मापदण्डसहितको आयोजनाहरूको बहुवर्षीय ठेक्कासम्बन्धी मापदण्ड, २०७६ कार्यान्वयनमा ल्याइएको छ।

(घ) **स्रोत व्यवस्थापनः** विगतदेखि निर्माण आरम्भ भएका तर स्रोतको न्यूनताले गर्दा सम्पन्न हुन नसकेका अधुरा आयोजनाहरूलाई सम्पन्न गर्ने प्रयोजनको लागि बजेट विनियोजन गरी माग, कार्यप्रगति र स्रोतको उपलब्धताका आधारमा निकासा दिने काम शुरु गरिएको छ।

(ङ) **कार्यसम्पादन करारः** आयोजना प्रमुख र अन्य जिम्मेवार पदाधिकारीहरूसँग कार्यसम्पादन करार गर्ने व्यवस्थालाई लागू गरिएको छ।

(४) एकीकृत राष्ट्रिय परिचयपत्र व्यवस्थापन

(क) **नीतिगत तथा कानूनी सुधारः** राष्ट्रिय परिचयपत्र वितरण कार्यलाई व्यवस्थित गर्न राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन, २०७६ जारी भई कार्यान्वयनमा आएको छ। राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण नियमावली, २०७७ स्वीकृतिको चरणमा रहेको छ। राष्ट्रिय परिचयपत्र व्यवस्थापनसम्बन्धी आर्थिक निर्देशिका, २०७६ र व्यक्तिगत घटना दर्ता तथा तथ्याङ्क व्यवस्थापन रणनीति, २०७६ स्वीकृत भई कार्यान्वयनमा आएको छ।

(ख) **राष्ट्रिय परिचयपत्र प्रशोधन प्रणालीः** राष्ट्रिय परिचयपत्रसम्बन्धी विवरण प्रशोधन गर्न सक्ने राष्ट्रिय स्तरको प्रणाली स्थापनाको कार्य सन् २०२० सम्म सम्पन्न गर्ने गरी कार्य भइरहेको छ।

(ग) **राष्ट्रिय परिचयपत्र विवरण सङ्कलन तथा वितरणः** १६ जिल्लाका २ लाख १४ हजार नेपाली नागरिकहरूको विवरण सङ्कलन भएको छ। हालसम्म १ लाख ७५ हजार जनालाई राष्ट्रिय परिचयपत्र वितरण गरिसकिएको छ।

(५) सडक निर्माण

(क) **सडक विस्तारः** सडक विभाग मातहतबाट थप ७ सय २९ कि.मि. सडक कालोपत्रे स्तरमा स्तरोन्नति गरिएको छ भने ३ सय ५२ कि.मि. कालोपत्रे सडक पुनः निर्माण तथा पुनःस्थापना गरी यस अवधिमा कुल १ हजार ८१ कि.मि. कालोपत्रे बनाइएको छ। साथै, ३ सय ६५ कि.मि. नयाँ ट्र्याक निर्माण र ७ सय ५७ कि.मि. सडक खण्डास्मित स्तरमा स्तरोन्नति गरिएको छ। जम्मा २ सय १८ वटा पुलको निर्माण सम्पन्न भएको छ। स्थानीय तहहरूबाट कालोपत्रे सडक २ सय ५० कि.मि., ग्राभेल सडक १ सय ५ कि.मि. र कच्ची (माटे) ग्रामीण सडक ३५.५१ कि.मि. निर्माण गरिएको छ।

(ख) **सडक मर्मतः** करिब ७ हजार २ सय कि.मि. सडकको नियमित र ३ सय ६० कि.मि. सडकको पटके मर्मत कार्य सम्पन्न भएको छ। स्थानीय तहहरूबाट आवधिक ५ सय ५७ कि.मि. र नियमित १ हजार ७ सय १६ कि.मि. सडक मर्मत गरिएको छ।

(ग) **काठमाडौं उपत्यकामा सडक विस्तारः** चक्रपथको ग्वार्को, सातदोबाटो, एकान्तकुना चोकहरूमा फ्लाई ओभर डिजाइन गर्न परामर्शदाता छनौट भएको छ। काठमाडौं चक्रपथ विस्तार आयोजना दोस्रो चरण अन्तर्गत कलंकीदेखि गोंगबु-महाराजगञ्ज-धोबीखोलासम्म सडक विस्तारका लागि सडकको अधिकारक्षेत्र (Right of Way) भित्र पर्ने संरचनाहरू हटाई साइट क्लियरेन्स गर्ने काम अन्तिम चरणमा पुगेको छ। यस सडक खण्डको महाराजगञ्ज चोकमा पर्ने जग्गा तथा घरहरूको मुआब्जा वितरणका लागि प्रक्रिया शुरु भएको छ।

(घ) **काठमाडौं-तराई/मधेश द्रुतमार्गः** राष्ट्रिय गौरवको आयोजनाको रूपमा रहेको काठमाण्डौ-तराई/मधेश द्रुतमार्ग सडक आयोजनाको विस्तृत परियोजना प्रतिवेदन स्वीकृत गरिएको छ। आयोजनाको डिजाइन तथा सुपरिवेक्षणका लागि अन्तर्राष्ट्रिय परामर्शदातासंग सम्झौता सम्पन्न भएको छ। काठमाडौं-तराई/मधेश द्रुतमार्ग सडक आयोजनाको (तेस्रो संशोधन) कार्यविधि, २०७७ स्वीकृत भएको छ। द्रुतमार्गको विस्तृत परियोजना प्रतिवेदन पुनरावलोकनका लागि अन्तर्राष्ट्रिय परामर्शदातासँग सम्झौता सम्पन्न भएको छ। सडक क्षेत्रमा पर्ने १ हजार १ सय

४५ वटा रुख कटान भएको छ। आयोजनाको कार्यक्षेत्रलाई ११ वटा विभिन्न क्लष्टरमा विभाजन गरी वि.सं. २०८१ सालको असार मसान्तसम्म द्रुतमार्ग अन्तर्गतको पुल, सडक तथा सुरुङ्ग मार्गको निर्माण सम्पन्न गर्नेगरी समग्र योजना तयार भएको छ। काठमाडौं, ललितपुर र मकवानपुर जिल्लामा जम्मा ८७-०-१-१.४ जग्गा प्राप्तिको लागि सिफारिस गरिएको छ। टनेल निर्माणका लागि मकवानपुर जिल्लाका विभिन्न स्थानमा ९९ रोपनी जग्गा अधिग्रहण भएको छ।

(ङ) **कालीगण्डकी कोरिडोरः** यो सडकको ३० कि.मि. ट्र्याकलाई १० मिटर चौडा गर्ने कार्य सम्पन्न भएको छ।

(च) **कर्णाली कोरिडोरः** कर्णाली कोरिडोरको १३ कि.मि. ट्र्याक निर्माण भएको छ।

(छ) **बेनीघाट-आरुघाट-लार्केभञ्ज्याङ् सडकः** यस सडकको ३.५ कि.मि. ट्र्याक निर्माण भएको छ।

(६) रेल सञ्जाल निर्माण

(क) **ट्र्याक निर्माणः** यस अवधिमा पूर्व-पश्चिम रेलमार्गको ५.५ कि.मि. रेल्वे ट्र्याक निर्माण गरिएको छ। सो समेत हालसम्म कुल १२.५ कि.मि. रेल्वे ट्र्याक निर्माण भएको छ।

(ख) **पुल निर्माणः** कुल सात वटा पुलको फाउन्डेसन निर्माण भएको छ।

(ग) **जग्गा अधिग्रहणः** रेलमार्ग निर्माणको लागि विभिन्न जिल्लाहरूमा विगाहा जग्गा अधिग्रहण भएको छ। इनरूवा-काँकडभिट्टा रेलमार्ग निर्माणको लागि झापा, मोरङ, सुनसरी जिल्लाभित्र पर्ने १ सय ६ कि.मि. रेलमार्गको क्षेत्रमा जग्गा अधिग्रहण कार्यका लागि जग्गा प्राप्तिको प्रक्रिया अघि बढाइएको छ।

(७) यातायातः

कर्णाली, नारायणी, कालीगण्डकी र कोशी नदीहरूमा जलमार्गको विस्तृत सम्भाव्यता अध्ययनका लागि आवश्यक कार्य अघि बढाइएको छ।

(८) शहरी विकास

(क) **काठमाडौं उपत्यका विकासः** वाग्मती नदी सफाइ अभियानलाई निरन्तरता दिइएको छ। काठमाडौं उपत्यकाको सभ्यताको रूपमा रहेका नदीहरू ढल र प्रदूषणमुक्त बनाउन ८.३३ कि.मि. ढल, १.८२ कि.मि. सडक र १३.०९ कि.मि. तटबन्ध निर्माण गरिएको छ। सो सहित हालसम्म ८३.४९ कि.मि. ढल, १८.२९ कि.मि. सडक र ५७.५० कि.मि. तटबन्ध निर्माण भएको छ। वाग्मती नदीमा सुक्खायाममा समेत न्यूनतम वहाव कायम राख्ने उद्देश्यले निर्माण शुरु गरिएको ड्याम निर्माण यस वर्ष ३५ प्रतिशत सम्पन्न भई हालसम्म समग्रमा ८० प्रतिशत सम्पन्न भएको छ। बागमती नदीको तटीय क्षेत्र सौन्दर्यीकरण कार्यक्रममा ४३ वटा हरियाली पार्क निर्माण गरिएको छ। सिनामङ्गलदेखि थापाथली पुलसम्म ४ सय ३८ वटा सोलार बत्तीहरू जडान भएका छन्। साथै, हनुमन्ते, नक्खु र बल्खु खोलामा तटबन्ध, ढल र सडक सुधारको कार्य एकीकृत रूपमा सञ्चालन गरिएको छ।

(ख) **शहरी वातावरण सुधारः** मझौला शहर एकीकृत शहरी वातावरण सुधार आयोजना सम्पन्न भएको छ। उक्त आयोजनाबाट विराटनगर र वीरगञ्जमा १ सय २१ कि.मि. सतह नाली, ५१ कि.मि. ढल र ५२ कि.मि. सडक सुधार/निर्माण कार्य सम्पन्न भएको छ। काभ्रे उपत्यकाका तीन नगरपालिकामा सञ्चालित एकीकृत खानेपानी आयोजनाको करिव ९० प्रतिशत सम्पन्न भएको छ। आगामी २० वर्ष सम्मलाई धान्न सक्नेगरी वीरगञ्जमा एकीकृत फोहरमैला व्यवस्थापन केन्द्रको निर्माण भएको छ।

(ग) **एकीकृत शहरी विकासः** एकीकृत शहरी विकास आयोजना सम्पन्न भएको छ। उक्त आयोजनाबाट सिद्धार्थनगर, नेपालगञ्ज र जनकपुरमा १ सय ३५ कि.मि. सतह नाली र ३० कि.मि. सडक सुधार/निर्माण भएको छ। धरान उपमहानगरपालिकामा ४ सय ५० कि.मि. पाइपलाइन विस्तार सहित खानेपानी आयोजना सम्पन्न भएको छ। आगामी २० वर्ष अवधिलाई धान्न सक्नेगरी नेपालगञ्ज उपमहानगरपालिकामा एकीकृत फोहरमैला व्यवस्थापन केन्द्रको निर्माण सम्पन्न भई सञ्चालनमा आएको छ। १३ नगरपालिकाहरूलाई स्मार्ट सिटीको

रूपमा विकास गर्न गुरुयोजना तयार भएको छ। औद्योगिक तथा व्यापारिक महत्त्वका वीरगञ्ज-जीतपुर-सिमरा-पथलैया-हेटौडा कोरिडोर सम्भाव्यता अध्ययन सम्पन्न भएको छ। विराटनगर-दुहवी-इनरुवा-इटहरी-धरान-दमक र बुटवल-भैरहवा-लुम्बिनी-कपिलवस्तु कोरिडोरहरूको विस्तृत परियोजना प्रतिवेदन तयारीका लागि परामर्श सेवा लिने कार्य शुरु भएको छ। साथै, ट्रान्स-हिमालय ट्रेलमा पर्ने पाँच वटा नयाँ शहरहरूको सम्भाव्यता अध्ययन गर्ने कार्यको अन्तिम प्रतिवेदन प्राप्त गरिएको छ।

(घ) **क्षेत्रीय शहरी विकासः** क्षेत्रीय शहरी विकास आयोजनाबाट विराटगनगर, वीरगञ्ज, सिद्धार्थनगर र नेपालगञ्जमा यस वर्ष निर्माण गरिएको ३३.०५ कि.मि. सतह नाली, ०.६४२ कि.मि. ढल र २५.०६ कि.मि. सडकसहित हालसम्म १४४ कि.मि. सतह नाली, १८ कि.मि. ढल र १ सय १० कि.मि. सडक सुधार/निर्माण कार्य भएको छ।

(ङ) **सघन शहरी विकासः** सघन शहरी विकास कार्यक्रमअन्तर्गत तराई मधेशका सदरमुकामका २१ नगरपालिकाहरूमा शहरी पूर्वाधार विकास गर्न विभिन्न प्याकेजमा कार्यक्रमहरू सञ्चालनमा रहेका छन्। यस कार्यक्रमबाट यस वर्ष कालोपत्रे सडक १ सय १० कि.मि. र नाला निर्माण १ सय ६५ कि.मि. गरी हालसम्म कालोपत्रे सडक ४ सय ६० कि.मि. र नाला निर्माण ४ सय ५६ कि.मि. सम्पन्न भएको छ।

(च) **सभाहलहरूको निर्माणः** काठमाडौंको गोदावरीमा तीन हजार व्यक्ति अटाउने क्षमताको सम्मेलन केन्द्र निर्माण कार्य ६५ प्रतिशत सम्पन्न भएको छ। भक्तपुरको ठिमीमा निर्माण हुने पाँच हजार व्यक्ति क्षमताको बहुउद्देश्यीय सम्मेलन केन्द्रको आर्किटेक्चरल डिजाइन तयार भएको छ। भरतपुर सभाहलको डिजाइन तथा लागत अनुमान तयार भएको छ। दमक भ्यू टावरको १५ प्रतिशत निर्माण सम्पन्न भएको छ। बुटवल अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र लगायत अन्य २६ वटा सभाहलहरू निर्माणाधीन अवस्थामा रहेका छन्।

(छ) **शहरी सडक विस्तारः** शहरी सडक विस्तार कार्यक्रम अन्तर्गत काठमाडौं उपत्यकाको विभिन्न भागका ३० कि.मि. सडक चौडा गर्ने, पर्खाल लगाउने, सार्ने

तथा सुधार गर्ने कार्य भएको छ। काठमाडौं उपत्यकाको चार स्थानमा नयाँ नगर निर्माणका लागि विस्तृत परियोजना प्रतिवेदन तयार भएको छ।

(९) सूचना प्रविधिको विकास

(क) **नीतिगत तथा कानूनी सुधारः** भू-उपग्रह नीति, २०७७ स्वीकृत गरी कार्यान्वयनमा ल्याइएको छ। दूरसञ्चार (नवौं संशोधन) नियमावली, २०७६, राष्ट्रिय प्रसारण (दशौं संशोधन) नियमावली, २०७७, सूचनाको हक कार्यान्वयन अनुगमन निर्देशिका, २०७६ र राष्ट्रिय ज्ञानपार्क (स्थापना र सञ्चालन) कार्यविधि, २०७६ स्वीकृत भई कार्यान्वयनमा आएका छन्।

(ख) **डिजिटल नेपाल फ्रेमवर्कः** आठ वटा प्रमुख क्षेत्र र ८० वटा डिजिटल पहलहरू सहितको डिजिटल नेपाल फ्रेमवर्क, २०७६ स्वीकृत भई कार्यान्वयनमा आएको छ।

(ग) **हुलाक सेवा सुधारः** हुलाक महसुल दरमा पुनरावलोकन गर्न र समग्र हुलाक सेवामा सुधार गर्नुपर्ने विषयमा अध्ययन गरी सिफारिस सहितको प्रतिवेदन तयार भएको छ।

(घ) **दूरसञ्चार सेवाको गुणस्तरमा सुधारः** अप्टिकल फाइबरमा आधारित "फाइबर टु द होम" (FTTH) सेवा ५२ वटा मुख्य-मुख्य शहर र शहरोन्मुख स्थानहरूमा विस्तार गरिएको छ। फोरजी सेवा सबै जिल्लाका ४ सय ३१ स्थानीय तहमा विस्तार गरिएको छ। प्रदेश नं. १, प्रदेश नं. २ र बागमती प्रदेशमा २ सय ९३ कि.मि. अप्टिकल फाइबर बिच्छ्याई सोसँग सम्बन्धित यन्त्र उपकरणहरू जडान गरिएको छ। नेपाल टेलिकममार्फत डिजिटल सहायक कम्पनी सञ्चालन गरी डिजिटल सेवाको शुरुवात हुने क्रममा रहेको छ।

(ङ) **दूरसञ्चार पूर्वाधारको निर्माण र प्रयोगः** दूरसञ्चार सेवाका सेवा प्रदायकले आ-आफ्नो पूर्वाधार आफैं विकास गर्नुपर्ने बाध्यताको अन्त्य गर्दै दूरसञ्चार क्षेत्रमा रहेको दोहोरो लगानीको समस्यालाई समाधान गर्न दूरसञ्चार पूर्वाधारहरूको सह-प्रयोगको व्यवस्थासहित दूरसञ्चार टावरको निर्माण र प्रयोगसम्बन्धी कानूनी व्यवस्था कार्यान्वयनमा ल्याइएको छ। नेपालको आफ्नै स्याटेलाइट राख्न सकिने व्यवस्था मिलाइएको छ। दूरसञ्चार पूर्वाधारहरूलाई थप व्यवस्थित गर्न

जी.आई.एस. मा आधारित दूरसञ्चार पूर्वाधार व्यवस्थापन सूचना प्रणाली (GBTIMIS) प्रयोगमा ल्याइएको छ।

(च) **डाटा सुरक्षाः** प्राकृतिक प्रकोप, आगजनी, साइबर हमला, मानवीय त्रुटि वा अन्य दुर्घटनाबाट सरकारी सूचना एवं तथ्याङ्कहरू सुरक्षित गरी विद्युतीय सेवाहरू अवरुद्ध हुन नदिन सरकारी डाटा सेन्टरमा रहेका डाटा केन्द्रीय डी.एन.एस, वेब हस्टिङ्, सि-प्यानेल, सरकारी इमेल प्रणाली लगायत नेपाल सरकारका विभिन्न १० निकायका सूचना प्रविधि प्रणाली र डाटाहरू डिजास्टर डाटा रिकभरी सेन्टरमा ब्याकअपको रूपमा सुरक्षित भण्डारण गरिएको छ।

(छ) **सरकारी इमेल व्यवस्थापनः** नेपाल सरकारको एकीकृत/केन्द्रीय इमेल प्रणालीमा विभिन्न सरकारी निकाय र कर्मचारीको nepal.gov.np मा हालसम्ममा ११ हजार इमेल ठेगाना व्यवस्थापन गरिएको छ। व्यवस्थापन गरिएका इमेलहरूको इमेल सुरक्षा सफ्टवेयर जडान गरी सुरक्षित गरिएको छ।

(ज) **साइबर सुरक्षाः** सरकारी एकीकृत डाटा सेन्टर (GIDC) मा जडान भएका विभिन्न सुरक्षा उपकरणहरूलाई केन्द्रीय संयन्त्रमा आबद्ध गरी नेपालका वेब साइट, एप्लिकेसन र सर्भरहरूमा आउने विभिन्न किसिमका साइबर हमलाहरू पहिचान गरी सोको निराकरण गर्न सो केन्द्रबाट नियमित अनुगमन गर्ने कार्य गरिएको छ। साइबर सुरक्षा जोखिम न्यूनीकरण गर्न विद्युतीय हस्ताक्षरलाई कार्यान्वयनमा ल्याइएको छ। त्यसैगरी विद्युतीय हस्ताक्षर प्रयोगका लागि हालसम्म १ हजार २ सय विद्युतीय हस्ताक्षर टोकन प्रयोगमा ल्याइएको छ। नेपाल प्रहरीबाट साइबर अपराधको अनुसन्धान गरी सरकारवादी मुद्दा चलाउने प्रयोजनका लागि प्रमाणीकरण गर्न अनुरोध भई आएका १९ वटा साइबर अपराधको फरेन्सिक अनुसन्धान गरी प्रमाणीकरण गरिएको छ।

(१०) जनसाङ्ख्यिक तथ्याङ्क विकास

(क) **राष्ट्रिय जनगणना, २०७८ को तयारीः** राष्ट्रिय जनगणना, २०७८ सञ्चालन तथा व्यवस्थापनसम्बन्धी आदेश, २०७६ स्वीकृत भएको छ। परियोजना दस्तावेज तयारी, प्रदेशस्तरमा पैरवी, प्रचार-प्रसार रणनीतिसम्बन्धी सञ्चारकर्मीसँग अन्तरक्रिया, सात जिल्लामा मुख्य प्रश्नावली र सामुदायिक प्रश्नावलीको परीक्षण,

मुख्य प्रश्नावली, घर-परिवार सूचीकरण फाराम तयारी तथा पाइलट जनगणना कार्य सम्पन्न गरिएको छ।

(ख) **तथ्याङ्क व्यवस्थापनः** राष्ट्रिय तथ्यगत विवरणको प्लेटफर्म सुदृढ गर्ने कार्य सम्पन्न गरिएको छ।

(ग) **सर्वेक्षणः** नेपाल बहु सूचक सर्वेक्षण सम्पन्न भई प्रमुख नतिजा सार्वजनिक गरिएको छ। नेपाल समष्टिगत सुख सर्वेक्षणको मस्यौदा प्रश्नावली तयार गरिएको छ। राष्ट्रिय आर्थिक गणना, २०७५ का थप नतिजा प्रतिवेदन सार्वजनिक गरिएको छ।

२.२.७. प्राकृतिक साधन स्रोतको संरक्षण, संवर्द्धन र उपयोगसम्बन्धी नीति

प्राकृतिक साधन स्रोतको संरक्षण, संवर्द्धन र उपयोग सम्बन्धमा नेपालको संविधानको धारा ५१ को खण्ड (छ) ले निम्नलिखित नीतिहरूको व्यवस्था गरेको छः

(१) राष्ट्रिय हित अनुकूल तथा अन्तरपुस्ता समन्यायको मान्यतालाई आत्मसात गर्दै देशमा उपलब्ध प्राकृतिक स्रोत साधनको संरक्षण संवर्द्धन र वातावरण अनुकूल दिगो रूपमा उपयोग गर्ने र स्थानीय समुदायलाई प्राथमिकता र अग्राधिकार दिँदै प्राप्त प्रतिफलहरूको न्यायोचित वितरण गर्ने।

(२) जनसहभागितामा आधारित स्वदेशी लगानीलाई प्राथमिकता दिँदै जलस्रोतको बहुउपयोगी विकास गर्ने।

(३) नवीकरणीय ऊर्जाको उत्पादन तथा विकास गर्दै नागरिकका आधारभूत आवश्यकता परिपूर्तिका लागि सुपथ र सुलभ रूपमा भरपर्दो ऊर्जाको आपूर्ति सुनिश्चित गर्ने तथा ऊर्जाको समुचित प्रयोग गर्ने।

(४) जलउत्पन्न प्रकोप नियन्त्रण र नदीको व्यवस्थापन गर्दै दिगो र भरपर्दो सिँचाइको विकास गर्ने।

(५) जनसाधारणमा वातावरणीय स्वच्छतासम्बन्धी चेतना बढाई औद्योगिक एवं भौतिक विकासबाट वातावरणमा पर्नसक्ने जोखिमलाई न्यूनीकरण गर्दै वन, वन्यजन्तु, पशु, वनस्पति तथा जैविक विविधताको संरक्षण, संवर्द्धन र दिगो उपयोग गर्ने।

(६) वातावरणीय सन्तुलनका लागि आवश्यक भूभागमा वन क्षेत्र कायम राख्ने।

(७) प्रकृति, वातावरण वा जैविक विविधतामाथि नकारात्मक असर परेको वा पर्न सक्ने अवस्थामा नकारात्मक वातावरणीय प्रभाव निर्मूल वा न्यून गर्न उपयुक्त उपायहरू अवलम्बन गर्ने।

(८) वातावरण प्रदूषण गर्नेले सो बापत दायित्व व्यहोर्नुपर्ने तथा वातावरण संरक्षणमा पूर्वसावधानी र पूर्वसूचित सहमति जस्ता पर्यावरणीय दिगो विकासका सिद्धान्त अवलम्बन गर्ने।

(९) प्राकृतिक प्रकोपबाट हुने जोखिम न्यूनीकरण गर्न पूर्व सूचना, तयारी, उद्धार, राहत एवं पुनःस्थापना गर्ने।

प्राकृतिक स्रोतको संरक्षण, सम्बर्द्धन र उपयोगसम्बन्धी नीतिको कार्यान्वयनबाट प्राप्त मुख्य उपलब्धिहरू

संविधानमा व्यवस्था गरिएको प्राकृतिक स्रोतसम्बन्धी नीतिको कार्यान्वयनका लागि ऊर्जा, सिँचाइ तथा खानेपानी क्षेत्रको विकास, विस्तार एवं पहुँच वृद्धि, वन तथा वातावरणको संरक्षण, प्रभावकारी विपद् व्यवस्थापन र भूकम्पपछिको पुनर्निर्माणका क्षेत्रमा यस आर्थिक वर्षमा गरिएका कार्यहरू र हासिल गरिएका उपलब्धिहरू देहायबमोजिम रहेका छन्:

(१) ऊर्जा

(क) थप विद्युत उत्पादनः यस अवधिमा १ सय ४९ मेगावाट विद्युत थप भई हालसम्म विद्युत जडित क्षमता १ हजार ३ सय ९९ मेगावाट पुगेको छ। लघु तथा साना जलविद्युत आयोजनाबाट ८ सय ७० किलोवाट विद्युत उत्पादन थप भई हालसम्म कुल ३४.८७ मेगावाट विद्युत उत्पादन गरिएको छ। ५० किलोवाट सौर्य मिनिग्रिड प्रणाली जडान भई हालसम्म सो प्रणालीबाट ८ सय ५० किलोवाट विद्युत उत्पादन गरिएको छ।

(ख) पहुँच र खपत विस्तारः थप ४ लाख ३४ हजार घरधुरीमा विद्युतको पहुँच विस्तार भई हालसम्म ५० लाख १० हजार घरधुरीमा विद्युतको पहुँच विस्तार भएको छ। १६ जिल्लामा पूर्ण विद्युतीकरण भएको छ। असार मसान्तसम्ममा राष्ट्रिय विद्युत प्रणालीबाट विद्युतमा पहुँच प्राप्त जनसंख्या ९० प्रतिशत पुगेको छ। यस आ.व. मा प्रतिव्यक्ति प्रति घण्टा १५ किलोवाट विद्युत खपत थप भई हाल त्यस्तो खपत २ सय ६० किलोवाट पुगेको छ। कुल विद्युत ऊर्जा खपतमा भारतबाट

आयात गरिएको ऊर्जाको अनुपात गत आ.व.को तुलनामा १५ प्रतिशत न्यून भई २२ प्रतिशतमा झरेको छ।

(ग) **थप प्रसारण लाइन निर्माणः** यस अवधिमा २ सय ८५ सर्किट किलोमिटर प्रसारण लाइन निर्माण भई हालसम्म कुल ४ हजार २ सय ५१ सर्किट किलोमिटर पुगेको छ।

(घ) **विद्युत चुहावट नियन्त्रणः** विद्युत चुहावट १५.३२ प्रतिशतबाट १५.२७ प्रतिशतमा झरेको छ।

(ङ) **माथिल्लो तामाकोशी जलविद्युत आयोजनाः** यस वर्ष माथिल्लो तामाकोशी जलविद्युत आयोजना (४ सय ५६ मेगावाट) को ६ सय ८४ मिटर भर्टिकल पेनस्टक पाइप जडान भई हालसम्मको भौतिक प्रगति ९९.७ प्रतिशत पुगेको छ।

(च) **बूढीगण्डकी जलाशययुक्त आयोजनाः** यस आयोजनाको डुवान क्षेत्रमा पर्ने ५८ हजार १ सय ५३ रोपनी जग्गामध्ये यस आ.व. मा ३ हजार ३ सय २० रोपनी जग्गा प्राप्त भई हालसम्म कुल ४७ हजार ४ सय ३९ रोपनी (८२ प्रतिशत) जग्गा प्राप्त गरिएको छ।

(छ) **विद्युत खरीद सम्झौताः** जलविद्युत उत्पादनका लागि हालसम्म ३ हजार २ सय २ मेगावाट क्षमताका १ सय ३६ वटा आयोजनाको विद्युत खरीद सम्झौता र वित्तीय व्यवस्थापन भई निर्माणको चरणमा रहेका छन् भने २ हजार १ सय २५ मेगावाट क्षमताका १ सय १२ वटा आयोजनाको विद्युत खरीद सम्झौता भएको छ।

(ज) **सौर्य विद्युत प्रणाली विस्तारः** यस आर्थिक वर्षमा १० हजार ६ सय ८२ वटा सौर्य विद्युत प्रणाली र ९ हजार ३ सय ९७ वटा घरेलु सौर्य विद्युत प्रणाली जडान गरिएको छ। हालसम्म ९ लाख ३१ हजार १६७ घरेलु सौर्य विद्युत प्रणाली जडान भएको छ। थप २ सय ३ वटा संस्थागत सौर्य विद्युत प्रणाली जडान भई हालसम्म २ हजार १ सय ९६ पुगेको छ।

(झ) **बायो-ग्याँस प्लान्ट विस्तारः** १ सय ७ सय ६६ वटा घरायसी बायो-ग्याँस प्लान्ट जडान भइ ४ लाख २७ हजार २ सय ७७ पुगेको छ भने २३ वटा संस्थागत तथा सामुदायिक बायो-ग्याँस प्लान्ट र २९ वटा शहरी तथा व्यावसायिक बायो-

ग्याँस प्लान्ट जडान भई हालसम्म २ सय ९९ वटा ठूला बायो-ग्याँस प्लान्ट जडान गरिएको छ।

(२) खानेपानी

(क) **खानेपानी सेवाबाट लाभान्वित जनसंख्याः** आधारभूत स्तरको खानेपानी सेवा र उच्च तथा मध्यमस्तरको खानेपानी सेवाबाट लाभान्वित जनसंख्या यस आ.व.मा २/२ प्रतिशतले वृद्धि भई क्रमशः ९१ प्रतिशत र २३ प्रतिशत पुगेको छ। २ सय ४२ वटा खानेपानी आयोजनाहरू सम्पन्न भई १ लाख ९४ हजार ४ सय २३ जनसंख्या आधारभूत स्तरको खानेपानी सेवाबाट लाभान्वित भएका तथा १ सय १० वटा भूकम्प प्रभावित आयोजनाहरूको सेवा पुनःस्थापना भई ६१ हजार ३९ जनसंख्या लाभान्वित भएका छन्। विभिन्न अनुदानबाट प्रदेशस्तरमा सम्पन्न भएका खानेपानी आयोजनाहरूबाट ३ लाख ३७ हजार ३ सय २३ जनसंख्या आधारभूत स्तरको खानेपानी सेवाबाट लाभान्वित भएका छन्।

(ख) **आधारभूत सरसफाइ सेवाबाट लाभान्वित जनसंख्याः** यस्तो जनसंख्या एक प्रतिशतले वृद्धि भई शत प्रतिशत पुगेको छ।

(ग) **खुला दिसा मुक्त राष्ट्र घोषणाः** यस अवधिमा थप ११ वटा जिल्ला खुला दिसा मुक्त घोषणा भई नेपाललाई खुला दिसा मुक्त राष्ट्र घोषणा गरिएको छ।

(घ) **मेलम्ची खानेपानी आयोजनाः** राष्ट्रिय गौरवको मेलम्ची खानेपानी आयोजनाको ९७.२५ प्रतिशत कार्य सम्पन्न भई सुरुङ्गमा पानी पथान्तरण गरी परीक्षण गर्ने कार्य प्रारम्भ भएको छ। आ.व. २०७७/७८ को दोस्रो चौमासिकबाट पानी वितरण गर्ने गरी कार्य अघि बढेको छ।

(ङ) **वास (WASH) व्यवस्थापन सूचना प्रणालीः** राष्ट्रिय खानेपानी तथा सरसफाइ स्वच्छता (NWASH) सफ्टवेयरमा हालसम्म १ सय ५९ वटा स्थानीय तहहरूको तथ्याङ्क सङ्कलन भई कुल ५ प्रतिशत जनसंख्याको वास व्यवस्थापन सूचना प्रणाली (WASH MIS Data) मा तथ्याङ्क प्रविष्टि भएको छ।

(च) **यासोक खानेपानी आयोजना सम्पन्नः** तमोर नदीको पानीलाई १ हजार ४ सय मिटर उचाइसम्म सात स्टेज पम्पिङ् लिफ्ट गरी १३ हजार २ सय ६६

जनसंख्यालाई खानेपानी सेवा पुऱ्याउने यासोक सुख्खा क्षेत्र खानेपानी आयोजना सम्पन्न भएको छ।

(छ) **काठमाडौं उपत्यकामा खानेपानी व्यवस्थापनः** उपत्यकामा १६ ढुङ्गे धाराहरू संरक्षण तथा ३२ स्कूलहरूमा वर्षाको पानी सङ्कलन प्रविधि जडान भई ९ हजार ६ सय जना खानेपानीको सेवाबाट लाभान्वित भएका छन्। काठमाडौं उपत्यकाभित्र ५० कि.मि. खानेपानी पाइप लाइन, सात कि.मि. ढल लाइन विस्तार एवं पाँच वटा पानी प्रशोधन केन्द्रको पुनर्निर्माण कार्यहरू सम्पन्न भएका छन्।

(३) वन तथा वातावरण

(क) **वन क्षेत्रः** नेपालमा वन क्षेत्रले ५९ लाख ६२ हजार हेक्टर र अन्य झाडी बुट्यान क्षेत्रले ६ लाख ४८ हजार हेक्टर भू-भाग ओगटेको छ। यस अनुसार कुल भू-भागको ४०.३६ प्रतिशत वन र ४.३८ प्रतिशत झाडी तथा बुट्यान क्षेत्र गरी वन क्षेत्रको कुल क्षेत्रफल ४४.७४ प्रतिशत पुगेको छ।

(ख) **संरक्षित क्षेत्र प्रणालीः** जैविक विविधता एवं पारिस्थितिकीय प्रणालीको संरक्षण र प्रकृतिमा आधारित पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले १२ राष्ट्रिय निकुञ्ज, एउटा वन्यजन्तु आरक्ष, एउटा शिकार आरक्ष र ६ संरक्षण क्षेत्रसमेत २० वटा संरक्षित क्षेत्रहरू स्थापना गरी देशको ३४ हजार ४ सय २० वर्ग कि.मि. अर्थात् २३.३९ प्रतिशत भू-भाग संरक्षित क्षेत्र प्रणाली अन्तर्गत व्यवस्थापन गरिएको छ। त्यसैगरी १० वटा वन संरक्षण क्षेत्र मार्फत १ लाख ९० हजार ८ सय ९ हेक्टर वन क्षेत्र व्यवस्थापन गरिएको छ। अन्तर्राष्ट्रिय महत्त्वका १० वटा सिमसार क्षेत्रलाई रामसार सूचीमा सूचीकृत गरिएको छ। यसमध्ये ६ वटा सिमसार क्षेत्र संरक्षित क्षेत्रमा रहेका छन्।

(ग) **वृक्षारोपणः** यस वर्ष १७ लाख २४ हजार फलफूलका बिरुवा उत्पादन/खरीद भई ८ लाख २ हजार बिरुवा रोपिएको छ। साथै यस आर्थिक वर्षमा २ करोड ३४ लाख बिरुवा उत्पादन गरी २ हजार ९ सय ७३ हेक्टर जमिनमा वृक्षारोपण गरिएको छ। ७ सय ९७ हेक्टर वन अतिक्रमण हटाई वनको पुनःस्थापना गरिएको छ।

(घ) **मानव वन्यजन्तु द्वन्द्व व्यवस्थापनः** मानव वन्यजन्तु द्वन्द्व व्यवस्थापनका लागि ८ हजार १ सय ६४ घटनाको लागि रु १० करोड ५१ लाख राहत वितरण गरिएको छ। साथै, २८.९१ कि.मि. मेष जाली सहितको तारबार र १४ कि.मि. विद्युतीय तारबार निर्माण भएको छ।

(ङ) **राष्ट्रपति चुरे तराई मधेस संरक्षण कार्यक्रमः** यस अन्तर्गत ३७ जिल्लाका २९ वटा मुख्य नदी प्रणालीमा २ सय १ वटा गल्छी पहिरो र खहरे नियन्त्रण, १९.३३४ कि.मि. नदी खोला किनारा व्यवस्थापन, १ सय ३ वटा भूमिगत जल पुनर्भरण र सतहमुनिको पानी उपयोग, हरित पेटिका निर्माणका लागि ७३.६ हेक्टर जमिनमा वृक्षारोपण तथा ९९ हेक्टर भिरालो जग्गामा बहुवर्षीय खेती गरिएको छ।

(च) **वायु गुणस्तर मापन केन्द्र विस्तारः** यस वर्ष थप सात स्थानमा वायु गुणस्तर मापन केन्द्र स्थापना गरिएको छ। हालसम्म नेपालभरि २९ वटा वायु गुणस्तर मापन केन्द्रहरू सञ्चालनमा आएका छन्।

(छ) **वातावरणीय प्रभाव अध्ययनः** यस अवधिमा ६४ वटा वातावरणीय प्रभाव अध्ययन प्रतिवेदन, पाँच पूरक वातावरणीय प्रभाव अध्ययन प्रतिवेदन र ८३ क्षेत्र निर्धारण प्रतिवेदन/कार्यसूची स्वीकृत भएका छन्। यस वर्ष उपलब्ध गराइएको करिब ५ सय ७४ हेक्टर सहित हालसम्म १७ हजार ९ सय १३ हेक्टर वन क्षेत्र विभिन्न आयोजनाहरूलाई उपलब्ध गराइएको छ।

(४) सिँचाइ तथा नदी नियन्त्रण

(क) **सिँचाइ सुविधा तथा तटबन्ध विस्तारः** यस आ.व. मा संघबाट सञ्चालित आयोजनाबाट थप ५ हजार ५ सय ६७ हेक्टर जमिनमा सिँचाइ सुविधा पुगी हालसम्म करिब १४ लाख ८२ हजार हेक्टर कृषियोग्य जमिनमा भरपर्दो सिँचाइ सेवाका लागि पूर्वाधार विकास भएको छ। नदी नियन्त्रण तथा सिंचित क्षेत्र बचावट कार्यक्रमहरूबाट ९१ कि.मि. तटबन्ध निर्माण तथा ४ सय ९ हेक्टर जग्गा उकास भई हालसम्म कुल १ हजार १ सय ३२ कि.मि. तटबन्ध निर्माण तथा ११ हजार १ सय ५२ हेक्टर जग्गा उकास भएको छ।

(ख) **भेरी बबई डाइभर्सन आयोजनाः** सुरुङ निर्माणको फिनिसिङ्ग सहित सम्पूर्ण कार्य सम्पन्न भएको छ। हेडवर्क्स तथा पावरहाउस निर्माणका लागि कफर ड्याम, पहुँच सडक, साइट क्याम्प, क्रसर तथा ब्यचिङ्ग प्लान्टको स्थापना र प्रयोगशाला स्थापनाको कार्य भएको छ।

(ग) **रानी जमरा कुलरिया सिँचाइ आयोजनाः** इन्टेकका सबै गेटहरू जडान भएका छन्। पावरहाउसको फाउन्डेशन, बाइपास च्यानल, टेल रेस निर्माण भई पावर हाउसको कुल कार्यमध्ये करिब ७० प्रतिशत सम्पन्न भएको छ।

(घ) **बबई सिँचाइ आयोजनाः** पश्चिमी मूल नहरको थप ५.४ कि. मि र आठ संरचनाहरूको निर्माण सम्पन्न भएको छ। २२ कि.मि. शाखा/उपशाखा नहर निर्माणको लागि ठेक्का बन्दोबस्त भई १५ कि.मि. को निर्माण सम्पन्न भएको छ।

(ङ) **सिक्टा सिँचाइ आयोजनाः** पश्चिम मूल नहरको समस्याग्रस्त ६ कि.मि. खण्डको विभिन्न स्थानमा मर्मतको कार्य गर्दै पानी सञ्चालन गरिएको छ। पश्चिमतर्फ विभिन्न शाखा नहरहरूमा आठ कि.मि. माटोको कार्य र ३३ वटा संरचनाहरूको निर्माण सम्पन्न भएको छ। पूर्वी मूल नहरको १६ कि.मि. निर्माणको कार्य सम्पन्न भएको छ।

(च) **महाकाली सिँचाइ आयोजनाः** मूल नहरमा पर्ने ७७ हेक्टर जग्गा प्राप्त गरी थप चार कि.मि. मूल नहरका साथै १० वटा नहर संरचनाहरूको निर्माण सम्पन्न भएको छ।

(छ) **बागमती सिँचाइ आयोजनाः** विभिन्न उप-योजनाहरूमा ४६ मिटर साइफन निर्माण, २ सय ८५ मिटर लाइनिंग र सिंचित क्षेत्र बचावटका लागि एक सय मिटर तटबन्ध निर्माण भएको छ।

(ज) **सुनकोशी मरिन डाइभर्सन बहुउद्देश्यीय आयोजनाको कार्यप्रगतिः** वातावरणीय प्रभाव मूल्याङ्कनको कार्य सम्पन्न भएको छ भने विद्युत गृह र टी.बी.एम. इनलेट पोर्टल साइटको लागि ९.५ हेक्टर जग्गा प्राप्ति गर्ने कार्य सम्पन्न भएको छ।

(झ) **काली गण्डकी तिनाउ डाइभर्सन बहुउद्देश्यीय आयोजनाः** हाइड्रोलोजिकल र जियोटेक्निकल सहित विस्तृत अध्ययन कार्य करिब ८० प्रतिशत सम्पन्न भएको छ।

(५) जल तथा मौसम विज्ञान

(क) **राडार स्थापनाः** पाल्पा र उदयपुरमा राडार केन्द्र स्थापनाको कार्य भइरहेको तथा राडार टावरको जग निर्माण कार्य सम्पन्न भएको छ।

(ख) **मौसम तथा जल मापन केन्द्रः** स्वचालित केन्द्र स्थापना गर्ने क्रममा ३१ वटा मौसम मापन केन्द्र र १४ वटा जल मापन केन्द्रको स्थापना गरिएको छ।

(ग) **सूचना प्रवाहः** जल तथा मौसमसम्बन्धी सूचना प्रवाहका लागि मौसमी टी.भी. स्टुडियो स्थापना भएको छ।

(६) विपद् व्यवस्थापन

(क) **कानूनी तथा नीतिगत सुधारः** विपद् पूर्व-तयारी तथा प्रतिकार्य योजनाहरूको निर्माणमा एकरूपता तथा प्रभावकारिता ल्याउन विपद् पूर्व-तयारी तथा प्रतिकार्य योजना तर्जुमा निर्देशिका, २०६७ संशोधन गरी लागू गरिएको छ। विपद् पीडित उद्धार र राहतसम्बन्धी मापदण्ड, २०७७ स्वीकृत भएको छ।

(ख) **विपद् प्रतिकार्य योजनाः** सबै जिल्ला प्रशासन कार्यालयहरूबाट विपद् प्रतिकार्य योजना तयार गरिएको छ। मनसुन आपतकालीन कार्ययोजना निर्माण गरी कार्यान्वयनमा ल्याइएको छ।

(ग) **खोजी तथा उद्धार कार्यः** देशभर घटेका विभिन्न विपद्का घटनाहरूमा नेपाल प्रहरीका २४ हजार १ सय ५७ जना र सशस्त्र प्रहरी बल नेपालका १५ हजार ६ सय ७३ जना प्रहरी परिचालन भई उद्धार गरिएको छ।

(घ) **घर हस्तान्तरणः** मिति २०७५ चैत्र १७ गतेको हावाहुरी र चक्रवातका कारण बारा र पर्सा जिल्लाका पीडितहरूलाई ८ सय ६९ वटा नयाँ घरहरू निर्माण गरी हस्तान्तरण गरिएको छ।

(ङ) **क्षमता अभिवृद्धिः** नेपाली सेनाको विपद् व्यवस्थापन क्षमता अभिवृद्धि गर्न भत्किएका संरचनाहरूको खोजी तथा उद्धार, पर्वतारोहण, उपकरणहरूको मर्मत तथा सम्भार लगायतका प्याकेजहरूको खरिद सम्झौता सम्पन्न भएको छ। १ हजार ५ सय ६१ जनालाई विपद् व्यवस्थापनसम्बन्धी विभिन्न तालिमहरू प्रदान गरिएको छ।

विपदबाट हुने जोखिम न्यूनीकरण गर्न विभिन्न ६४ जिल्लाका १३ हजार ३ सय ४४ जना स्थानीय व्यक्तिहरूलाई सामुदायिक विपद् प्रतिकार्य प्रशिक्षण प्रदान गरिएको छ।

(७) भूकम्पपछिको पुनर्निर्माण

७.१ निजी आवास पुनर्निर्माण

(क) **अनुदान वितरणः** निजी घर गुमाएका भूकम्प प्रभावितहरूको पूर्ण क्षति भएकोमा पुनर्निर्माण लाभग्राही र आंशिक क्षति भएकोमा प्रवलीकरण लाभग्राही गरी दुई वर्गमा छुट्याइ अनुदान रकम वितरण गर्न थालिएकोमा पुनर्निर्माण लाभग्राहीहरूका लागि पहिलो, दोस्रो र तेस्रो किस्ता गरी क्रमशः रु. ५० हजार, रु. १ लाख ५० हजार र रु. एक लाख गरी जम्मा रु. तीन लाख प्रदान हुँदै आएको छ। साथै, प्रवलीकरण लाभग्राहीका लागि पहिलो किस्ता बापत रु. ५० हजार र दोस्रो किस्ता बापत रु. ५० हजार गरी जम्मा रु. एक लाख उपलब्ध गराइएको छ। २०७७ असार मसान्तसम्म वितरण गरिएको निजी आवास पुनर्निर्माण तथा अनुदानको विवरण देहायको तालिकामा खुलाइएको छ।

तालिका नं. ५ : निजी आवास पुनर्निर्माण तथा अनुदान वितरणको विवरण

क्र.सं.	विवरण	२०७७ असार मसान्तसम्म
१	जम्मा लाभग्राही	८,३४,८०१
२	अनुदान सम्झौता	७,९०,४५०
३	प्रथम किस्ता भुक्तानी	७,८४,८२२
४	दोस्रो किस्ता भुक्तानी	६,९४,३८४
५	तेस्रो किस्ता भुक्तानी	६,०१,४०१
६	निर्माणाधीन घर सङ्ख्या	२,०२,५६१
७	निर्माण सम्पन्न घर सङ्ख्या	५,०८,१४१

(ख) **गुनासो व्यवस्थापनः** निजी आवास पुनर्निर्माणसम्बन्धी गुनासोको व्यवस्थासम्बन्धी प्रगति विवरण तल तालिकामा प्रस्तुत गरिएको छः

तालिका नं. ६ : पुनर्निर्माण गुनासो व्यवस्थापनसम्बन्धी विवरण

विवरण	गुनासो दर्ता	गुनासो पुनरावलोकनबाट कायम भएका लाभग्राही	
		पुनर्निर्माण	प्रवलीकरण
दर्ता भएको गुनासो सङ्ख्या	३,१६,२८५	४०,९६७	१३,९२५
पुनः जाँच तथा पुनः सर्वेक्षण (पहिलो चरण)	१,२९,४१०	४४,१०४	४०,३०४
२०७४ मंसिर मसान्तसम्म दर्ता	१,०१,२७८	५,१२६	४,२४२
पुनः जाँच तथा पुनः सर्वेक्षण (दोस्रो चरण)	१,८८,०००	१७,१५२	८,३२६
प्राधिकरणबाट टोल फ्रि सेवा लिनेको सङ्ख्या	३२,९१८		
पुनरावेदन दर्ता	६,७००		
फैसला भएको सङ्ख्या	२,०६८		

(ग) **बस्ती संरक्षण तथा स्थानान्तरणः** भूकम्पबाट जोखिमयुक्त देखिएका १ हजार १ सय ३ वटा बस्तीहरूमा रहेका ४ हजार ६ सय ८९ लाभग्राहीहरूमध्ये ३ हजार ९८ लाभग्राहीहरूलाई सुरक्षित स्थानमा बसोबासको व्यवस्था मिलाइएको छ। यसका लागि स्थानान्तरण गर्नुपर्ने बस्तीका लाभग्राहीहरू आफैं अन्यत्र स्थानान्तरण हुन चाहने ३ सय १२ जना लाभग्राहीलाई जग्गा खरिदका लागि प्रतिव्यक्ति थप रु. दुई लाख अनुदान उपलब्ध गराइएको छ। हालसम्म सो संख्या २ हजार ४ सय ६९ पुगेको छ। कुल ६ सय २९ जना लाभग्राहीलाई जग्गा उपलब्ध गराइएको छ।

(घ) **एकीकृत बस्ती विकासः** भौगर्भिक अध्ययनका आधारमा स्थानान्तरण गर्नुपर्ने बस्तीहरूका लागि हालसम्म २० एकीकृत बस्ती विकासको कार्य सम्पन्न भएको छ। कुल २६ एकीकृत बस्ती विकास गर्ने कार्य भइरहेको छ। त्यसैगरी १९ बस्तीको बस्ती सुधार, संरक्षण एवं बस्ती विकास कार्य सम्पन्न भएको छ। २४ बस्तीमा त्यस्तो कार्य जारी रहेको छ।

(ङ) **ब्याज अनुदानमा कर्जा प्रवाहः** सहुलियतपूर्ण ब्याज अनुदानसम्बन्धी कार्यविधि, २०७५ अनुसार आर्थिक अभावका कारण हालसम्म घर निर्माण शुरु नगर्ने १

हजार ५ सय ९६ जना भूकम्प पीडितहरूलाई ब्याज अनुदानमा कर्जा प्रवाह गरिएको छ।

(च) **गैर-सरकारी क्षेत्रको योगदानः** कुल २ सय ४१ गैरसरकारी संस्थाहरूबाट पुनर्निर्माणसम्बन्धी ४ सय १२ परियोजना सञ्चालन भइरहेका छन्। हालसम्म यी संस्थाहरूले प्रतिबद्धता गरेको रकम रु. ९० अर्बमध्ये रु. ६२ अर्ब बराबरको कार्य सम्पन्न भएको छ।

७.२ क्षतिग्रस्त संरचनाको समग्र पुनर्निर्माण

(क) **क्षतिग्रस्त संरचनाको पुनर्निर्माणः** क्षतिग्रस्त शिक्षण संस्था, स्वास्थ्य संस्था, पुरातात्त्विक सम्पदा, सरकारी तथा सार्वजनिक भवन, सडक लगायतका भौतिक संरचनाहरूको २०७७ असार मसान्तसम्मको समग्र पुनर्निर्माणको प्रगति अवस्था तल तालिकामा देखाइएको छः

तालिका नं. ७ : क्षतिग्रस्त संरचनाको पुनर्निर्माणमा भएको प्रगति

क्र.सं.	विवरण	पुनर्निर्माण गर्नुपर्ने संख्या	आ.व. २०७६/७७ मा सम्पन्न	आ.व. २०७६/७७ सम्ममा सम्पन्न	निर्माणाधीन	निर्माण प्रारम्भ नै नभएका
१	सरकारी भवनहरू	४१५	५०	३७४	२५	६
		प्रतिशत	१२.१	९०.१	६.०	
२	विद्यालय भवनहरू	७५५३	९५५	६०१८	१४१४	१२१
		प्रतिशत	१२.६	७९.७	१८.७	
३	स्वास्थ्य संस्थाका भवनहरू	११९७	३३	६९८	१४३	३५६
		प्रतिशत	२.८	५८.३	११.९	
४	पुरातात्त्विक सम्पदाहरू	९२०	७३	४५३	७८	३८९
		प्रतिशत	७.९	४९.२	८.५	
५	सुरक्षा निकायका भवनहरू	३८३	२४	२०७	९	१६७
		प्रतिशत	६.३	५४.०	२.४	
	जम्मा	१०४६८	११३५	७७५०	१६६९	१०३९
		प्रतिशत	१०.८	७४.०	१६.०	९.९६

(ख) **विद्यालय भवनको पुनर्निर्माणः** आ.व. २०७६/७७ मा थप ९५५ विद्यालय भवनको पुनर्निर्माण कार्य सम्पन्न भई हालसम्म ६ हजार १८ (८० प्रतिशत) विद्यालय भवनहरूको पुनर्निर्माण सम्पन्न भएको छ।

(ग) **अन्य पुनर्निर्माणः** थप ३३ स्वास्थ्य संस्थाहरू, ५० सरकारी भवन, ७३ पुरातात्त्विक सम्पदाहरू, २ सय ८९ गुम्बाहरू, २४ सुरक्षा निकायका भवनहरूको पुनर्निर्माण सम्पन्न भई हालसम्म क्रमशः ६ सय ९८ स्वास्थ्य संस्था, ३ सय ७४ सरकारी भवन, ४ सय ५३ पुरातात्त्विक सम्पदाहरू, २ सय ८९ गुम्बाहरू, २ सय ७ सुरक्षा निकायका भवनहरूको पुनर्निर्माण सम्पन्न भएको छ।

(घ) **सडक निर्माणः** रणनीतिक सडकहरू खासगरी दोलखा-सिंगटी सडक, धादिङ-गोरखा सडकको पुनर्निर्माण सम्पन्न भएको छ भने पाँचखाल-मेलम्ची सडक (२२.९७ कि.मि.) मध्ये ११ कि.मि. को निर्माण सम्पन्न भएको छ। भूकम्पबाट क्षति पुगेका ७७ ग्रामीण सडकहरू (१ हजार २३ कि.मि.) मध्ये आ.व. २०७६/७७ सम्ममा ३ सय ५९ कि.मि. सडकको निर्माण सम्पन्न भएको छ।

(ङ) **धरहरा पुनर्निर्माणः** २०७५ पौष १२ गते धरहरा पुनर्निर्माणको शिलान्यास भई पुनर्निर्माणको कार्य जारी रहेको छ। २०७७ असारसम्ममा निर्माणाधीन धरहराको दशौं तलासम्मको ढलान सम्पन्न भई धरहरा पुनर्निर्माण कार्यको ४० प्रतिशत भौतिक प्रगति भएको छ।

(च) **रानी पोखरी पुनर्निर्माणः** रानी पोखरी र सो परिसरभित्र रहेको बालगोपालेश्वर मन्दिर लगायतका संरचनाहरूको पुनर्निर्माणका लागि दुई प्याकेजमा निर्माण कार्यको प्रक्रिया अगाडि बढाइएको छ। पहिलो प्याकेज अनुसार उपभोक्ता समितिमार्फत रानी पोखरीको पिँधमा कालीमाटी राखी पोखरीको सतह मिलाउने र पर्खाल लगाउने कार्य सम्पन्न भएको छ। दोस्रो प्याकेज अनुसार बोलपत्र आह्वान गरी निर्माण व्यवसायी मार्फत बालगोपालेश्वर मन्दिर, पुल र पोखरी परिसर सौन्दर्यीकरण कार्यको ८० प्रतिशत भौतिक प्रगति भएको छ। आर्थिक वर्ष २०७७/७८ को शुरुमा नै निर्माण सम्पन्न गरी सञ्चालनमा ल्याउने तयारी रहेको छ।

(छ) **सिंहदरवार प्रवलीकरणः** सिंहदरवार मुख्य प्रशासनिक भवनको (पश्चिम मोहडा बाहेक) को प्रवलीकरण गर्ने कार्य सम्पन्न भएको छ। हाल विद्युतीकरणको कार्य

भइरहेको छ। त्यसैगरी सिंहदरबारको पश्चिमी मोहडातर्फको प्रवलीकरण कार्य सुरु भई हालसम्म २५ प्रतिशत कार्य सम्पन्न भएको छ।

२.२.८ नागरिकका आधारभूत आवश्यकतासम्बन्धी नीति

नागरिकका आधारभूत आवश्यकता सम्बन्धमा नेपालको संविधानको धारा ५१ को खण्ड (ज) ले निम्नलिखित नीतिहरूको व्यवस्था गरेको छः

(१) शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सीपमूलक, रोजगारमूलक एवं जनमुखी बनाउँदै सक्षम, प्रतिस्पर्धी, नैतिक एवं राष्ट्रिय हितप्रति समर्पित जनशक्ति तयार गर्ने।

(२) शिक्षा क्षेत्रमा राज्यको लगानी अभिवृद्धि गर्दै शिक्षामा भएको निजी क्षेत्रको लगानीलाई नियमन र व्यवस्थापन गरी सेवामूलक बनाउने।

(३) उच्च शिक्षालाई सहज, गुणस्तरीय र पहुँचयोग्य बनाई क्रमशः निःशुल्क बनाउँदै लैजाने।

(४) नागरिकको व्यक्तित्व विकासका लागि सामुदायिक सूचना केन्द्र र पुस्तकालयको स्थापना र प्रवर्द्धन गर्ने।

(५) नागरिकलाई स्वस्थ बनाउन राज्यले जनस्वास्थ्यको क्षेत्रमा आवश्यक लगानी अभिवृद्धि गर्दै जाने।

(६) गुणस्तरीय स्वास्थ्य सेवामा सबैको सहज, सुलभ र समान पहुँच सुनिश्चित गर्ने।

(७) नेपालको परम्परागत चिकित्सा पद्धतिको रूपमा रहेको आयुर्वेदिक, प्राकृतिक चिकित्सा र होमियोपेथिक लगायत स्वास्थ्य पद्धतिको संरक्षण र प्रवर्द्धन गर्ने।

(८) स्वास्थ्य क्षेत्रमा राज्यको लगानी अभिवृद्धि गर्दै यस क्षेत्रमा भएको निजी लगानीलाई नियमन र व्यवस्थापन गरी सेवामूलक बनाउने।

(९) स्वास्थ्य सेवालाई सर्वसुलभ र गुणस्तरीय बनाउन स्वास्थ्य अनुसन्धानमा जोड दिँदै स्वास्थ्य संस्था र स्वास्थ्यकर्मीको संख्या वृद्धि गर्दै जाने।

(१०) नेपालको क्षमता र आवश्यकताका आधारमा जनसंख्या व्यवस्थापनका लागि परिवार नियोजनलाई प्रोत्साहित गर्दै मातृ शिशु मृत्युदर घटाई औसत आयु बढाउने।

(११) अव्यवस्थित बसोबासलाई व्यवस्थापन गर्ने तथा योजनाबद्ध र व्यवस्थित बस्ती विकास गर्ने।

(१२) कृषि क्षेत्रमा लगानी अभिवृद्धि गर्दै खाद्य सम्प्रभुताको मान्यताअनुरूप जलवायु र माटो अनुकूलको खाद्यान्न उत्पादनलाई प्रोत्साहन गरी खाद्यान्नको दिगो उत्पादन, आपूर्ति, सञ्चय, सुरक्षा र सुलभ तथा प्रभावकारी वितरणको व्यवस्था गर्ने।

(१३) आधारभूत वस्तु तथा सेवामा सबै नागरिकहरूको समान पहुँच सुनिश्चित गर्दै दुर्गम र पछाडि पारिएको क्षेत्रलाई विशेष प्राथमिकता दिई योजनाबद्ध आपूर्तिको व्यवस्था गर्ने।

(१४) यातायात सुविधामा नागरिकहरूको सरल, सहज र समान पहुँच सुनिश्चित गर्दै यातायात क्षेत्रमा लगानी अभिवृद्धि गर्ने र वातावरण अनुकूल प्रविधिलाई प्राथमिकता दिँदै सार्वजनिक यातायातलाई प्रोत्साहन र निजी यातायातलाई नियमन गरी यातायात क्षेत्रलाई सुरक्षित, व्यवस्थित र अपाङ्गता भएका व्यक्ति अनुकूल बनाउने।

(१५) नागरिकको स्वास्थ्य बीमा सुनिश्चित गर्दै स्वास्थ्य उपचारमा पहुँचको व्यवस्था मिलाउने।

नागरिकका आधारभूत आवश्यकतासम्बन्धी नीति कार्यान्वयनबाट प्राप्त मुख्य उपलब्धिहरू

शिक्षा, स्वास्थ्य, यातायात, खाद्यलगायतका सेवाहरूको सरल, सुलभ र गुणस्तरीय उपलब्धता सुनिश्चित गर्न संविधानमा निर्दिष्ट नागरिकका आधारभूत आवश्यकतासम्बन्धी नीति कार्यान्वयनको लागि गरिएका कार्यहरू र प्राप्त उपलब्धिहरू देहायबमोजिम रहेका छन्:

(१) शिक्षा

(क) **नीतिगत तथा कानूनी सुधारः** राष्ट्रिय शिक्षा नीति, २०७६ र राष्ट्रिय विज्ञान, प्रविधि तथा नवप्रवर्तन नीति, २०७६ जारी भएका छन्। शिक्षक सेवा आयोग (दशौं संशोधन) नियमावली, २०७६ स्वीकृत भएको छ। राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६, शिक्षासँगै कमाइ कार्यक्रम कार्यविधि, २०७६, विद्यालयमा सूचना तथा सञ्चार प्रविधि प्रयोगशाला स्थापनासम्बन्धी कार्यविधि, २०७६ र वैकल्पिक प्रणालीबाट विद्यार्थीको सिकाइ सहजीकरण निर्देशिका, २०७७ जारी गरिएका छन्।

(ख) **सबैका लागि शिक्षाः** १ सय २६ स्थानीय तहहरूमा आधारभूत तहको विद्यालय उमेर समूह (५-१२ वर्ष) का बालबालिकाहरू विद्यालय बाहिर नरहेको घोषणा

भएको छ। बालबालिकाको सर्वाङ्गीण विकासका लागि अति आवश्यक पोषण र खाद्य उपलब्ध गराउने क्रममा ४३ जिल्लाका पूर्वप्राथमिक कक्षादेखि कक्षा ५ सम्म अध्ययन गर्ने सबै विद्यार्थीका लागि दिवा खाजाको व्यवस्था गरिएको छ। यस आर्थिक वर्षमा थप भएका ९ लाख १७ हजारसहित यस कार्यक्रमबाट २२ लाख २९ हजार जना विद्यार्थी प्रत्यक्ष रूपमा लाभान्वित भएका छन्।

(ग) **नमूना विद्यालयः** आर्थिक वर्ष २०७६/७७ मा एक सय विद्यालय थप गरी जम्मा ४ सय २२ सामुदायिक विद्यालयलाई नमूना विद्यालयको रूपमा विकास गरिएको छ।

(घ) **शिक्षक व्यवस्थापनः** सबै तहको शिक्षक दरबन्दी एकमुष्ट गणना गरी न्यूनतम दरबन्दी तोकी स्थानीय तहगत दरबन्दी मिलान गर्ने कार्य अगाडि बढाइएको छ। शिक्षक सेवा आयोग नियमावली, २०५९ को दशौं संशोधनबाट शिक्षक छनौट प्रणालीमा सुधार गरी गुणस्तरीय शिक्षक आपूर्तिको आधारलाई थप मजबुत बनाइएको छ। शिक्षक छनौटका लागि तीनवटै तहका गरी जम्मा २४ वटा तह/विषयका प्रतियोगितात्मक लिखित परीक्षाको पाठ्यक्रम तयार गरिएको छ। शिक्षण पेशामा स्थायित्व अभिवृद्धि गर्न माध्यामिक, निम्नमाध्यामिक र प्राथमिक तह गरी जम्मा १२ हजार ६ सय २७ जना शिक्षकहरूको स्थायी नियुक्ति गरिएको छ। शिक्षकहरूको उत्प्रेरणा बढाउन आन्तरिक प्रतिस्पर्धा तथा कार्यसम्पादन मूल्याङ्कनको आधारमा बढुवाको व्यवस्था कार्यान्वयन गरिएको छ। शिक्षकको दरखास्त फाराम अनलाइनबाट सङ्कलन गर्ने तथा अध्यापन अनुमतिपत्रका वस्तुगत उत्तरपुस्तिकाहरू ओ.एम.आर. मेसिनबाट परीक्षण गर्ने कार्यको थालनी गरिएको छ। अध्यापन अनुमतिपत्रको विषयगत पाठ्यक्रम लागू भएपछिको पहिलो परीक्षाबाट थप १७ हजार ४१ जनालाई स्थायी अध्यापन अनुमतिपत्र प्रदान गरिएको छ।

(ङ) **पाठ्यक्रम तथा पाठ्यसामग्रीः** सार्वजनिक विद्यालयका ५६ लाख ३५ हजार विद्यार्थीका लागि निःशुल्क पाठ्यपुस्तकको व्यवस्था मिलाउन स्थानीय तहमा वित्तीय हस्तान्तरण गरिएको छ। सबै सामुदायिक विद्यालयका कक्षा आठसम्म अध्ययनरत छात्रछात्राहरूलाई रङ्गीन पाठ्यपुस्तक उपलब्ध गराइएको छ। कक्षा

एकदेखि कक्षा तीनसम्मको एकीकृत पाठ्यक्रम शैक्षिक सत्र २०७७ बाट कक्षा एकमा देशभर लागू गरिएको छ। यसैगरी कक्षा चारदेखि कक्षा आठसम्मका ६ विषयका पाठ्यक्रम तयार भएको छ। कक्षा ११ मा नयाँ पाठ्यक्रम कार्यान्वयन गर्न अनिवार्य तीन विषयका पाठ्यसामग्री तयार गरिएको छ। यसैगरी कक्षा ११ र १२ का अनिवार्य चारसहित ७५ विषयका पाठ्यक्रम विकास गरिएको छ। बहुभाषिक शिक्षा नीति कार्यान्वयन गर्न हालसम्म २६ मातृभाषाका पाठ्यक्रम तथा पाठ्यपुस्तक तयार भएका छन्।

(च) **साक्षरता तथा अनौपचारिक शिक्षाः** यस आर्थिक वर्षमा काभ्रेपलाञ्चोक र संखुवासभा गरी दुई जिल्ला थप भई साक्षर घोषणा भएका जिल्लाहरूको संख्या ५३ पुगेको छ।

(छ) **प्राविधिक तथा व्यावसायिक शिक्षाः** थप ६ सय ३५ स्थानीय तहमा प्राविधिक शिक्षा कार्यक्रमको विस्तार गरिएको छ। निर्माणाधीन १४ बहुप्राविधिक शिक्षालय र यस अघि सञ्चालनमा रहेका १८ शिक्षालयमा डिप्लोमा र प्राविधिक एसएलसी तहमा विभिन्न विषयमा कार्यक्रम थप गरिएको छ। हरेक प्रदेशमा एउटा शिक्षालय छनौट गरी नमूना बहु-प्राविधिक शिक्षालयको रूपमा विकास गर्ने कार्य प्रारम्भ भएको छ। औपचारिक तथा अनौपचारिक रूपमा सीप सिकेका ५६ हजार ४ सय ९४ जनाको सीप प्रमाणीकरण गरिएको छ। इभेन्ट परियोजनामार्फत ३ हजार ३ सय ७८ युवाहरूको सीप प्रमाणीकरण भएको छ।

(ज) **उच्च शिक्षाः** मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालय, योगमाया आयुर्वेद विश्वविद्यालय तथा मदन भण्डारी प्रौद्योगिक विश्वविद्यालय स्थापनासम्बन्धी कार्यहरू अगाडि बढाइएका छन्। खुल्ला विश्वविद्यालय मार्फत सूचना र सञ्चार प्रविधि लगायत १८ विषयहरूमा अध्ययन अध्यापन शुरु भएको छ। विश्वविद्यालय लगायत सम्पूर्ण उच्च शैक्षिक संस्थाहरूको नक्साङ्कन कार्य अन्तिम चरणमा पुगेको छ।

(झ) **पुस्तकालय तथा वाचनालयः** सामुदायिक विद्यालयमा पुस्तकालय विकासका लागि कार्यक्रम तथा बजेट व्यवस्था गरिएको छ। ६ सय ८६ सार्वजनिक

पुस्तकालयहरू सञ्चालनमा रहेका छन्। नेपाल राष्ट्रिय पुस्तकालयको गुरुयोजना स्वीकृत भई विस्तृत परियोजना प्रतिवेदन तयार भएको छ।

(ञ) **शिक्षासम्बन्धी नतिजा सूचकहरूको स्थितिः** शिक्षासम्बन्धी सूचकगत उपलब्धिहरूलाई देहायको तालिकामा प्रस्तुत गरिएको छः

तालिका नं. ८ : शिक्षासम्बन्धी सूचकहरू (आ.व. २०७६/७७)

क्र. सं.	सूचक	लक्ष्य	प्रगति
१	१५ वर्ष माथिको साक्षरता दर (प्रतिशत)	६९	५७
२	समग्र साक्षरता दर (५ वर्ष सम्म) (प्रतिशत)	८५	८५
३	युवा साक्षरता (१५-२४ वर्ष) (प्रतिशत)	९०	८८.६
४	प्रारम्भिक बाल शिक्षा तथा विकास/ पूर्व प्राथमिक शिक्षामा कुल भर्ना दर (प्रतिशत)	८७.७	८६.२
५	प्रारम्भिक बाल शिक्षा तथा विकास / पूर्व प्राथमिक शिक्षामा अनुभव भएका कक्षा १ मा नवप्रवेशीको प्रतिशत	७०.८	६८.६
६	आधारभूत तह कक्षा १-८ को खुद भर्ना दर (प्रतिशत)	९६	९७.१
७	माध्यमिक तह कक्षा ९-१२ को खुद भर्ना दर (प्रतिशत)	४७	४७.६
८	कक्षा ८ सम्मको टिकाउ दर (प्रतिशत)	८८.७	७९.३
९	कक्षा १२ सम्मको टिकाउ दर (प्रतिशत)	२३	२४
१०	लैङ्गिक समता सूचक आधारभूत तह	१	०.९८
११	लैङ्गिक समता सूचक माध्यमिक तह	१	१.०३
१२	माध्यमिक शिक्षामा अध्ययन गर्नेमध्ये प्राविधिक धारमा अध्ययन गर्ने विद्यार्थी (प्रतिशत)	१५	१५
१३	उच्च शिक्षाको कुल भर्ना दर (प्रतिशत)	१३.७	१४
१४	उच्च शिक्षातर्फ गुणस्तर सुनिश्चितता तथा प्रत्यायन प्राप्त क्याम्पसहरूको संख्या	५०	४९
१५	नयाँ कक्षा कोठा निर्माण (हजारमा)	९८.८	१०३.४

(२) स्वास्थ्य

(क) **नीतिगत तथा कानूनी सुधारः** राष्ट्रिय आयुर्वेद अनुसन्धान तथा तालिम विकास समिति (गठन) आदेश, २०७६, सिंहदरबार वैद्यखाना विकास समिति (गठन) आदेश, २०७६ र कीटजन्य रोग अनुसन्धान तथा तालिम विकास समिति (गठन) आदेश, २०७६ स्वीकृत भएका छन्। एच.आई.भी. टेस्ट एण्ड ट्रिटमेण्ट गाइडलाइन, २०२० र नयाँ राष्ट्रिय एच.आइ.भी. रणनीति, २०२१-२०२६ निर्माण गरिएको छ।

(ख) **स्वास्थ्य सेवा प्रवाहः** सबै तहका स्वास्थ्य संस्थाहरूबाट २ करोड ८४ लाख जनाले ३ करोड ८५ लाख पटक स्वास्थ्य सेवा प्राप्त गरेका छन्। ५० हजार १ सय ७५ जना महिला स्वयंसेविकाबाट १ करोड ३२ लाख जनालाई सेवा प्रदान गरिएको छ।

(ग) **परम्परागत चिकित्सा सेवा प्रवाहः** हाल देशभर विभिन्न तहका १६ आयुर्वेद अस्पताल, ६१ आयुर्वेद स्वास्थ्य केन्द्र, ३ सय ५ आयुर्वेद औषधालय र एक होमियोपेथिक अस्पतालबाट नियमित रूपमा सेवा सञ्चालन हुँदै आएको छ।

(घ) **खोप सेवा प्रवाहः** देशभरिको १६ हजार ५ सय ११ खोप केन्द्रहरू र स्वास्थ्य संस्थाहरूबाट एक वर्षभरिमा एक वर्ष मुनिका ५ लाख २० हजार ९ सय ५१ बालबालिकाहरूलाई बी.सी.जी., ४ लाख ७० हजार ८ सय ४२ जनालाई तीन मात्रा पोलियो, ४ लाख ८९ हजार ८ सय ४६ जनालाई दादुरा रूबेला खोपको पहिलो मात्रा, १२ देखि २३ महिनाका ४ लाख २० हजार ७ सय ९९ जनालाई दादुरा रूवेलाको दोस्रो मात्रा, र ४ लाख ४४ हजार ४ सय ७४ जना गर्भवती महिलालाई टी.डी. खोप सेवा प्रवाह गरिएको छ। देशका ५८ जिल्लालाई पूर्ण खोपयुक्त जिल्ला घोषणा गरिएको छ।

(ङ) **बाल मृत्युदर न्यूनीकरणः** समुदायमा आधारित नवजात शिशु तथा बालरोगको एकीकृत व्यवस्थापन कार्यक्रमअन्तर्गत यस वर्ष पाँच वर्ष मुनिका २ लाख ६४ हजार ७८ जना निमोनिया र २८ लाख ८७ हजार जना झाडा पखालाका बिरामीहरूले उपचार पाएका छन्।

(च) **परिवार नियोजन सेवाः** देशभरका विभिन्न स्वास्थ्य एकाइहरूको साथै घुम्ती शिविर सञ्चालन गरी परिवार नियोजनका सेवा सञ्चालन भइरहेको छ। आर्थिक वर्ष २०७६/७७ मा यस्तो सेवाबाट २३ लाख ७५ हजार दम्पति लाभान्वित भएका छन्।

(छ) **सुरक्षित मातृत्वः** सुरक्षित मातृत्व कार्यक्रमअन्तर्गत यस वर्ष ६ लाख ६९ हजार ७ सय ३६ जना गर्भवती महिलाहरूलाई गर्भजाँच र ३ लाख ९६ हजार ६ सय ५१ जनालाई स्वास्थ्य संस्थामा प्रसूति गराइएको छ। आमा सुरक्षा कार्यक्रमअन्तर्गत ४ लाख ५३ हजार ६ सय ८५ जनालाई निःशुल्क सुरक्षित प्रसूति सेवा प्रदान गरिएको छ।

(ज) **कुष्ठरोग निवारणः** यस आर्थिक वर्षमा करिब ३ हजार २ सय नयाँ कुष्ठरोगको बिरामी पत्ता लागेकोमा ८० भन्दा बढीको सुधारात्मक शल्यक्रिया भएको र आवश्यकताअनुसार सहायक सामग्री वितरण गरिएको छ। कुष्ठरोग प्रकोप दर बढी भएका तराई क्षेत्रका १७ जिल्लाका स्थानीय तहमा कुष्ठरोग निवारण अभियान सञ्चालन गरिएको छ।

(झ) **एच.आई.भी. एड्स नियन्त्रणः** एच.आइ.भी. को अनुमानित सङ्क्रमित संख्या २९ हजार ५ सय ३ मध्ये २३ हजार १ सय ३६ जना (७८.४ प्रतिशत) निदान गरिएको र पहिचान गरिएका सङ्क्रमितहरू २३ हजार १ सय ३६ जनामध्ये १८ हजार ८ सय ७ जना (८१ प्रतिशत) ले ए.आर.भी. उपचार पाइरहेका छन्।

(ञ) **क्षयरोग उपचारः** क्षयरोगका नयाँ बिरामी २६ हजार ४ सय ७३ जना, पुनः उपचारमा आएका २ हजार ९ सय ७२ जना र क्षयरोगका बहुऔषधि प्रतिरोधी उपचारमा ९ सय ७८ जना बिरामीहरूलाई सेवा प्रदान गरिएको छ।

(ट) **स्वास्थ्य बीमाः** गत आर्थिक वर्षसम्म ४६ जिल्लाका ४ सय ५६ स्थानीय तहमा सञ्चालनमा रहेको स्वास्थ्य बीमा कार्यक्रम विस्तार गरी यस आर्थिक वर्षमा ५८ जिल्लाका ५ सय ६३ स्थानीय तहमा लागू भएको छ। स्वास्थ्य बीमा गराउने सदस्य संख्या १८ लाख २५ हजारबाट २८ लाख ८२ हजार जना पुगेको छ।

(ठ) **निःशुल्क स्वास्थ्य सेवाः** ७९ वटा सूचीकृत अस्पतालहरूबाट आठ प्रकारका रोगहरूको निःशुल्क उपचारको लागि ७७ हजार ९ सय ९५ जना विपन्न

नागरिकलाई रु. ४ अर्ब भुक्तानी दिइएको छ। शहीद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्रमा ४ सय २३ जनालाई निःशुल्क भल्भ शल्यक्रिया, १ हजार १ सय ४७ जना बिरामीहरूको विभिन्न खाले मुटुको शल्यक्रिया, ६ हजार २ सय २८ जनाको क्याथल्याबमार्फत विभिन्न सेवा, १ लाख १७ हजार ३० जना बिरामीहरूलाई बहिरंग सेवा, ६ सय १३ जना १५ वर्ष मुनिकालाई निःशुल्क शल्यक्रिया, ६ सय ८४ जना ७५ वर्ष माथिकालाई निःशुल्क सेवा र २ सय ५७ जना बिरामीहरूको मुटुको साँघुरिएको भल्भ (PTMC) खोलिएको र ३ हजार ५ सय २५ जनाको कार्डियाक सी. टी. स्क्यान गरिएको छ। साथै, विभिन्न जिल्लाहरूमा निःशुल्क स्वास्थ्य शिविर सञ्चालन गरिएको छ। मनमोहन कार्डियोथोरासिस एण्ड ट्रान्सप्लाण्ट केन्द्रबाट जेष्ठ नागरिक कार्यक्रम अन्तर्गत ५ सय ५६ जनालाई निःशुल्क सेवा प्रदान गरिएको छ। शहीद धर्मभक्त राष्ट्रिय अङ्ग प्रत्यारोपण केन्द्रबाट ४९ जनाको मृगौला तथा एक जनाको कलेजो प्रत्यारोपण गरिएको छ। निःशुल्क आँखा शिविरमार्फत ३ हजार ४३ जनाको मोतीबिन्दुको अपरेशन गरिएको छ। नेपाली सेनाद्वारा १ हजार ३ सय ७३ जनालाई सर्पदंश उपचार सेवा र ५४ हजार ७ सय २७ जनालाई निःशुल्क स्वास्थ्य सेवा प्रदान गरिएको छ।

(ङ) **दुर्गम क्षेत्रमा स्वास्थ्य सेवाः** कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानमा एनेस्थेसिया एसिस्टेन्ट र एस. बी. ए. प्रशिक्षण कार्यक्रम सञ्चालन गरिएको छ। जाजरकोट जिल्लामा डिप्लोमा इन फार्मेसी कार्यक्रम सञ्चालन शुरु भएको छ। कालीकोट तथा मुगु जिल्ला अस्पतालमा विशेषज्ञ बहिरंग सेवा सञ्चालन गरिएको छ।

(ढ) **मृगौला प्रत्यारोपण सेवाः** मृगौला प्रत्यारोपण गर्न चाहिने एच. एल. ए. परीक्षणका लागि मेशिन खरिद गरिएको छ। वीर अस्पतालमा मेडिकल स्पेसियालिटी भवन, २४ घण्टा डाईलासिस सेवा, नेफ्रोलोजी तथा ग्याष्ट्रोमेडिसिनसम्बन्धी सम्पूर्ण कार्यविधि सञ्चालन गरिएको छ।

(ण) **स्वास्थ्य पूर्वाधार निर्माणः** मनमोहन कार्डियोथोरासिस एण्ड ट्रान्सप्लाण्ट केन्द्रमा ४१ शैया थपको लागि नयाँ भवनको निर्माण कार्य पूरा भएको र सेवा सञ्चालन शुरु भएको छ। यस अवधिभित्र जिल्ला अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, प्रसूति केन्द्र, आयुर्वेद सेवा केन्द्र गरी जम्मा २ सय ५८ भवनहरूको निर्माण सम्पन्न भएको छ।

(त) **अध्ययन अनुसन्धानः** नेपालमा क्षयरोगको प्रकोपबारे अध्ययन गर्नको लागि क्षयरोगको नेशनल प्रिभ्यालेन्स फिल्ड सर्भे कार्य सम्पन्न भएको छ। नेपाल स्वास्थ्य संस्था सर्वेक्षणको लागि प्रश्नावली तयार गरिएको छ। नेपाल स्वास्थ्य अनुसन्धान परिषदबाट नसर्ने रोगको राष्ट्रिय सर्वेक्षण, समुदायमा आधारित क्यान्सर रोगसम्बन्धी अध्ययन, औषधिसम्बन्धी अध्ययन अनुसन्धान र सूर्तिजन्य पदार्थबाट हुने रोगको रोकथाम र नियन्त्रणसम्बन्धी अध्ययन अनुसन्धान भएको छ।

(ट) **स्वास्थ्यसम्बन्धी नतिजासूचकहरूको स्थितिः** स्वास्थ्यसम्बन्धी सूचकगत उपलब्धिहरूलाई देहायको तालिकामा प्रस्तुत गरिएको छः

तालिका नं. ९ : स्वास्थ्यसम्बन्धी सूचकहरू

क्र.सं.	सूचक	एकाइ	अवस्था
१	बाल मृत्युदर (पाँच वर्ष मुनिका बालबालिका)	प्रति हजार	२८
२	नवजात शिशु मृत्युदर	प्रति हजार	१६
३	स्वास्थ्य संस्थाबाट प्रसूति सेवा लिने	प्रतिशत	६५.५
४	स्वास्थ्यकर्मीद्वारा प्रसूति सेवा प्राप्त गर्ने	प्रतिशत	६७.२
५	प्रोटोकल अनुसार ४ पटकसम्म गर्भवती जाँच गर्ने महिला	प्रतिशत	५२.६
६	कुल प्रजनन दर	जना	२
७	परिवार नियोजनको आधुनिक साधन प्रयोगकर्ता दर	प्रतिशत	४१
८	पूर्ण खोप लगाउने बालबालिकाहरू	प्रतिशत	६४.५
९	दादुरा रुबेला दुई मात्रा खोप लगाउने बालबालिका	प्रतिशत	९२.५
१०	कुष्ठरोगी संख्या	जना	१९०३
११	स्वास्थ्य बीमा लागू भएका स्थानीय तह	वटा	५६३

(३) कोभिड-१९ रोकथाम, नियन्त्रण र उपचारः

(क) **नीतिगत तथा कानूनी व्यवस्थाः** कोभिड-१९ युनिफाईड अस्पताल सञ्चालन आदेश, २०७७, कोरोना भाइरसको संक्रमणको उपचार बापत अस्पताललाई अनुदान उपलब्ध गराउनेसम्बन्धी आदेश, २०७७, कोभिड-१९ को उपचारमा संलग्न जनशक्तिको जोखिम भत्ता व्यवस्थापन आदेश, २०७७, कोभिड-१९ का कारण मृत्यु भएका व्यक्तिहरूको शव व्यवस्थापनसम्बन्धी संक्षिप्त कार्यविधि (पहिलो संशोधन), २०७७, कोभिड-१९ का बिरामीहरूको उपचारमा प्रत्यक्ष रूपमा संलग्न स्वास्थ्यकर्मी तथा अन्य कर्मचारीहरूको व्यवस्थापनसम्बन्धी मार्गदर्शन, २०७७, र निजी तथा सामुदायिक अस्पताललाई आर.डी.टी. बाट कोभिड-१९ परीक्षण गर्न अनुमति दिनेसम्बन्धी अन्तरिम निर्देशिका, २०७७ जारी गरिएको छ।

(ख) **संस्थागत व्यवस्थाः** नेपाल सरकारका स्वास्थ्य सेवासम्बद्ध नियमित निकायहरूको अतिरिक्त केन्द्रमा नोभल कोरोना रोग रोकथाम तथा नियन्त्रण उच्चस्तरीय समन्वय समिति तथा केन्द्र, प्रदेश, जिल्ला र स्थानीयस्तरमा सङ्कट व्यवस्थापन केन्द्रको गठन गरी ती समितिहरूलाई क्रियाशील तुल्याइएको छ। जिल्लामा कमाण्ड पोष्ट र पेसेन्ट रिसिभिङ् टिम जस्ता संयन्त्रहरू रहेका छन्।

(ग) **पी.सी.आर. परीक्षण र उपचारः** आर्थिक वर्षको अन्त्यसम्म पी.सी.आर. परीक्षण सुविधा देशको ३२ स्थानमा विस्तार गरिएको छ। प्रतिदिन १८ हजारसम्मको परीक्षण गर्न सकिने गरी क्षमता विस्तार भएको छ। राष्ट्रिय परीक्षण निर्देशिका सहित विभिन्न कार्यविधि तथा निर्देशिका तयार गरिएको छ। ४ लाख ६ हजार ५ सय ९४ जनाको पी.सी.आर. परीक्षण गरिएकोमा २१ हजार ९ जनामा पोजिटिभ देखिएको छ। तीमध्ये १५ हजार २६ जना निको भएका छन्। आर्थिक वर्षको अन्त्यसम्ममा सक्रिय बिरामी ५ हजार ९ सय २८ जना रहेका छन्। कोभिड-१९ को उपचारका लागि लेभल १, लेभल २, लेभल ३ र युनिफाइड अस्पताल तयार गरिएको छ। आइसोलेसन केन्द्रहरूको व्यवस्थापनका साथै घरमा नै आइसोलेसनमा बस्न सकिने व्यवस्था मिलाइएको छ। कोभिड-१९ को संक्रमणको उपचार बापत अस्पताललाई अनुदान उपलब्ध गराइएको छ।

(घ) **नेपालीहरूको उद्धारः** कोभिड-१९ को कारण भएको बन्दाबन्दीको समयमा चार्टर उडानहरूबाट २८ हजार १ सय २५ नेपालीहरूलाई विभिन्न मुलुकहरूबाट उद्धार गरिएको छ। यसरी उद्धार गर्ने कार्य जारी छ।

(ङ) **विभिन्न मुलुकहरूसँग सम्पर्क र समन्वयः** सम्माननीय राष्ट्रपति, सम्माननीय प्रधानमन्त्री र माननीय परराष्ट्र मन्त्रीस्तरमा विभिन्न मुलुकहरूसँग द्विपक्षीय टेलिफोन संवाद भएका छन्। ती वार्ताहरूमा एक अर्काका मुलुकमा रहेका कामदार तथा नागरिकहरूलाई कोभिड-१९ को विषम परिस्थितिमा आवश्यक सुरक्षा, संरक्षण, हेरविचार र उपचारको उचित प्रबन्धको लागि पहल भएको छ।

(च) **सीमा नियमनः** सीमा क्षेत्रको १ हजार २ सय १३ स्थानमा सशस्त्र प्रहरी बल नेपालका २२ हजार ६ सय १६ जनशक्ति परिचालन गरिएको छ। औसत १.५ कि.मि. को दूरीमा सशस्त्र प्रहरी बल नेपालको स्थायी तथा अस्थायी चेकपोष्टहरू स्थापना गरिएको छ।

(छ) **कोभिड-१९ को कारण विद्यालय बन्दाबन्दीको अवस्थामा वैकल्पिक सिकाइः** वैकल्पिक प्रणालीबाट विद्यार्थीको सिकाइ सहजीकरण निर्देशिका जारी गरी कार्यान्वयनमा ल्याइएको छ। कक्षा एकदेखि १० सम्मका लागि रेडियो तथा टेलिभिजनबाट भर्चुअल पाठ प्रसारणको सामग्री विकास र समय तालिका सार्वजनिक गरी सोही अनुसार पाठहरू प्रसारण गरिएको छ। स्थानीय टेलिभिजन तथा एफ. एम. रेडियो मार्फत पाठहरू प्रसारण गर्ने प्रबन्ध मिलाइएको छ।

(४) यातायात व्यवस्थापन

(क) **सवारी साधन अनुगमनः** मालवस्तु ढुवानीका साधनको अनुगमन प्रणाली (Vehicle Consignment Tracking system: VCTS) पूर्ण रूपमा कार्यान्वयनमा ल्याइएको छ। त्यस्तै GPS Vehicle Tracking System को डिजाइन सम्पन्न भई विश्व बैंकसँग समन्वय गरी टेण्डर प्रक्रिया अघि बढाइएको छ।

(ख) **कारबाहीः** चाडपर्वको समयमा बढी भाडा लिने, बढी यात्रु बोक्ने, लापरवाही गर्ने र सवारी ऐन, नियम विपरीत काम गर्ने कुल ३ हजार ७ सय ८ वटा सवारी साधनलाई स्थलगत कारबाही गरिएको छ।

(ग) **अनिवार्य बीमाः** सबै प्रकारका सवारी साधनका चालक, सहचालक, यात्रु र तेस्रो पक्षको बीमा गर्नुपर्ने बाध्यात्मक व्यवस्था लागू भएको छ। यसबाट दुर्घटनापछि सहजै सम्बन्धित बीमा कम्पनीबाट बीमा रकम प्राप्त हुने गरेको छ।

(घ) **काठमाडौं उपत्यका सार्वजनिक यातायात व्यवस्थापन प्राधिकरणः** काठमाडौं उपत्यकाभित्र सार्वजनिक यातायात व्यवस्थापन गर्न काठमाडौं उपत्यका सार्वजनिक यातायात प्राधिकरण गठनसम्बन्धी विधेयक संसदमा पेश गरिएको छ।

(ङ) **सवारी परीक्षणः** सवारी परीक्षण कार्यालय, बुटवल र हेटौंडामा स्थापना भई कार्य सञ्चालनमा आएको छ र अन्य पाँच प्रदेशमा संगठन व्यवस्थापन सर्वेक्षण गरी दरबन्दी स्वीकृतिका लागि प्रक्रिया अघि बढाइएको छ।

(च) **विश्रामस्थल निर्माणः** राष्ट्रिय राजमार्ग तथा द्रुतमार्गहरूको निश्चित दूरीमा विश्रामस्थलको व्यवस्था गर्न जग्गा पहिचान कार्य र विस्तृत परियोजना प्रतिवेदन निर्माण सम्पन्न भई ठेक्काको आवश्यक प्रक्रिया अघि बढेको छ।

(छ) **वाशिंग सेन्टर र तौलपुल निर्माणः** काठमाडौं उपत्यका भित्रिने सवारी साधनका लागि निजी क्षेत्रको पूर्ण लगानीमा वाशिङ्ग सेन्टर निर्माण र सञ्चालन गर्न नीतिगत व्यवस्था गर्ने तयारी भइरहेको छ। चितवनको आपटारीमा तौलपुल निर्माण शुरु भई अन्तिम चरणमा पुगेको र महोत्तरीको बर्दिवासमा तौलपुल निर्माण कार्य भइरहेको छ।

(ज) **स्मार्ट कार्ड वितरणः** ७ लाख ४८ हजार ६ सय ९७ स्मार्ट कार्ड प्रिन्ट गरी आर्थिक वर्षको अन्त्यसम्म जम्मा १८ लाख २० हजार जनालाई वितरणको व्यवस्था मिलाइएको छ।

(५) आवास तथा बस्ती विकास

(क) **सुरक्षित नागरिक आवास कार्यक्रमः** सुरक्षित नागरिक आवास कार्यक्रमअन्तर्गत १ लाख ६८ हजार २ सय ८१ लाभग्राही छनौट भएका छन्। छनौट भएका मध्ये ८ सय ५ आवास एकाइको निर्माण कार्य सम्पन्न भएको छ। सुरक्षित नागरिक आवास निर्माणका लागि अनुदान रकम स्थानीय तहमा नै पठाउने गरी

सुरक्षित नागरिक आवास कार्यान्वयन कार्यविधि, २०७६ मा संशोधन गरिएको छ।

(ख) **एकीकृत बस्ती विकासः** रसुवा र कास्कीका एक-एक स्थानमा एकीकृत बस्ती विकासका लागि सम्भाव्यता अध्ययन कार्य सम्पन्न भएको छ। अन्य आठ स्थानमा एकीकृत बस्ती विकासका लागि सम्भाव्यता अध्ययन कार्य अन्तिम चरणमा पुगेको छ।

(ग) **भवन निर्माणः** संघीय संसद भवन निर्माण कार्यको आठ प्रतिशत, प्रधानमन्त्री सरकारी आवास निर्माण कार्यको २५ प्रतिशत, प्रदेश प्रमुख तथा मुख्यमन्त्रीका लागि आवास तथा सम्पर्क कार्यालय निर्माण कार्यको २१ प्रतिशत र मन्त्री आवासको निर्माण कार्यको २२ प्रतिशत निर्माण सम्पन्न भएको छ। राजकीय अतिथि गृह निर्माण कार्यको डिजाइन सम्पन्न भएको छ।

(६) खाद्य सुरक्षा तथा खाद्य सम्प्रभुता

(क) कानूनी सुधारः विषादी व्यवस्थापन तथा नियमनको लागि जीवनाशक विषादी ऐन, २०७६ जारी भई कार्यान्वयनमा ल्याइएको छ।

(ख) खाद्य पदार्थको गुण नियन्त्रणः खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागबाट यस वर्ष १२ हजार २ सय ८४ खाद्य तथा दाना नमूना विश्लेषण र ३२ हजार ३ सय ९९ पटक खाद्य आयात निर्यात निरीक्षण तथा प्रमाणीकरण गरिएको छ। विभिन्न सात द्रुत विषादी अवशेष परीक्षण प्रयोगशालाहरू मार्फत ७३ हजार १ सय ७४ तरकारी तथा फलफूलको नमूना परीक्षण भएको छ। न्यून गुणस्तर, मिसावट एवं दूषित पाइएका खाद्यका नमूनाका आधारमा ५२ वटा मुद्दा दायर गरिएको छ। यस अवधिमा १ सय ४ आयातकर्ताको विभिन्न आयात अनुमति अस्वीकार गरिएको छ भने ५ सय ४३ होटल स्तरीकरणको लोगो वितरण गरिएको छ।

(ग) चेतना अभिवृद्धिः सर्वसाधारणको खानपानको व्यवहारमा सकारात्मक परिवर्तन ल्याउन तथा खाद्यपदार्थमा विविधीकरणको महत्त्व बुझाउनको लागि विभिन्न माध्यमबाट जनचेतना बढाउने कार्यलाई निरन्तरता प्रदान गरिएको छ। पोषण तथा खाद्य स्वच्छतासम्बन्धी २ सय ४७ वटा तालिम सञ्चालन गरिएको छ। कृषकहरूलाई मौसम तथा रोग कीराको प्रकोपबारे अग्रिम जानकारी गराई क्षति

न्यूनीकरण गर्नका लागि प्रत्येक हप्ता ३/४ वटा सन्देश ४० हजार कृषक तथा सरोकारवालाहरूलाई प्रेषित गर्ने कार्यलाई निरन्तरता दिइएको छ।

(घ) **मापदण्ड निर्धारण तथा गुणस्तर परीक्षणः** फलफूलको रस, पेय र नेक्टरको स्तर निर्धारण समितिबाट मापदण्ड स्वीकृत गरी एस. पी. एस. नोटिफिकेसनको लागि पठाइएको छ। पुष्टकारी, गुँदपाक, चिउरा, दालमोठको गुणस्तर मापदण्ड तथा वनस्पति घ्यू तेल तथा घ्यूमा टोटल पोलार म्याटेरियलको अधिकतम सीमा निर्धारण गर्ने कार्य अन्तिम चरणमा पुगेको छ। जनस्वास्थ्य संरक्षण कार्यक्रमअन्तर्गत १ हजार ६ सय ६७ वटा दूध, फुल, मासुमा इन्सेक्टिसाइड, पेष्टिसाइड तथा हर्मोनको अवशेष परीक्षण र १ हजार ८ सय ३४ औषधि र खोपको गुणस्तर परीक्षण सम्पन्न गरिएको छ। पशुपन्छीमा प्रयोग हुने औषधि, खोप र दूधमा रेसिडयुको गुणस्तर परीक्षण गरिएको छ।

(ङ) **माटो परीक्षणः** माटो अनुकूलको खाद्यान्न उत्पादनलाई प्रोत्साहन गर्न तथा माटोको भौतिक, रासायनिक तथा जैविक गुणमा सुधार ल्याई कृषि उत्पादन तथा उत्पादकत्व वृद्धि गर्नका लागि यस आर्थिक वर्षमा घुम्ती प्रयोगशालामार्फत चार वटा माटो परीक्षण शिविर सञ्चालन गरिएको छ।

(च) **विषादी नियन्त्रणः** विषादी विक्रेता प्रमाणपत्र तथा नवीकरण कार्यलाई निरन्तरता प्रदान गरिएको छ भने विषादी नियमन तथा व्यवस्थापनको लागि सात स्थानमा विषादी खुद्रा विक्रेता तालिम सम्पन्न गरिएको छ। डिकोफोल, कार्बोसल्फान, आल्मुनियम फोस्फाइड नामक विषादी डिरजिष्टर गर्ने निर्णय भएको छ।

(छ) **राहत वितरणः** गरिमा धानबाट क्षति भएका कृषकहरूलाई रु. ३ करोड ४ लाख राहत वितरण गरिएको छ।

(ज) **खाद्य तथा पोषण सुरक्षाः** भूकम्प प्रभावित १० जिल्लाहरूमा खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना सञ्चालन गरिएको छ। हालसम्म यसका ५६ हजार २ सय २१ लाभग्राही छनौट भइसकेका छन्। कोभिड-१९ बाट कृषि क्षेत्रमा परेको असरलाई तत्काल सम्बोधन गर्न आयोजना क्षेत्रका कृषकलाई परियोजना कार्यान्वयन एकाइहरू मार्फत ८५ प्रतिशत अनुदानमा धान तथा कोदोको उन्नत बीउ कृषकहरूलाई उपलब्ध गराइएको छ।

(झ) **दूध कारखाना स्थापनाः** नेपाल सरकारबाट बुटवलमा पाँच हजार लिटर प्रति घण्टा क्षमताको यू. एच. टी. प्लान्ट र नेपालगञ्जमा एक लाख लिटर दैनिक क्षमताको धुलो दूध कारखाना स्थापनाका लागि विस्तृत परियोजना प्रतिवेदन तयार भएको छ।

२.२.९ श्रम र रोजगारसम्बन्धी नीति

नेपालको संविधानको धारा ५१ को खण्ड (झ) ले श्रम र रोजगार सम्बन्धमा निम्न लिखित नीतिहरूको व्यवस्था गरेको छः

(१) सबैले काम गर्न पाउने अवस्था सुनिश्चित गर्दै देशको मुख्य सामाजिक आर्थिक शक्तिको रूपमा रहेको श्रमशक्तिलाई दक्ष र व्यावसायिक बनाउने र स्वदेशमा नै रोजगारी अभिवृद्धि गर्ने,

(२) मर्यादित श्रमको अवधारणा अनुरूप सबै श्रमिकको आधारभूत अधिकार सुनिश्चित गर्दै सामाजिक सुरक्षा प्रत्याभूत गर्ने,

(३) बालश्रम लगायत श्रम शोषणका सबै रूपको अन्त्य गर्ने,

(४) श्रमिक र उद्यमी व्यवसायीबीच सुसम्बन्ध कायम गर्दै व्यवस्थापनमा श्रमिकको सहभागिता प्रोत्साहन गर्ने,

(५) वैदेशिक रोजगारीलाई शोषणमुक्त, सुरक्षित र व्यवस्थित गर्न तथा श्रमिकको रोजगारी र अधिकारको प्रत्याभूति गर्न यस क्षेत्रको नियमन र व्यवस्थापन गर्ने,

(६) वैदेशिक रोजगारीबाट आर्जन भएको पूँजी, सीप, प्रविधि र अनुभवलाई स्वदेशमा उत्पादनमूलक क्षेत्रमा लगाउन प्रोत्साहन गर्ने।

श्रम तथा रोजगारसम्बन्धी नीति कार्यान्वयनबाट प्राप्त मुख्य उपलब्धिहरू

श्रम तथा रोजगारसम्बन्धी नीतिको कार्यान्वयनको लागि आन्तरिक रोजगारी तथा सीप विकास, वैदेशिक रोजगारी र श्रम सम्बन्ध सुधारका क्षेत्रमा यस वर्षमा निम्नलिखित कार्यहरू गरी देहायबमोजिमका उपलब्धिहरू हासिल भएका छन्ः

(१) आन्तरिक रोजगारी तथा सीप विकास

(क) **प्रधानमन्त्री रोजगार कार्यक्रमः** प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका आयोजना सञ्चालनको सन्दर्भमा कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना

(सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७६ जारी गरी सोही बमोजिम आयोजना सञ्चालन गर्ने व्यवस्था मिलाइएको छ। रोजगार संयोजक पदपूर्ति र सेवा सुविधासम्बन्धी मापदण्ड, २०७६ स्वीकृत गरी सबै स्थानीय तहमा रोजगार सेवा केन्द्रको स्थापना तथा बेरोजगार व्यक्तिहरूको सूचीकरण गर्ने कार्य भएको छ। स्थानीय विकास निर्माणका कामहरूमा इच्छुक सूचीकृत बेरोजगारहरूलाई उक्त केन्द्रमार्फत एक सय दिनसम्मको रोजगारी प्रदान गर्ने व्यवस्था गरिएको छ। सोको व्यवस्थापनका लागि बेरोजगार सूचीकरण तथा प्राथमिकीकरण मार्गदर्शन, २०७६ जारी गरी लागू गरिएको छ। यस आर्थिक वर्षमा देशभरका सबै रोजगार सेवा केन्द्रमा अनौपचारिक क्षेत्रका ३ लाख ८४ हजार ६ सय ३० जना बेरोजगार व्यक्तिहरू सूचीकृत भएका छन् भने तीमध्ये ७ सय १ स्थानीय तहमा कामका लागि पारिश्रमिक तर्फ ८७ हजार ७ सय ५७ जना व्यक्तिहरूले रोजगारी पाएका छन्।

(ख) **युवा रोजगारीका लागि रूपान्तरणः** युवा रोजगारीका लागि रूपान्तरण पहल आयोजना सञ्चालन गरिएको छ। उक्त आयोजनालाई नियमन गर्न युवा रोजगारीका लागि रूपान्तरण पहल आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७६ तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको छ।

(ग) **रोजगारमूलक तालीमः** सीपमूलक तालिमको माग र आपूर्ति पक्षको तथ्याङ्क व्यवस्थित गर्न सीपसम्बन्धी सूचना प्रणाली विकाससम्बन्धी अवधारणा-पत्र तयार भएको छ। रोजगारीमूलक सीप विकास तालिम प्रदान गर्नको लागि निजी क्षेत्रसँगको साझेदारीमा कार्यस्थलमा आधारित तालिम सञ्चालनमा आएको छ। यस आर्थिक वर्षमा विभिन्न विषय क्षेत्रमा ७ हजार २ सय ३७ जनालाई रोजगारमूलक तालिम उपलब्ध गराइएको छ।

(घ) **सामाजिक सुरक्षा कोषः** सामाजिक सुरक्षामा आबद्ध भएका रोजगारदाताले श्रमिकको आधारभूत पारिश्रमिकबाट ११ प्रतिशत कट्टी गरी सो रकममा श्रमिकको पारिश्रमिकको २० प्रतिशत रकम थप गरी कुल ३१ प्रतिशत रकम सामाजिक सुरक्षा कोषमा जम्मा गर्ने प्रयोजनको लागि यस आर्थिक वर्षसम्ममा १ लाख ६८ हजार २ सय ४२ श्रमिक र १२ हजार ४ सय ७८ रोजगारदाताहरू सूचीकृत

भएका छन् र कुल रु. १ अर्ब ६१ करोड ६८ लाख योगदान रकम सङ्कलन भइसकेको छ। योगदानमा आधारित सामाजिक सुरक्षा योजना क्रमशः अनौपचारिक तथा स्वरोजगारको क्षेत्रमा समेत विस्तार हुने क्रममा रहेको छ। सामाजिक सुरक्षा सूचना प्रणाली तयार गरी सञ्चालनमा ल्याइएको छ।

(२) वैदेशिक रोजगारी

(क) **कानूनी सुधारः** वैदेशिक रोजगार नियमावली, २०६४ मा संशोधन गरिएको छ। कोभिड-१९ ले वैदेशिक रोजगारीको स्वरूपमा पार्ने प्रभाव समेत विश्लेषण गरी सोही बमोजिम वैदेशिक रोजगार नीति परिमार्जन गर्ने तयारी भइरहेको छ।

(ख) **अध्ययन अनुसन्धानः** यस वर्ष वैदेशिक रोजगारीको विद्यमान अवस्थाको विश्लेषण सहितको नेपाल श्रम आप्रवासन प्रतिवेदन, २०७७, नेपाली कामदारको सन्दर्भमा अन्तर्राष्ट्रिय श्रम आप्रवासनको प्रवृत्ति अध्ययन प्रतिवेदन, वैदेशिक रोजगार परिषद् स्थापनासम्बन्धी अध्ययन प्रतिवेदन, वैदेशिक रोजगारीबाट फर्किएका र कोभिड-१९ का कारणले समस्यामा परेका नेपाली श्रमिकहरूको अपेक्षा र समाधान विषयक अध्ययन प्रतिवेदन र श्रमिक सूचना बैंक स्थापना र श्रम (वित्तीय) बैंक गठनसम्बन्धी अध्ययन प्रतिवेदनहरू प्राप्त भएका छन्।

(ग) **एकीकृत वैदेशिक रोजगार सूचना प्रणालीः** एकीकृत वैदेशिक रोजगार सूचना प्रणालीको स्तरोन्नति गरी त्यसमा विभिन्न १२ नेपाली नियोगहरू र राहदानी विभाग तथा अध्यागमन विभागलाई समेत आबद्ध गराई अनलाइन स्टीकर, अनलाइन श्रम स्वीकृति र पुनः श्रम स्वीकृतिको थालनी गरिएको छ। यसले गर्दा आप्रवासनको क्षेत्रमा सुशासनको अभिवृद्धि भएको छ।

(घ) **श्रम समझदारीः** नेपाल र मलेसिया एवं नेपाल र संयुक्त अरब इमिरेट्सबीच श्रमिकको लागत रोजगारदाताबाटै व्यहोर्ने गरी अघिल्लो आर्थिक वर्षमा भएको श्रम समझदारीको कार्यान्वयन भएको छ। साउदी अरब, टर्की, इजरायल, कुवेत र रोमानियासँग श्रम सम्झौता/समझदारी गर्नको लागि प्रस्तावित मस्यौदा आदान प्रदान भएको छ। ओमानसँग श्रम समझदारीमा हस्ताक्षर गर्न उक्त मुलुकका प्रतिनिधिहरूलाई आमन्त्रण गरिएको छ।

(ङ) **वैदेशिक रोजगारीका लागि तालीमः** दक्ष जनशक्ति उत्पादन गरी राम्रो पारिश्रमिक र सुरक्षित रोजगारीमा जाने अवस्था सिर्जना गर्न तालिम मोड्युल विकास गरी नेपाल सीप प्रमाणीकरण बोर्डले सीपको स्तर जाँच गर्ने पाठ्यक्रम विकास गरिएको छ। पूर्वाधार भएका तालिम प्रदायक संस्थाबाट सबै प्रदेशमा तालिम सञ्चालन गर्ने व्यवस्था मिलाइएको छ।

(३) श्रम सम्बन्ध

(क) **कानूनी सुधारः** कुनै पनि उद्योग प्रतिष्ठानहरूमा काम गर्ने श्रमिकहरूको स्वास्थ्य तथा सुरक्षाको विषयलाई सम्बोधन गर्न राष्ट्रिय व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य नीति, २०७६ जारी गरिएको छ।

(ख) **श्रमिक सूचना बैंक स्थापनाको लागि गृहकार्यः** हाल स्थानीय तहमा सञ्चालन हुँदै आएको रोजगार व्यवस्थापन सूचना प्रणालीलाई स्तरोन्नति गरी श्रमिकको ज्ञान, सीप, योग्यता, क्षमता र दक्षता, रोजगारदाता र उपलब्ध रोजगारीको विवरण तथा तालिम प्रदायक संस्था समेतलाई आबद्ध गर्ने गरी श्रमिक सूचना बैंक स्थापना तथा सञ्चालन गर्न अवधारणा-पत्र तयार गरी कार्ययोजनासहित गृहकार्य प्रारम्भ भएको छ।

२.२.१० सामाजिक न्याय र समावेशीकरणसम्बन्धी नीति

नेपालको संविधानको धारा ५१ को खण्ड (ञ) ले सामाजिक न्याय र समावेशीकरण सम्बन्धमा निम्नलिखित नीतिहरूको व्यवस्था गरेको छः

(१) असहाय अवस्थामा रहेका एकल महिलालाई सीप, क्षमता र योग्यताको आधारमा रोजगारीमा प्राथमिकता दिँदै जीविकोपार्जनका लागि समुचित व्यवस्था गर्दै जाने।

(२) जोखिममा परेका, सामाजिक र पारिवारिक बहिष्करणमा परेका तथा हिंसापीडित महिलालाई पुनःस्थापना, संरक्षण, सशक्तीकरण गरी स्वावलम्बी बनाउने।

(३) प्रजनन अवस्थामा आवश्यक सेवा सुविधा उपभोगको सुनिश्चितता गर्ने।

(४) बालबच्चाको पालन-पोषण, पारिवारिक हेरचाह जस्ता काम र योगदानलाई आर्थिक रूपमा मूल्याङ्कन गर्ने।

(५) बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिक रूपमा ध्यान दिने।

(६) मुक्त कमैया, कम्हलरी, हरवा, चरवा, हलिया, भूमिहीन, सुकुम्बासीहरूको पहिचान गरी बसोबासका लागि घर घडेरी तथा जीविकोपार्जनका लागि कृषियोग्य जमीन वा रोजगारीको व्यवस्था गर्दै पुनःस्थापना गर्ने।

(७) राष्ट्रिय विकासमा युवा सहभागिता अभिवृद्धि गर्दै राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारहरूको पूर्ण उपयोगको वातावरण सिर्जना गर्ने, युवाको सशक्तीकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, रोजगारी लगायतका क्षेत्रमा विशेष अवसर प्रदान गर्दै व्यक्तित्व विकास गर्ने तथा राज्यको सर्वाङ्गीण विकासमा योगदानका लागि उपयुक्त अवसर प्रदान गर्ने।

(८) आदिवासी जनजातिको पहिचान सहित सम्मानपूर्वक बाँच्न पाउने अधिकार सुनिश्चित गर्न अवसर तथा लाभका लागि विशेष व्यवस्था गर्दै यस समुदायसँग सरोकार राख्ने निर्णयहरूमा सहभागी गराउने तथा आदिवासी जनजाति र स्थानीय समुदायको परम्परागत ज्ञान, सीप, संस्कृति, सामाजिक परम्परा र अनुभवलाई संरक्षण र संवर्द्धन गर्ने।

(९) अल्पसंख्यक समुदायलाई आफ्नो पहिचान कायम राखी सामाजिक र सांस्कृतिक अधिकार प्रयोगको अवसर तथा लाभका लागि विशेष व्यवस्था गर्ने।

(१०) मधेशी समुदाय, मुस्लिम र पिछडा वर्गलाई आर्थिक, सामाजिक तथा सांस्कृतिक अवसर र लाभको समान वितरण तथा त्यस्ता समुदायभित्रका विपन्न नागरिकको संरक्षण, उत्थान, सशक्तीकरण र विकासका अवसर तथा लाभका लागि विशेष व्यवस्था गर्ने।

(११) उत्पीडित तथा पिछडिएको क्षेत्रका नागरिकको संरक्षण, उत्थान, सशक्तीकरण, विकास र आधारभूत आवश्यकता परिपूर्तिका अवसर तथा लाभका लागि विशेष व्यवस्था गर्ने।

(१२) सामाजिक सुरक्षा र सामाजिक न्याय प्रदान गर्दा सबै लिङ्ग, क्षेत्र र समुदायभित्रका आर्थिक रूपले विपन्नलाई प्राथमिकता प्रदान गर्ने।

(१३) स्वस्थ, सक्षम र अनुशासित नागरिक तयार गर्न खेलकुद तथा खेलाडीमा योजनाबद्ध लगानी गर्ने र खेलकुदलाई राष्ट्रिय एकता सुदृढ गर्ने एवं अन्तर्राष्ट्रिय क्षेत्रमा राष्ट्रिय सम्मान अभिवृद्धि गर्ने माध्यमका रूपमा विकास गर्ने।

(१४) सामुदायिक तथा राष्ट्रिय वा अन्तर्राष्ट्रिय गैरसरकारी संघ संस्थाको लगानी र भूमिकालाई जवाफदेही र पारदर्शी बनाउँदै त्यस्ता संस्थाहरूको स्थापना, स्वीकृति, सञ्चालन, नियमन

र व्यवस्थापनका लागि एकद्वार प्रणाली अपनाउने र राष्ट्रिय आवश्यकता र प्राथमिकताका क्षेत्रमा मात्र त्यस्ता संघ संस्थाहरूलाई संलग्न गराउने।

सामाजिक न्याय र समावेशीकरणका नीति कार्यान्वयनबाट प्राप्त मुख्य उपलब्धिहरू

महिला, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, बालबालिका, सीमान्तकृत समुदाय र युवाको हक हित संरक्षण एवं सामाजिक सुरक्षाका क्षेत्रमा यस वर्ष निम्नलिखित कार्यहरू गरी संविधानमा निर्दिष्ट सामाजिक न्याय र समावेशीकरणसम्बन्धी नीतिहरूको कार्यान्वयन गरिएको छ र उक्त नीतिहरूको कार्यान्वयनबाट देहायबमोजिमका उपलब्धिहरू हासिल भएका छन्:

(१) महिला

(क) **लैङ्गिक हिंसा नियन्त्रणः** महिलामाथि हुने सबै प्रकारको हिंसा, शोषण, विभेदविरुद्ध प्रतिनिधि सभाबाट पारित सङ्कल्प प्रस्ताव कार्यान्वयन कार्ययोजना तर्जुमा गरिएको छ। लैङ्गिक हिंसा निवारणसम्बन्धी चेतनामूलक सामग्री निर्माण, घटना विश्लेषण, टेलिभिजन सन्देश आदि निर्माण तथा प्रसारण, प्रकाशन र वितरण गरिएको छ। लैङ्गिक हिंसा निवारण कोषमा रु. ६० लाख रकम जम्मा गरिएको छ। उक्त कोषबाट लैङ्गिक हिंसामा परी अदालतबाट क्षतिपूर्तिको फैसला भएका पीडितलाई भुक्तानी लगायतका कार्यमा खर्च गर्ने गरिएको छ। लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान मनाउने सन्दर्भमा सबै प्रदेशसँग समन्वय गरी २ हजार ४ सय ४७ जनाको उपस्थितिमा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको छ। हिंसापीडित महिला तथा किशोरीहरूलाई सुरक्षित रूपमा पुनःस्थापना गर्न राष्ट्रियस्तरको मंगला-सहाना दीर्घकालीन पुनःस्थापना केन्द्र सञ्चालन गर्न सशर्त अनुदान रु. ४९ लाख उपलब्ध गराइएको छ। सबै स्थानीय तहमा लैङ्गिक हिंसा निवारण कोष स्थापना तथा विस्तार भएको छ। पाँच वटा प्रदेशमा हिंसा प्रभावित दीर्घकालीन पुनःस्थापना केन्द्र सञ्चालन गरिएको छ। देशभर ६ हजार ९ वटा लैङ्गिक हिंसा नियन्त्रण समिति गठन गरी परिचालन गरिएको छ।

(ख) **चेलीबेटी बेचबिखन नियन्त्रणः** विभिन्न देशहरूमा बेचबिखनमा परेका ६७ जना र स्वदेशमा बेचबिखनमा परेका ४९ गरी जम्मा १ सय १६ जनाको उद्धार गरिएको छ।

(ग) **एकल महिला सुरक्षा कोषः** एकल महिला सुरक्षा कोषमा रु. १० लाख रकम जम्मा गरिएको छ।

(घ) **जग्गामा महिला स्वामित्व वृद्धिः** जग्गामा महिलाको स्वामित्व वृद्धि भई ४६.४३ प्रतिशत पुगेको छ।

(ङ) **उद्धारः** यस वर्ष सुत्केरी हुन नसकी जोखिमपूर्ण स्थितिमा रहेका महिलाहरू ७८ जनालाई हेलिकोप्टरबाट आपतकालीन उद्धार गरी सुरक्षित रूपमा प्रसूति सेवा भएका स्वास्थ्य संस्थामा पुऱ्याइएको छ।

(२) युवा तथा खेलकुद

(क) **नीतिगत तथा कानूनी सुधारः** राष्ट्रिय खेलकुद विकास ऐन, २०७७ र युवा तथा साना व्यवसायी स्वरोजगार कोष नियमावली, २०७७, जारी गरिएको छ।

(ख) **अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगिता आयोजनाः** तेह्रौं दक्षिण एशियाली खेलकुद प्रतियोगिता र अन्य पाँच वटा अन्तर्राष्ट्रिय स्तरका खेलकुद प्रतियोगिताहरू आयोजना गरिएको छ।

(ग) **प्रशिक्षणः** ५ सय ८५ जना युवालाई उद्यमशीलता तथा वित्तीय साक्षरता तालिम प्रदान गरिएको छ। १ हजार ३३ जनालाई स्काउट तथा विपद् व्यवस्थापनसम्बन्धी आधारभूत तालिम दिइएको छ। विद्यालयमा अध्ययनरत ६ सय ७२ विद्यार्थीलाई स्काउट स्वयंसेवक तालिम प्रदान गरी स्काउट पोशाक र औजार वितरण गरिएको छ। विभिन्न विद्यालयका २ हजार ३ सय विद्यार्थीहरूलाई स्काउट तालिम प्रदान गरिएको छ। २ सय ३ युवालाई युवा क्लब गठन तथा परिचालनसम्बन्धी प्रशिक्षक प्रशिक्षण प्रदान गरिएको छ।

(घ) **युवा क्लब गठन तथा परिचालनः** विभिन्न स्थानीय तहका ६० वटा वडामा एक/एक युवा क्लब गठन गरिएको छ। युवा क्लबमार्फत स्वास्थ्य सचेतना, सरसफाइ, कोरोना महामारी रोकथाम, लैङ्गिक हिंसा र जातीय विभेद विरुद्धको सचेतना जस्ता कार्यमा ६ हजार २ सय २० युवा परिचालन गरिएको छ।

(ङ) **युवासम्बन्धी कार्यक्रम प्रसारणः** युवासम्बन्धी विभिन्न विषयमा कार्यक्रम तयार गरी रेडियो नेपालबाट ५२ वटा श्रृंखला उत्पादन तथा प्रसारण गरिएको छ।

(च) **युवा सम्मेलनः** तीन सय युवा वैज्ञानिकहरूको सहभागितामा प्रदेश नं. ५ मा विज्ञान तथा प्रविधिसम्बन्धी युवा सम्मेलन सम्पन्न भएको छ।

(छ) **युवा स्वरोजगारः** युवा तथा साना व्यवसायी स्वरोजगार कोष मार्फत रु. ७५ करोड ६८ लाख कर्जा लगानी भई ५ हजार २ सय २ जना स्वरोजगार भएका छन्। स्वरोजगारका लागि व्यवसाय सञ्चालन गर्न ऋण लिने सबैलाई अभिमुखीकरण तालिम प्रदान गरिएको छ।

(ज) **युवा परिचालनः** उपत्यकाको ट्राफिक व्यवस्थापनमा सहजीकरणका लागि पाँच सय युवालाई सोसम्बन्धी अभिमुखीकरण गरी सात दिनसम्म स्वयंसेवकको रूपमा परिचालन गरिएको छ। विभिन्न दिवस, अवसर र कोरोना महामारी रोकथामका लागि सचेतना, राहत वितरण, क्वारेन्टिन निर्माणलगायतका कार्यमा २६ हजार ५ सय ८७ जना स्काउट स्वयंसेवक परिचालन गरिएको छ।

(झ) **युवा प्रतिभा सम्मानः** अन्तर्राष्ट्रिय युवा दिवसका दिन नौ जना प्रतिभावान युवा र २ वटा युवासम्बन्धी कार्य गर्ने संस्थालाई जनही रु. एक लाखका दरले नगदसहित राष्ट्रिय युवा प्रतिभा सम्मानद्वारा सम्मानित गरिएको छ। विज्ञान तथा प्रविधिको क्षेत्रको खोज अनुसन्धानमा युवालाई उत्प्रेरित गर्न विज्ञान तथा प्रविधिको क्षेत्रमा स्नातकोत्तर तहमा अध्ययनरत ३२ जना युवालाई अनुसन्धान अनुदान प्रदान गरिएको छ। युवामैत्री स्थानीय तह विकासका लागि स्वमूल्याङ्कनमा आधारित फारामको विकास गरी विज्ञहरूबाट मूल्याङ्कन गराई सबै प्रदेशको एक/एक स्थानीय तह छनौट गरी प्रोत्साहन वापत पुरस्कार उपलब्ध गराइएको छ।

(ञ) **खेलाडी प्रशिक्षणः** राष्ट्रिय टिमका ५ सय ९६ जना खेलाडीहरूलाई स्वदेशी तथा विदेशी प्रशिक्षकहरूबाट विशेष प्रशिक्षण प्रदान गरिएको छ। १५ हजार खेलाडीहरूलाई नियमित रूपमा स्थानीयस्तरमा प्रशिक्षण प्रदान गरिएको छ। १३औं सागका लागि बन्द प्रशिक्षणमा रहेका ३ सय १९ जना खेलाडी, प्रशिक्षक र व्यवस्थापकलाई खेलकुदमा प्रतिबन्धित औषधि विरुद्धको सचेतना कार्यक्रम सञ्चालन गरिएको छ।

(ट) **खेलाडी प्रोत्साहनः** दक्षिण एशियाली खेलकुद प्रतियोगितामा स्वर्ण पदक हासिल गर्ने, एशियाली खेलकुद प्रतियोगितामा पदक हासिल गर्ने र ओलम्पिक खेलकुद

प्रतियोगितामा सहभागी हुने जम्मा १ सय ७० खेलाडीलाई वार्षिक कुल रु. १ करोड १२ लाख सम्मान भत्ता प्रदान गरिएको छ। तेह्रौं दक्षिण एशियाली खेलकुद प्रतियोगितामा पदक प्राप्त गर्ने ४ सय ३५ खेलाडी, १ सय ८ प्रशिक्षक र २ खेल संघलाई गरी जम्मा रु. २२ करोड ७६ लाख पुरस्कार प्रदान गरिएको छ।

(ठ) **खेलकुद पूर्वाधार निर्माणः** इटहरी रङ्गशालाको ग्राण्ड स्टाण्डमा फ्रेमिङ, सिट जडान कार्य सम्पन्न भएको छ। दशरथ रङ्गशाला निर्माण कार्य सम्पन्न भएको छ। पोखरा रङ्गशालामा १६ हजार ५ सय दर्शक क्षमताको प्यारापिट निर्माण गरी सिट जडान कार्य भएको छ। धनगढी रङ्गशालामा प्यारापिट निर्माणअन्तर्गत दुई ब्लकको ढलान कार्य सम्पन्न भएको छ। स्थानीय तहसँगको सह-लगानीमा ८४ स्थानीय तहहरूमा खेलग्राम निर्माण कार्य शुरु गरिएको छ।

(३) सीमान्तकृत लक्षित समुदायको विकास

तराई मधेश समृद्धि कार्यक्रमबाट सामूहिक आवास, छात्रावास निर्माण, खानेपानी जस्ता आयोजनाहरू सञ्चालन भई मानव विकास सूचकाङ्कमा पछाडि परेका सीमान्तकृत समुदाय, विपन्न, दलित, मुसहर, चमार, विपन्न मुस्लिम वर्गहरूलाई प्रत्यक्ष लाभ प्रदान गरिएको छ। यस कार्यक्रमबाट ६९ सामूहिक आवास भवन निर्माण, २ सय ८१ सामुदायिक पूर्वाधार निर्माण, २१ सडक निर्माण, ६ खानेपानी तथा सरसफाइ, २१ कृषि विकास, २८ सिँचाइ तथा नदी नियन्त्रण, दुई ऊर्जा लाइन विस्तार र चार विपद् न्यूनीकरण पूर्वाधार निर्माण सम्पन्न भएका छन्।

(४) बालबालिका

(क) **कानूनी सुधारः** बाल हेल्पलाइन नं. १०९८ नेपाल सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७६ स्वीकृत गरी लागू गरिएको छ।

(ख) **बालबालिकाको उद्धारः** ५ सय ८२ जना सडक बालबालिकाको उद्धार गरी २ सय २८ जनालाई परिवारमा पुनर्मिलन गराइएको छ। हाल पुनःस्थापना केन्द्रमा ३ सय ४० बालबालिका आश्रित रहेका छन्। विभिन्न २ सय १६ बाल गृहहरूको अनुगमन गरी ६ बालगृहबाट ५५ बालबालिकाको उद्धार गरी ५२ जनालाई परिवारमा पुनर्मिलन गराइएको छ। तीन बालबालिकालाई अन्य पुनःस्थापना

केन्द्रमा राखिएको छ। विशेष संरक्षणको आवश्यकता भएका तथा जोखिममा परेका २४ बालबालिकालाई संरक्षण सहयोग प्रदान गरिएको छ। हराएका २ हजार ७ सय २९ जना बालबालिकामध्ये फेला परेका २ हजार १ सय ९९ बालबालिका र बेवारिस फेला परेका ३ सय ३७ बालबालिकासमेत गरी २ हजार ५ सय ३६ बालबालिकाको उद्धार, संरक्षण र परिवारमा पुनर्मिलन तथा बालगृहमा पुनःस्थापना गरिएको छ।

(ग) **क्षमता अभिवृद्धिः** २ सय ९३ प्रहरी कर्मचारीहरूलाई बालबालिकासम्बन्धी हेल्पलाइनको सेवा प्रवाह र बाल अधिकारबारे क्षमता अभिवृद्धि गर्न अभिमुखीकरण गरिएको छ।

(घ) **बाल हेल्पलाइनः** बाल हेल्पलाइनसम्बन्धी सूचनामूलक तथा जानकारीमूलक रेडियो जिङ्गल निर्माण गरी विभिन्न नेटवर्क अन्तर्गतका ४ सय १७ रेडियो स्टेशनहरूबाट १८ हजार ४ सय ५८ पटक प्रसारण गरिएको छ।

(५) अपाङ्गता भएका व्यक्ति

(क) **अपाङ्गता प्रतिशत निर्धारणः** जिल्लास्तरीय घाइते अपाङ्गता प्रतिशत निर्धारण एवं सिफारिस समितिको सिफारिसअनुसार प्राविधिक समितिबाट यस आर्थिक वर्षमा १ हजार २ सय १० जना घाइते तथा अपाङ्गताको प्रतिशत निर्धारण गरिएको छ।

(ख) **पुनःस्थापनाः** हिंसा प्रभावित सहाराविहीन अपाङ्गता भएका महिलाको लागि पुनःस्थापना कार्यक्रम अन्तर्गत १० जना हिंसापीडित महिला र बालबालिकाहरूलाई पुनःस्थापना गरिएको छ। अपाङ्गता भएका व्यक्तिहरूका लागि पुनःस्थापना कार्यक्रम सञ्चालनअन्तर्गत १ हजार ५ सय जना दृष्टिविहीनहरूलाई सूचना प्रविधिसम्बन्धी तालिम प्रदान गरिएको छ। ३० वटा डिजिटल पहुँच सूचना प्रणाली (DAISY) पुस्तक प्रकाशन गरिएको छ। दृष्टिविहीन शिक्षकहरूलाई प्रशिक्षक तालिम सञ्चालन गरिएको छ।

(ग) **अपाङ्गतासम्बन्धी कार्यक्रम सञ्चालनः** सात विद्यालयमा अपाङ्गतामैत्री खेल परिसर तथा शौचालय निर्माण, शब्दकोश तयार, दोभाषे तालिम सञ्चालनको लागि सूचना प्रकाशन लगायतका कार्यक्रम सम्पन्न गरिएको छ।

(घ) **साङ्केतिक भाषामा प्रसारणः** नेपाल टेलिभिजनबाट राष्ट्रिय महत्त्वका कार्यक्रमहरू, नियमित समाचार बुलेटिनमा साङ्केतिक भाषाको प्रस्तुति शुरु गरिएको छ। यसले सुनाइ अपाङ्गता भएका सम्पूर्ण नागरिकहरू लाभान्वित भएका छन्।

(६) ज्येष्ठ नागरिक

(क) **ज्येष्ठ नागरिकहरूको संरक्षणः** विभिन्न अनुदान कार्यक्रममार्फत २ सय ५३ जना असहाय ज्येष्ठ नागरिकहरूको संरक्षण गरिएको छ। ८५ जनाले विभिन्न वृद्धाश्रममा आश्रय लिएका छन्। १ सय २२ जनाको पालनपोषण गरिएको छ। कुल ३ सय २० जनालाई लैङ्गिकसम्बन्धी विद्यमान कानूनको बारेमा सचेतना कार्यक्रम सञ्चालन गरिएको छ। त्यसैगरी दैनिक १ सय १० जनालाई दिवासेवा कार्यक्रम, ६७ जनालाई आँखा सेवा शिविर सञ्चालन गरिएको छ।

(ख) **ज्येष्ठ नागरिक ग्रामः** सबै प्रदेशमा ज्येष्ठ नागरिक तथा अपाङ्ग ग्राम स्थापना गर्ने क्रममा प्रदेश नं. ५ मा विस्तृत परियोजना प्रतिवेदन तयार भएको छ।

(ग) **ज्येष्ठ नागरिक विश्राम भवनः** म्याग्दी, झापा, धनकुटा र भोजपुर जिल्लामा ज्येष्ठ नागरिक विश्राम भवन निर्माण कार्य भइरहेको छ।

(७) मुक्त हलिया तथा कमैया पुनःस्थापना

यस आर्थिक वर्षको अन्त्यसम्म १२ हजार ८ सय २० मुक्त हलिया र २७ हजार २१ मुक्त कमैयाको पुनःस्थापना कार्यक्रम सम्पन्न भएको छ। पुनःस्थापनाको बाँकी कार्य स्थानीय तहबाट गर्ने गरी बजेट र अधिकार प्रत्यायोजन भएको छ।

(८) गरिबी निवारण

यस आर्थिक वर्षमा थप ११ जिल्लामा गरिब परिवार पहिचान कार्यक्रम सञ्चालन गरिएको छ। विगत वर्षमा शुरु गरिएका १२ जिल्लासमेत हालसम्म २३ जिल्लामा सो कार्यक्रम सञ्चालन भएको छ। आर्थिक वर्षको अन्त्यसम्म ९ लाख ५० हजार घर परिवारको तथ्याङ्क प्राप्त भएको छ। सबै परिवारको तथ्याङ्क प्राप्त भएपछि विश्लेषण गरी गरिब पहिचान परिचयपत्र वितरण गर्ने तयारी भइरहेको छ।

(९) आदिबासी जनजाति

(क) **आदिबासी जनजातिका भाषा संस्कृतिको संरक्षणः** आदिबासी जनजाति सम्बन्धमा विभिन्न विषयमा लेखिएका १४ वटा ग्रन्थहरूको प्रकाशन गरिएको छ। सुरेल, किसान, राजी, भुजेल, ल्होल्मो जातिको चिनारी (Ethnographic Profile) तयार भएको छ। माझी भाषाको व्याकरण निर्माण भएको छ। विभिन्न नौ आदिबासी जनजातिहरूको अमूर्त संस्कृतिहरूलाई छायाङ्कन गरी वृत्तचित्र तयार गर्ने कार्य सम्पन्न भएको छ।

(ख) **अध्ययन अनुसन्धानः** आरक्षण व्यवस्थाको उपलब्धिबारे अध्ययन, प्राचीन स्थानहरूको अध्ययन र आदिबासी जनजातिहरूको अधिकारसम्बन्धी संविधान र कानूनमा भएका प्रावधानहरू बारे अध्ययन गरिएको छ।

(ग) **परम्परागत पेशा व्यवसाय प्रवर्द्धनः** विभिन्न नौ जिल्लाहरूमा आदिबासी जनजातिहरूको परम्परागत पेशा व्यवसाय प्रवर्द्धनसँग सम्बन्धित तालिमहरू सञ्चालन गरिएको छ।

(१०) सामाजिक सुरक्षा

(क) **बैंकिङ् प्रणालीबाट सामाजिक सुरक्षा भत्ता वितरणः** १ सय ५७ स्थानीय तहको १ हजार ६ सय ८४ वटा वडा कार्यालयमा बैंकमार्फत सामाजिक सुरक्षा भत्ता वितरणको कार्य भइरहेको छ। ९० स्थानीय तहबाट बैंकमार्फत भत्ता वितरण गर्न बैंक तथा वित्तीय संस्थासँग सम्झौता भइसकेको छ। सबै स्थानीय तहमा सेवा केन्द्र स्थापना भएको छ। यस आर्थिक वर्षमा २९ लाख ५९ हजार लाभग्राहीलाई सामाजिक सुरक्षा भत्तावापत रु ७२ अर्ब वितरण गरिएको छ।

(ख) **सेवा एकाइ स्थापनाः** देशका सबै स्थानीय तहमा व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षाको लागि सेवा एकाइ स्थापना गरिएको छ।

(ग) **बाल पोषण अनुदानः** मानव विकास सूचकाङ्कमा पछाडि परेका १४ जिल्लामा ७ लाख ९४ हजार २ सय २९ जनालाई बालपोषण अनुदान वितरण गरिएको छ।

(घ) **लाभग्राहीको केन्द्रीकृत सूचना प्रणालीः** सबै स्थानीय तहका सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने ३२ लाख ११ हजार लाभग्राहीको विवरण केन्द्रीकृत सूचना प्रणालीमा प्रविष्टि भएको छ। दोहोरो विवरण प्रविष्टि भएका करिव १८ हजार लाभग्राहीहरूको लगत कट्टा गरी विवरण अद्यावधिक गरिएको छ।

(ङ) **एकीकृत राष्ट्रिय सामाजिक सुरक्षा संरचनाः** सामाजिक सुरक्षा, सामाजिक सहायता तथा सामाजिक संरक्षणका नीति तथा कार्यक्रमहरू विभिन्न निकायहरूबाट कार्यान्वयन हुँदा दोहोरोपना देखिएकोले साधन स्रोतको उपयुक्त एवं औचित्यपूर्ण उपयोग हुने गरी एकीकृत संयन्त्र बनाई कार्यान्वयन गर्ने व्यवस्था मिलाउन एकीकृत राष्ट्रिय सामाजिक सुरक्षा संरचना तयार भएको छ।

(च) **सामाजिक सुरक्षा कोषमा आबद्ध हुन प्रोत्साहनः** सामाजिक सुरक्षा कोष ऐन, २०७४ बमोजिम स्थापना भएको सामाजिक सुरक्षा कोषमा योगदान गर्ने कर्मचारी, कामदार तथा श्रमिकहरूलाई उक्त कोषमा स्वतःस्फूर्तरूपमा सहभागी हुन प्रोत्साहित गर्न आयकर नियमावली, २०५९ मा संशोधन गरी पारिश्रमिक आयको कर निर्धारणयोग्य आयबाट स्वीकृत सामाजिक सुरक्षा कोषमा गरिएको योगदान बापत घटाउन पाउने रकमको सीमा तीन लाख रूपैयाँबाट वृद्धि गरी पाँच लाख रूपैयाँ पुऱ्याइएको छ।

२.२.११. न्याय र दण्ड व्यवस्थासम्बन्धी नीति

नेपालको संविधानको धारा ५१ को खण्ड (ट) ले न्याय र दण्ड व्यवस्था सम्बन्धमा निम्नलिखित नीतिहरूको व्यवस्था गरेको छः

(१) न्याय प्रशासनलाई छिटो छरितो, सर्वसुलभ, मितव्ययी, निष्पक्ष, प्रभावकारी र जनउत्तरदायी बनाउने।

(२) सामान्य प्रकृतिका विवाद समाधानका लागि मेलमिलाप, मध्यस्थता जस्ता वैकल्पिक उपायहरू अवलम्बन गर्ने।

(३) राजनैतिक, प्रशासनिक, न्यायिक, सामाजिक लगायत सबै क्षेत्रको भ्रष्टाचार र अनियमितता नियन्त्रणका लागि प्रभावकारी उपाय अवलम्बन गर्ने।

न्याय र दण्ड व्यवस्थासम्बन्धी नीति कार्यान्वयनबाट प्राप्त मुख्य उपलब्धिहरू

संविधानमा व्यवस्था गरिएको न्याय र दण्ड व्यवस्थासम्बन्धी नीतिको कार्यान्वयनको लागि कानून निर्माण, फौजदारी न्याय प्रणाली, कानूनमा पहुँच, स्वच्छ सुनुवाइ, कानूनी सचेतना अभिवृद्धि, भ्रष्टाचार एवं अनियमितता नियन्त्रणका क्षेत्रमा निम्नलिखित कार्यहरू गरी देहायबमोजिमका उपलब्धिहरू हासिल भएका छन्ः

(१) **ऐन, नियमावली तर्जुमाः** यस अवधिमा देहायबमोजिमका विभिन्न ऐन तथा नियमावलीहरू जारी गरिएका छन्ः

- जीवनाशक विषादी व्यवस्थापन ऐन, २०७६
- भू-उपयोग ऐन, २०७६
- सेफगार्डस एन्टी डम्पिङ्ग तथा काउन्टरभेलिङ्ग ऐन, २०७६
- राहदानी ऐन, २०७६
- प्रशासकीय अदालत ऐन, २०७६
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६
- वातावरण संरक्षण ऐन, २०७६
- वन ऐन, २०७६
- विज्ञापन नियमन ऐन, २०७६
- भूमिसम्बन्धी (आठौं संशोधन) ऐन, २०७६
- प्रहरी कर्मचारी समायोजन ऐन, २०७६
- नेपाल प्रहरी र प्रदेश प्रहरी (कार्य सञ्चालन, सुपरिवेक्षण र समन्वय) ऐन, २०७६
- राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन, २०७६
- औद्योगिक व्यवसाय ऐन, २०७६
- राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) (पहिलो संशोधन) ऐन, २०७६
- शिक्षासम्बन्धी केही नेपाल ऐन संशोधन गर्न बनेको ऐन, २०७६
- राष्ट्रिय खेलकुद विकास ऐन, २०७७
- रेडियोधर्मी पदार्थ, उपयोग तथा नियमन ऐन, २०७७
- राष्ट्र ऋण उठाउने ऐन, २०७७
- ऋण तथा जमानत (चौबीसौं संशोधन) ऐन, २०७७
- भूमिसम्बन्धी (सत्रौं संशोधन) नियमावली, २०७६
- उपभोक्तासम्बन्धी नियमावली, २०७६
- अनिवार्य तथा निःशुल्क शिक्षा नियमावली, २०७६

(२) **फौजदारी कसूरमा पीडितलाई राहत वा क्षतिपूर्तिः** फौजदारी कसूर (पीडित राहत कोष) नियमावली, २०७७ स्वीकृत भएको छ। फौजदारी कसूरबाट पीडितलाई तत्काल आवश्यक पर्ने अन्तरिम क्षतिपूर्ति वा राहत उपलब्ध गराउने, कसूरदार कायम हुन

नसकेको वा कसूरदारको कुनै सम्पत्ति नभएको वा कसूरदार पत्ता नलागेको अवस्थामा समेत कसूरबाट पीडित व्यक्तिले जिल्ला अदालतबाटै राहत वा क्षतिपूर्ति पाउने व्यवस्था गरिएको छ।

(३) **कानूनी सहायताः** कानूनी सहायता प्रणालीलाई एकीकृत र प्रभावकारी रूपमा सञ्चालन गर्ने उद्देश्यले एकीकृत कानूनी सहायता नीति, २०७६ स्वीकृत भएको छ। निःशुल्क कानूनी सहायताको प्रभावकारितासम्बन्धी पाँच जिल्लामा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएका छन्।

(४) **संघ र प्रदेश निर्मित कानूनहरूबीच तादात्म्य र अन्तरसम्बन्धको अध्ययनः** संविधान बमोजिम संघ तथा प्रदेशले बनाएका कानूनहरूको तुलनात्मक अध्ययन गरी संविधानले निर्धारण गरेको विधायिकी अन्तरसम्बन्ध, एउटै विषयमा बनेका संघ र प्रदेशका कानूनका बीचको तादत्म्य तथा प्रदेशमा बनेका कानूनहरूबीचको अन्तरसम्बन्धको अवस्था पहिचान गरी आगामी दिनमा तीनै तहबाट निर्माण हुने कानूनको कार्यान्वयनको अवस्था पहिचान गर्ने तथा थप प्रभावकारी बनाउन अवलम्बन गर्नुपर्ने उपायको पहिचान गरी प्रतिवेदन तयार गरिएको छ।

(५) **कानूनी सचेतना अभिवृद्धिः** आठ जिल्लाका स्थानीय तह तथा शैक्षिक संस्थाहरूमा १२ वटा कानूनी सचेतना कार्यक्रम सम्पन्न भई सोबाट २ हजार ५ सय २१ जना प्रत्यक्ष लाभान्वित भएका छन्। स्थानीय न्यायिक समितिको काम कारवाहीमा प्रभावकारिता ल्याउनको लागि पाँच जिल्लामा कार्यक्रम सम्पन्न भई ३ सय ३५ सहभागी प्रत्यक्ष रूपमा लाभान्वित भएका छन्। सञ्चार माध्यमबाट कानूनी सचेतना कार्यक्रमअन्तर्गत नयाँ कानूनी व्यवस्था, मुलुकी देवानी तथा फौजदारी संहिता लगायतका विषयमा नेपाल टेलिभिजन र रेडियो नेपालबाट कानूनका कुरा नामक ७६ वटा कार्यक्रम प्रसारण भएका छन्। कानूनी शिक्षा, सचेतना र मुलुकी संहिताको सारसंक्षेप पुस्तिका प्रकाशन गरिएको छ।

(६) **स्वच्छ सुनुवाइः** स्वच्छ सुनुवाइका आधारभूत सिद्धान्तहरू, संविधान तथा कानूनी व्यवस्थाहरू समेतको स्रोत पुस्तिका तयार गरिएको छ। स्वच्छ सुनुवाइको अवधारणाको कार्यान्वयनको अवस्थाको बारेका विभिन्न अनुसन्धानमूलक अध्ययनहरू गरिएको छ। पीडित तथा साक्षीहरूको संरक्षण गर्ने उद्देश्यले ६५ बढी सरकारी वकील कार्यालयहरूमा छुट्टै पीडितमैत्री कक्षको व्यवस्था गरिएको छ।

(७) **मुलुकी अपराध संहितामा सुधारः** मुलुकी अपराध संहिता समेतका नयाँ संहिताहरूको कार्यान्वयनको क्रममा देखिएका विषयहरूलाई समेत समावेश गरी ती संहितामा परिमार्जनका लागि सुझाव संकलन गरिएको छ।

(८) **पञ्चवर्षीय योजनाको मूल्याङ्कनः** महान्यायाधिवक्ताको कार्यालयको दोस्रो पञ्चवर्षीय रणनीतिक योजनाको मध्यावधि मूल्याङ्कन गरिएको छ। मध्यावधि मूल्याङ्कनसम्म आइपुग्दा योजनाले प्रक्षेपण गरेका रणनीति र क्रियाकलापहरूको सफलता प्रतिशत ७१.१ रहेको छ।

(९) **विधि विज्ञान प्रयोगशाला स्थापनाः** काठमाडौं उपत्यका बाहिर महोत्तरी जिल्लाको बर्दिबास र कैलाली जिल्लाको धनगढीमा विधि विज्ञान प्रयोगशाला स्थापना गरिएको छ।

(१०) **न्यायमा सहज पहुँचः** सरकारवादी फौजदारी मुद्दाका पीडित महिला, तथा बालबालिकाहरूको हक हित संरक्षण गर्न र न्यायमा सहज पहुँच कायम गर्नका लागि महान्यायाधिवक्ताको कार्यालयमा तथा मातहतका सरकारी वकील कार्यालयहरूमा महिला तथा बालबालिका इकाइको स्थापना गरिएको छ।

(११) **न्याय प्रणालीमा सूचना प्रविधिको प्रयोगः** मुद्दा व्यवस्थापन प्रणालीसम्बन्धी सफ्टवेयर कार्यक्रमलाई यस वर्ष पनि निरन्तरता दिइएको छ। मुद्दा व्यवस्थापन प्रणाली (CMS) लगायतका सफ्टवेयरहरूको प्रयोग गरिएको छ। रिट तथा प्रतिरक्षाको विवरण अद्यावधिक गर्न नयाँ सफ्टवेयर तयार भएको छ। पेशी व्यवस्थापनसम्वन्धी अभिलेख व्यवस्थित गर्न नयाँ सफ्टवेयर तयार भएको छ।

(१२) **न्यायिक समिति सुदृढीकरणः** स्थानीय न्यायिक समितिको काम कारवाहीमा प्रभावकारिता ल्याउनको लागि पाँच जिल्लामा कार्यक्रम सम्पन्न भएका छन्। यसबाट ३ सय ३५ सहभागी प्रत्यक्ष रूपमा लाभान्वित भएका छन्।

संक्रमणकालीन न्यायसम्बन्धी कार्यहरू

(१) **उजूरीहरूको छानविनः** सत्य निरूपण तथा मेलमिलाप आयोगद्वारा विभिन्न मुकामबाट प्रारम्भिक अध्ययन भई सिफारिश भएका ३ हजार ७ सय ८७ उजूरीहरूको निर्णय प्रक्रियामा लैजान कारवाही भइरहेको छ। बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगमा

हालसम्म ३ हजार १ सय ९७ उजूरीहरू दर्ता भई प्रारम्भिक छानबिनको कार्य सम्पन्न भएको छ। २ हजार ५ सय ३ उजूरी विस्तृत छानबिनको क्रममा रहेका उजूरीहरूमध्ये २ हजार ९५ उजूरीहरूमा उजूरीकर्ताको कागज गर्ने, साक्षीको कागज गर्ने, व्यक्ति बेपत्ता हुनु पूर्वको अवस्था पत्ता लगाउन एण्टीमोर्टम तथ्याङ्क सङ्कलन फाराम भर्ने, परिपूरण फाराम भर्ने लगायतका विस्तृत अनुसन्धानको प्रथम चरणका कार्यहरू सम्पन्न भएका छन्।

(२) **अध्ययन, अनुसन्धानः** शव उत्खनन् एवं परीक्षण पद्धति तथा संक्रमणकालीन न्याय र आपराधिक दायित्वसम्बन्धी दुई वटा अध्ययन गरिएको छ। सशस्त्र द्वन्द्वको क्रममा मानव अधिकारको गम्भीर उल्लंघन गरी व्यक्ति बेपत्ता पारिएका घटनाको छानबिनपश्चात कारबाही सिफारिशसम्बन्धी अन्तर्राष्ट्रिय मूल्य मान्यता र अभ्यास समेतलाई समेटी प्रारम्भिक अध्ययन प्रतिवेदनको मस्यौदा तयार भएको छ। यसैगरी संक्रमणकालीन न्यायको अवधारणा, द्वन्द्वोत्तर मुलुकको अनुभव एवं अदालतबाट प्रतिपादित सिद्धान्तहरू समेटेर "सत्यको खोजी" नामक जर्नल प्रकाशन गरिएको छ।

(३) **उजूरी व्यवस्थापनमा सूचना प्रविधिको प्रयोगः** बेपत्ता पारिएको व्यक्तिसम्बन्धी घटनाको विस्तृत छानबिनका क्रममा पीडित, साक्षी तथा अन्य सरोकारवालाहरूसँग बुझ्ने कार्यलाई सहज बनाउन भिडियो कन्फरेन्स प्रणाली प्रयोगमा ल्याइएको छ। प्राप्त उजूरीहरू सुरक्षित र व्यवस्थित गर्ने उद्देश्यले स्क्यानिङ गरी उजूरी व्यवस्थापन ट्र्याकिङ प्रणाली (सफ्टवेयर) तयार गरी उजूरी र छानबिनको क्रममा प्राप्त विवरणहरू प्रविष्टि गर्ने कार्य भइरहेको छ।

२.२.१२. पर्यटनसम्बन्धी नीति

नेपालको संविधानको धारा ५१ को खण्ड (ठ) ले पर्यटन सम्बन्धमा निम्नलिखित नीतिहरूको व्यवस्था गरेको छः

नेपालका ऐतिहासिक, सांस्कृतिक, धार्मिक, पुरातात्विक र प्राकृतिक सम्पदाहरूको पहिचान, संरक्षण, प्रवर्द्धन एवं प्रचार प्रसारमार्फत राष्ट्रिय अर्थतन्त्रको महत्त्वपूर्ण आधारको रूपमा पर्यावरण अनुकूल पर्यटन उद्योगको विकास गर्ने, पर्यटन संस्कृतिको विकास गर्न आवश्यक वातावरण एवं नीति निर्माण गर्ने तथा पर्यटन उद्योगको लाभ वितरणमा स्थानीय जनतालाई प्राथमिकता दिने।

पर्यटनसम्बन्धी नीति कार्यान्वयनबाट प्राप्त मुख्य उपलब्धिहरू

नेपालको संविधानमा निर्दिष्ट पर्यटनसम्बन्धी नीतिको कार्यान्वयनको लागि कानूनी सुधार, पर्यटन पूर्वाधार निर्माण र अन्तर्राष्ट्रिय सम्पर्क विस्तार गरी पर्यटन प्रवर्द्धन गर्न यस वर्ष निम्नलिखित कार्यहरू गरी देहायबमोजिमका उपलब्धिहरू हासिल भएका छन्:

(१) **कानूनी सुधारः** नेपाल हवाई सेवा प्राधिकरण विधेयक, २०७७ तथा नेपाल नागरिक उड्डयन प्राधिकरण विधेयक, २०७७ संसदमा प्रस्तुत गरिएको छ।

(२) **पर्यटन पूर्वाधार निर्माणः**

(क) **ग्रेट हिमालयन ट्रेल (GHT):** यसअन्तर्गत विभिन्न क्षेत्रको १ सय २७ कि.मि. ट्रेलको विस्तृत परियोजना प्रतिवेदन तयार गरिएको छ। सोलुखुम्बु क्षेत्रमा ६ कि.मि. पदमार्ग तथा आर.सी.सी. फुट ब्रिज पुनर्निर्माण कार्य सम्पन्न भएको छ।

(ख) **तालतलैया सौन्दर्यीकरणः** प्रदेश २ को धनुषाधाम क्षेत्रको धनुष पोखरीको सौन्दर्यीकरण कार्य, प्रदेश ५ को जगदीशपुर ताल वरपरको क्षेत्रमा एक कि.मि. फुटपाथ निर्माण कार्य, कर्णाली प्रदेशको रारा ताल क्षेत्रमा एक सय मिटर काठे पुल तथा दुई वटा भ्यू डेक निर्माण कार्य र सुदूर पश्चिम प्रदेशको कैलाली भादागाउँस्थित जोगिनिया ताल वरपरको क्षेत्रमा थप एक कि.मि. फुटपाथ र एक स्थानमा भ्यू डेक निर्माण कार्य सम्पन्न गरिएको छ।

(ग) **विमानस्थलः** नेपालमा विमानस्थलहरूको कुल संख्या ५४ रहेको छ। यीमध्ये ३५ विमानस्थलहरूको धावनमार्ग पक्की रहेको छ। त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको क्षमता विस्तार कार्य तथा सेन्टरलाइन लाइट जडान गर्ने कार्य सम्पन्न भई सञ्चालनमा आएको छ। थप दुई वाइडबडी जहाज पार्किङ गर्न मिल्ने गरी पार्किङ् वे निर्माण गरी एप्रोन विस्तार गर्ने कार्य सम्पन्न भएको छ। तीन सय मिटर धावनमार्ग विस्तार भएको छ। टर्मिनल भवनको बाहिरपट्टि सिलिकन पेण्टिङ्ग, बगैंचा निर्माण, आगमन हलमा तलतर्फ कलात्मक मूर्तिहरू तथा आगमन स्थानमा बुद्धको आकर्षक ठूलो कलात्मक मूर्ति राखिएको छ। यस वर्ष गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलको भौतिक प्रगति ८५ प्रतिशत तथा वित्तीय प्रगति ४९

प्रतिशत रहेको र समग्र आयोजनाको समग्र कार्य ९१ प्रतिशत सम्पन्न भएको छ। पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलको भौतिक प्रगति ६१ प्रतिशत तथा वित्तीय प्रगति ९६ प्रतिशत र समग्र आयोजनाको ६२ प्रतिशत निर्माण भएको छ। निजगढ अन्तर्राष्ट्रिय विमानस्थलको पहिलो चरणको अद्यावधिक गुरुयोजना तथा विस्तृत डिजाइनको परामर्श सेवा खरिदका लागि मूल्याङ्कनको चरणमा रहेको छ। पसाहा खोलामा २ हजार २ सय ५० मिटर तटबन्ध निर्माण भएको छ। आयोजनाको जग्गा अधिग्रहणसम्बन्धी कार्य अन्तिम चरणमा रहेको छ। चन्द्रगढी, विराटनगर, जनकपुर भरतपुर र धनगढी विमानस्थलको विकास र स्तरोन्नति भएको छ। जनकपुर विमानस्थलमा रात्रीकालीन उडान शुरु भएको छ। राजविराज बिमानस्थलमा भू-उपग्रहमा आधारित उडान विधि तयार भई परीक्षण उडान भएको छ।

(३) अन्तर्राष्ट्रिय कनेक्टिभिटीः

(क) नेपालले द्विपक्षीय हवाई सेवा सम्झौता तथा समझदारी पत्रमा हस्ताक्षर गरेका मुलुकको संख्या ४० पुगेको छ। अन्तर्राष्ट्रिय उडानतर्फ तीन वटा नेपाली वायुसेवा र २७ वटा विदेशी वायुसेवा गरी ३० वटा वायुसेवाले १५ मुलुकका ३२ गन्तव्यमा उडान सञ्चालन गरिरहेका छन्।

(ख) नेपाल वायु सेवा निगमका दुई वटा वाइडबडी (A330-200) जहाज थप भई चार वटा (दुई वाइड बडी र दुई न्यारो बडी) जहाजबाट नौवटा अन्तर्राष्ट्रिय गन्तव्य (नारिता, दोहा, दुवई, क्वालालम्पुर, हङकङ, बैंकक, दिल्ली, मम्बई र बैंग्लोर) मा नियमित उडान सेवा सञ्चालन भएको छ।

(४) पर्यटन प्रवर्द्धनः

(क) प्रवर्द्धनात्मक कार्यक्रमः अष्ट्रेलिया तथा चीनका सञ्चारकर्मी, चलचित्रकर्मी तथा १ सय २७ जना Influencers लाई नेपालमा परिचयात्मक भ्रमण गराइएको छ। पर्यटन प्रवर्द्धनका ३३ वटा कार्यक्रमहरू सम्पन्न गरिएको छ।

(ख) **B2B Sales Mission आयोजनाः** भारतमा पाँच, चीनमा एक र युरोपमा एक B2B Sales Mission आयोजना गरिएको छ।

(ग) **वेभसाईट सञ्चालनः** विश्वका मुख्य ६ भाषा (अंग्रेजी, चाइनीज, स्पेनीस, फ्रेन्च, जर्मन र रसियन) मा वेभसाईट तयार गरी सञ्चालनमा ल्याइएको छ।

(घ) **प्रचार प्रसारः** चलचित्र पर्यटनको प्रवर्द्धन गरी नेपाललाई अन्तर्राष्ट्रिय छायाङ्कन स्थलको रूपमा विकास गर्नुका साथै आर्थिक वृद्धिमा टेवा पुऱ्याउने उद्देश्यले नेपालका ऐतिहासिक, धार्मिक, सांस्कृतिक र पुरातात्त्विक सम्पदा रहेका स्थलहरू र मनोरम प्रकृति भएका स्थानहरूको फोटो चित्रसहित ती स्थानहरूको परिचय समावेश भएको लोकेशन प्रोडक्शन गाइड (पुस्तक) प्रकाशन गरी प्रचार-प्रसार गरिएको छ।

(ङ) सन् २०२० देखि हरेक वर्ष २० लाख पर्यटक भित्र्याउने लक्ष्य सहित सञ्चालन गरिएको नेपाल भ्रमण वर्ष, २०२० अभियानलाई सन् २०१९ को डिसेम्बरमा शुरू भएको कोभिड-१९ को विश्वव्यापी महामारीका कारण स्थगित गरिएको छ।

२.२.१३ अन्तर्राष्ट्रिय सम्बन्धसम्बन्धी नीति

नेपालको संविधानको धारा ५१ (ड) ले अन्तर्राष्ट्रिय सम्बन्धका सम्बन्धमा देहायका नीतिहरूको व्यवस्था गरेको छः

(१) नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधीनता र राष्ट्रिय हितको रक्षा गर्न क्रियाशील रहँदै संयुक्त राष्ट्रसंघको वडापत्र, असंलग्नता, पञ्चशीलको सिद्धान्त, अन्तर्राष्ट्रिय कानून र विश्वशान्तिको मान्यताका आधारमा राष्ट्रको सर्वोपरि हितलाई ध्यानमा राखी स्वतन्त्र परराष्ट्र नीति सञ्चालन गर्ने।

(२) विगतमा भएका सन्धिहरूको पुनरावलोकन गर्दै समानता र पारस्परिक हितको आधारमा सन्धि सम्झौताहरू गर्ने।

अन्तर्राष्ट्रिय सम्बन्धसम्बन्धी नीति कार्यान्वयनबाट प्राप्त मुख्य उपलब्धिहरू

संविधानमा निर्दिष्ट अन्तर्राष्ट्रिय सम्बन्धसम्बन्धी नीतिको मर्म अनुरूप द्विपक्षीय, क्षेत्रीय तथा बहुपक्षीय कूटनीतिको माध्यमबाट नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता र स्वाधीनताको रक्षा, अन्तर्राष्ट्रिय जगतमा नेपालको प्रतिष्ठा अभिवृद्धि र समग्र राष्ट्रिय हितको प्रवर्द्धनका लागि यस आर्थिक वर्षमा निम्नलिखित कार्यहरू गरी देहायबमोजिमका उपलब्धिहरू हासिल भएका छन्ः

(१) **नीतिगत तथा कानूनी सुधारः** राहदानीसम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्नको लागि राहदानी ऐन, २०७६ जारी गरिएको छ। राहदानी नियमावली २०७७ स्वीकृत भएको छ। विदेशस्थित नेपाली नियोग तथा अन्तर्राष्ट्रिय संघ संस्थामा कार्यरत नेपाल परराष्ट्र सेवा तथा अन्य सेवाका कर्मचारीहरूको आचारसंहिता, २०७६ तयार भई कार्यान्वयनमा आएको छ।

(२) **उच्चस्तरीय भ्रमण र उपलब्धिहरू**

(क) **नेपालबाट भएका प्रमुख उच्चस्तरीय भ्रमणहरूः** यस अवधिमा नेपालबाट भएका प्रमुख भ्रमण र त्यसबाट हासिल भएका प्राप्त उपलब्धिहरूको विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छः

तालिका नं. १० : नेपालबाट भएका प्रमुख भ्रमणहरू र उपलब्धिहरू

सि.नं.	मुलुक	मिति	प्रमुख उपलब्धिहरू
सम्माननीय राष्ट्रपतिबाट सम्पन्न भ्रमणहरू			
१.	म्यानमार	२०७६ असोज २९- कार्तिक ३	नेपाल र म्यानमारबीच पर्यटन तथा सांस्कृतिक सहयोग आदानप्रदान गर्नेसम्बन्धी समझदारी पत्रहरूमा हस्ताक्षर भएको।
२.	जापान	२०७६ कार्तिक ३-५	जापानी सम्राटको Enthronement Ceremony मा सहभागिताको अवसरमा भएको भ्रमणबाट द्विपक्षीय सम्बन्ध थप प्रगाढ भएको।

सि.नं.	मुलुक	मिति	प्रमुख उपलब्धिहरू
सम्माननीय प्रधानमन्त्रीबाट सम्पन्न भ्रमणहरू			
१.	असंलग्न राष्ट्रहरूको १८औं शिखर सम्मेलन, बाकु	२०७६ कार्तिक ७-९	शिखर सम्मेलनलाई सम्बोधन तथा विभिन्न द्विपक्षीय भेटवार्ता सम्पन्न भएको।
माननीय उप-प्रधानमन्त्री तथा रक्षामन्त्रीबाट सम्पन्न भ्रमणहरू			
१.	चीन	२०७६ कार्तिक ३-५	साना तथा मध्यम आकारका मुलुकहरूको सुरक्षा सरोकारका विषयमा नेपालको धारणा प्रस्तुत गरिएको।
२	संयुक्त अरब इमिरेट्स	२०७६ मंसिर १-५	Dubai Airshow मा सहभागिता जनाइएको।
माननीय परराष्ट्रमन्त्रीबाट सम्पन्न भ्रमणहरू			
१.	रूसी महासङ्घ	२०७६ मंसिर ७-१२	रूसी महासङ्घमा नेपालबाट परराष्ट्रमन्त्रीस्तरमा १४ वर्षको अन्तरालमा भ्रमण भएको।
२.	सर्विया	२०७६ मंसिर १२-१३	साझा हितका लागि आगामी दिनहरूमा थप सहकार्य गर्ने छलफल भएको।
३.	बंगलादेश	२०७६ फागुन ५-७	नेपाल तथा बङ्गलादेशबीचको मैत्रीपूर्ण सम्बन्ध अझ प्रगाढ एवं फलदायी बनेको।
४.	संयुक्त राष्ट्रसङ्घको ७४औं महासभा	२०७६ असोज १०	महासभामा सम्बोधन र विभिन्न Summit का साथै सार्क Council of Ministers को अनौपचारिक बैठक लगायतका उच्चस्तरीय बैठकहरूमा सहभागिता जनाइएको।
५.	चौथो हिन्द महासागरीय सम्मेलन, मालदिभ्स	२०७६ साल भदौ १७-१८	सम्मेलनमा सम्बोधन भएको।
६.	मानव अधिकार परिषद्को ४३औं सत्र	२०७६ फागुन १३	High Level Segment लाई सम्बोधन र विभिन्न द्विपक्षीय भेटवार्ता भएको।

(ख) **नेपालमा भएका प्रमुख उच्चस्तरीय भ्रमणहरुः** विदेशका उच्च अधिकारीहरूले गरेको नेपाल भ्रमण र प्राप्त उपलब्धिहरूको विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छः

तालिका नं. ११ : नेपालमा भएका प्रमुख भ्रमणहरू र प्राप्त उपलब्धिहरू

सि.नं.		मिति	प्रमुख उपलब्धिहरू
राष्ट्र प्रमुखस्तरमा सम्पन्न भ्रमणहरू			
१.	चीनका राष्ट्रपति	२०७६ असोज २५-२६	दीर्घकालीन महत्त्वका २० वटा दुईपक्षीय समझदारीपत्र/ सम्झौताहरूमा हस्ताक्षर भएको।
२.	बंगलादेशका राष्ट्रपति	२०७६ कार्तिक २६-२९	द्विपक्षीय सम्बन्ध अझ मजबुत बनेको।
मन्त्रीस्तरमा सम्पन्न भ्रमणहरू			
१.	भारतका विदेश मन्त्री	२०७६ भदौ ४-५	नेपालको खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग र भारतको Safety and Standards Authority of India बीच खाद्य सुरक्षा र मापदण्डसम्बन्धी समझदारीपत्रमा हस्ताक्षर भएको।
२.	चीनका स्टेट काउन्सेलर एवं परराष्ट्रमन्त्री	२०७६ भदौ २२-२४	नेपाल र चीनबीच सहयोग आदानप्रदान सम्बन्धी समझदारीपत्रहरूमा हस्ताक्षर भएको।
३.	नर्वेका अन्तराष्ट्रिय विकास मन्त्री	२०७६ कार्तिक १८-२०	नेपाल र नर्वेका परराष्ट्र मन्त्रालयहरूबीच द्विपक्षीय परामर्श संयन्त्र स्थापना गर्ने सम्बन्धी समझदारीपत्रमा हस्ताक्षर भएको।
४.	लक्जम्बर्गका परराष्ट्रमन्त्री	२०७६ माघ १५-१६	द्विपक्षीय सम्बन्ध प्रवर्द्धन भएको।
अन्य भ्रमणहरू			
१.	संयुक्त राष्ट्रसङ्घका उपमहासचिव तथा युनिसेफका कार्यकारी निर्देशक	२०७६ कार्तिक १८-२१	Scaling Up Nutrition (SUN) Global Gathering मा सहभागिता जनाइएको।

सि.नं.		मिति	प्रमुख उपलब्धिहरू
२.	इजरायलको अन्तर्राष्ट्रिय विकास सहयोग एजेन्सी (MASHAV) प्रमुख	२०७६ मंसिर २२-२६	द्विपक्षीय सम्बन्ध प्रवर्द्धन भएको।
३.	चीनको स्वशासित क्षेत्र तिब्बत जनसरकारका अध्यक्ष	२०७६ मंसिर १६-२०	नेपाल र चीनबीच सम्पन्न सम्झौता र समझदारीहरूको कार्यान्वयन र यसमा तिब्बत सरकारको भूमिकाका बारेमा छलफल भएको।
४.	बेल्जियमकी राजकुमारी	२०७६ माघ ५-११	द्विपक्षीय सम्बन्ध प्रवर्द्धन भएको।
५.	जर्मनीकी प्रथम महिला	२०७६ माघ २०-२४	द्विपक्षीय सम्बन्ध प्रवर्द्धन भएको।
६.	क्यानाडाका सिनेट सभामुख	२०७६ माघ २७-२८	द्विपक्षीय सम्बन्ध प्रवर्द्धन भएको।

(३) क्षेत्रीय तथा बहुपक्षीय कूटनीति

(क) **असंलग्न राष्ट्रहरूको शिखर सम्मेलनमा सहभागिताः** अजरवैजानको बाकुमा आयोजित असंलग्न राष्ट्रहरूको १८औं शिखर सम्मेलनमा सम्माननीय प्रधानमन्त्री सहभागी भई २०७६ कार्तिक ८ मा शिखर सम्मेलनलाई सम्बोधन गर्नुभएको छ। नेपाल असंलग्न राष्ट्रहरूको १८औं शिखर सम्मेलनको उपाध्यक्षमा सर्वसम्मतिले चयन भई उपाध्यक्षको हैसियतमा सम्माननीय प्रधानमन्त्रीले शिखर सम्मेलनको पहिलो दिनको अपरान्ह सत्रको अध्यक्षता गर्नुभएको थियो।

(ख) **संयुक्त राष्ट्रसंघको महासभामा सहभागिताः** न्यूयोर्कमा आयोजित संयुक्त राष्ट्रसङ्घको ७४औं महासभामा माननीय परराष्ट्रमन्त्री सहभागी भई २०७६ असोज १० मा महासभालाई सम्बोधन गर्नुभयो। महासभाका अवसरमा भएका विभिन्न इभेन्ट्सहरूमा नेपालको सक्रिय सहभागिता भयो। यसै क्रममा परराष्ट्रमन्त्रीले संयुक्त राज्य अमेरिकाका राष्ट्रपति महामहिम डोनाल्ड ट्रम्पले आयोजना गर्नुभएको स्वागत समारोहमा सरिक हुनुका साथै २०७६ असोज १३ मा संयुक्त राष्ट्रसङ्घका

महासचिव महामहिम एन्टोनियो गुटेरेससँग द्विपक्षीय बैठक गरी आपसी सम्बन्ध र सहयोगका विषयमा छलफल गरिएको थियो।

(ग) **हिन्द महासागरीय सम्मेलनमा सहभागिताः** माल्दिभ्समा २०७६ भदौ १७-१८ मा आयोजित चौथो हिन्द महासागरीय सम्मेलनमा माननीय परराष्ट्र मन्त्री सहभागी भई उक्त सम्मेलनलाई सम्बोधन गर्नुभएको थियो।

(घ) **सार्क विदेशमन्त्रीहरूको अनौपचारिक बैठकः** माननीय परराष्ट्र मन्त्रीको अध्यक्षतामा संयुक्त राष्ट्रसङ्घको ७४औं महासभाको साइडलाइन बैठकमा सार्क राष्ट्रका विदेशमन्त्रीहरूको अनौपचारिक बैठक २०७६ असोज ९ मा सम्पन्न भएको थियो। उक्त बैठकले व्यापार, लगानी र पर्यटन जस्ता क्षेत्रहरूका साथै शान्ति, सुरक्षा र स्थायित्वको लागि क्षेत्रीय साझेदारीको महत्त्व लगायतका विषयमा छलफल गरेको थियो। उक्त मन्त्रीस्तरीय बैठकले सार्कद्वारा विगत एक वर्षमा सम्पादन गरिएका कार्यहरूको समीक्षा गर्नुका साथै सार्कका १४औं महासचिवको रूपमा श्रीलङ्काका श्री इसाला रुवान विराकूनलाई सिफारिस गरेको थियो।

(ङ) **सार्क अर्थमन्त्रीहरूको अनौपचारिक बैठकः** विश्व बैंकको वार्षिक बैठकको साइडलाइनमा आयोजित सार्क राष्ट्रका अर्थमन्त्रीहरूको १४औं अनौपचारिक बैठक माननीय अर्थमन्त्रीको अध्यक्षतामा २०७६ असोज ३० मा वाशिङ्गटन डि.सि. मा सम्पन्न भएको थियो।

(च) **सार्क शिक्षामन्त्रीहरूको बैठकः** २०७६ असोज २२-२३ मा माल्दिभ्समा आयोजित सार्कका शिक्षामन्त्रीहरूको तेस्रो बैठकमा नेपालको तर्फबाट माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रीको नेतृत्वमा ४ सदस्यीय टोलीले सहभागिता जनाएको छ। उक्त बैठकले माले घोषणापत्र जारी गरेको तथा SAARC Framework for Action for Education 2030 स्वीकृत गरेको छ। साथै, चौथो सार्क शिक्षा मन्त्रीस्तरीय बैठक दुई वर्षपछि काठमाडौंमा आयोजना हुने भएको छ।

(छ) **सार्क कार्यक्रम समितिको बैठकः** नेपालले २०७६ पुष ३-४ मा काठमाडौंमा आयोजित सार्कको कार्यक्रम समितिको ५७औं बैठकको अध्यक्षता गरेको थियो। उक्त बैठकले सार्क तथा सार्कको विशिष्टीकृत संस्थाहरूको बजेट, आगामी वर्षको

कार्ययोजना एवं ती संस्थाहरूद्वारा विगत वर्षमा सम्पादित कार्यहरूको समीक्षा गरेको छ।

(ज) **बिमस्टेकको बैठकमा सहभागिताः** २०७६ फागुन २० मा कोलम्बोमा आयोजित बिमस्टेकका उच्च अधिकारीहरूको बैठकमा नेपालले सहभागिता जनाएको छ।

(झ) **मानव अधिकार परिषद् बैठकमा सहभागिताः** २०७६ फागुन १२ बाट शुरू भएको मानव अधिकार परिषद्को ४३औं सत्रमा माननीय परराष्ट्रमन्त्रीले मानव अधिकारको संरक्षण र प्रवर्द्धनमा नेपालको अटल प्रतिबद्धता व्यक्त गर्नुभएको छ। उक्त बैठकमा सहभागिता जनाउने क्रममा साइडलाइन बैठकमा माननीय परराष्ट्र मन्त्रीले लात्भिया र आयरल्याण्डका समकक्षीहरूसँग द्विपक्षीय भेटघाट गरी मानव अधिकार परिषद्मा २०२१-२३ अवधिको लागि नेपालले दिएको उम्मेदवारीमा समर्थनका लागि अनुरोध गर्नुभएको छ। साथै, संयुक्त राष्ट्रसङ्घीय मानव अधिकार उच्चायुक्तसँग भेट गरी नेपालले मानव अधिकारको क्षेत्रमा हासिल गरेका उपलब्धिहरू प्रस्तुत गर्दै मानव अधिकारको संरक्षण र प्रवर्द्धनमा नेपालको प्रतिबद्धता व्यक्त गर्नुभएको छ।

(ञ) **कूटनीतिक संयन्त्रको स्थापना तथा परामर्श बैठकहरूः** यस वर्ष नर्वे, फिलिपिन्स र फ्रान्स गरी तीनवटा मुलुकहरूसँग द्विपक्षीय कूटनीतिक संयन्त्रको स्थापना गरिएको छ। त्यसैगरी, पाकिस्तान, जापान, फ्रान्स, युरोपियन युनियन, न्यूजील्याण्ड, बेल्जियम, भारत र जर्जिया गरी आठवटा मुलुक/सँस्थाहरूसँग द्विपक्षीय परामर्श बैठकहरू सम्पन्न भएका छन्।

(ट) **थप कूटनीतिक सम्बन्ध स्थापनाः** २०७६ भाद्र १० मा सेन्ट लुसिया र २०७६ असोज ९ मा अफ्रिकी मुलुक घानासँग नेपालको कूटनीतिक सम्बन्ध स्थापना भएसँगै १ सय ६८ मुलुकसँग नेपालको कूटनीतिक सम्बन्ध विस्तार भएको छ।

(ठ) **भारतीय सहयोगमा निर्मित संरचनाहरूको उद्घाटनः** २०७६ भदौ २४ मा नेपालका सम्माननीय प्रधानमन्त्री र भारतका महामहिम प्रधानमन्त्रीले मोतीहारी-अमलेखगञ्ज पेट्रोलियम पदार्थ पाइपलाइनको संयुक्त रूपमा विद्युतीय माध्यमबाट उद्घाटन गर्नुभएको छ। त्यसैगरी उहाँहरूले विराटनगरमा निर्मित एकीकृत जाँच

चौकी र गोरखा एवं नुवाकोटमा भूकम्पपश्चात् पुनर्निर्माण गरिएका निजी आवासको २०७६ साल माघ ७ मा संयुक्तरूपमा विद्युतीय माध्यमबाट उद्घाटन गर्नु भएको छ।

(ङ) **विज्ञ समूह र सीमा निरीक्षण समिति गठनः** नेपाल-भारत सीमासम्बन्धी प्रमाण सङ्कलनका लागि विज्ञ समूह र नेपाल-भारत सीमा निरीक्षण समितिको गठन गरिएको छ। उक्त समितिले २७ जिल्लाहरूको भारतसँगको सीमा निरीक्षण सम्पन्न गरी सुझाव सहितको एक विस्तृत प्रतिवेदन पेश गरेको छ।

(ढ) **सगरमाथा संवादः** नेपालले आफ्नो सफ्ट पावरलाई अन्तर्राष्ट्रिय जगतमा प्रचार-प्रसार गर्ने र सोका माध्यमबाट मुलुकको प्रतिष्ठा अभिवृद्धि गर्ने तथा प्रमुख अन्तर्राष्ट्रिय चासो र महत्त्वका विषयमा सहकार्यको लागि समान धारणा बनाउने उद्देश्यले सगरमाथा संवाद आयोजनाको सम्पूर्ण तयारी पूरा गरी विदेशी राष्ट्र तथा सरकार प्रमुख, वैज्ञानिक, विज्ञ, प्रतिष्ठित व्यक्तित्व र सञ्चारकर्मीहरूलाई आमन्त्रित गरेको थियो। सगरमाथा संवादको यस वर्षको लागि तय भएको 'जलवायु परिवर्तन, पर्वतीय वातावरण र मानव जातिको भविष्य' विषयमा नेपालको तर्फबाट प्रस्तुत गरिने धारणामा समन्वयात्मक रूपमा राष्ट्रिय प्रस्तुति विकास गर्ने उद्देश्यले २०७६ माघ २६ मा काठमाडौंमा एक राष्ट्रिय संवादको आयोजना गरिएको थियो। साथै, क्षेत्रीय रूपमा २ वटा परामर्श गोष्ठीहरू सम्पन्न भएका छन्।

(४) अन्तर्राष्ट्रिय संगठनहरूमा उम्मेदवारी तथा निर्वाचन

(क) **सुरक्षा परिषद्को सदस्यमा उम्मेदवारीः** नेपालले संयुक्त राष्ट्रसंघ सुरक्षा परिषद्को अस्थायी सदस्य पदमा सन् २०३७-३८ अवधिका लागि उम्मेदवारी दिएको छ।

(ख) **आर्थिक तथा वित्तीय समितिको अध्यक्षमा चयनः** नेपाल संयुक्त राष्ट्रसंघको ७५औं महासभाको आर्थिक तथा वित्तीय समितिको अध्यक्षमा सर्वसम्मतिबाट चुनिएको छ।

(ग) **ब्युरोको सदस्यमा चयनः** सन् २०२०/२१ को लागि संयुक्त राष्ट्र संघमा रहेको भूपरिवेष्टित मुलुकहरूको समूह अन्तर्गतको सात सदस्यीय ब्युरोमा नेपाल एशिया क्षेत्रबाट सदस्यको रूपमा निर्वाचित भएको छ।

(घ) **गभर्निङ् काउन्सिलको सदस्यमा चयनः** प्रविधि हस्तान्तरणको लागि एशिया-प्यासिफिक केन्द्रको गभर्निङ् काउन्सिलको सदस्यमा नेपाल सन् २०२०-२०२३ अवधिको लागि निर्वाचित भएको छ।

(ङ) **विस्तारित एकीकृत ढाँचाको अध्यक्षमा चयनः** २०७५ साउन ९ मा विश्व व्यापार संगठन अन्तर्गतको विस्तारित एकीकृत ढाँचा (Enhanced Integrated Framework: EIF) मा नेपाल सन् २०२१ सम्मको लागि अध्यक्षमा छनौट भएको छ।

(च) **व्यापार र विकास बोर्डको उपाध्यक्षमा चयनः** नेपाल व्यापार र विकाससम्बन्धी संयुक्त राष्ट्रसंघीय सम्मेलन (UNCTAD) को व्यापार तथा विकास बोर्डको उपाध्यक्षमा निर्वाचित भएको छ।

(छ) **कोलम्बो प्लानको अध्यक्षता ग्रहणः** नेपालले १ जनवरी २०२० देखि लागू हुनेगरी कोलम्बो प्लान परिषद्को अध्यक्षता ग्रहण गरेको छ।

(ज) **संयुक्त राष्ट्रसंघीय लोकतन्त्र कोषको सदस्यमा मनोनयनः** संयुक्त राष्ट्रसंघीय लोकतन्त्र कोष (United Nations Democracy Fund: UNDEF) को सल्लाहकार बोर्डमा सन् २०२०-२०२१ अवधिका लागि नेपाल सदस्यमा मनोनीत भएको छ।

(झ) **सञ्चालक समितिको अध्यक्षमा चयनः** दक्षिण एशियाली क्षेत्रीय मापदण्ड संगठन (South Asian Regional Standards Organization: SARSO) को सञ्चालक समितिको बैठकमा नेपाल आगामी २ वर्षको लागि अध्यक्ष चयन भएको छ।

(ञ) **मानव अधिकार परिषद्मा उम्मेदवारीः** मानव अधिकार परिषद्मा २०२१-२०२३ सम्मको अवधिको पुनःनिर्वाचनका लागि नेपालले दिएको उम्मेदवारीमा समर्थन जुटाउने विभिन्न प्रयासहरू भएका छन्। नेपालको पक्षमा अन्तर्राष्ट्रिय समर्थन जुटाउन प्रचार-प्रसारका लागि भेटघाट/लबिङ्ग शुरु गरिएको छ। मानव अधिकार परिषद्मा २०२१-२०२३ तथा सेडा (CEDAW) समितिमा २०२१-२०२४ अवधिको पुनःनिर्वाचनका लागि नेपालले दिएको उम्मेदवारीमा समर्थन जुटाउन विभिन्न मुलुकहरूसँग पारस्परिक समर्थनको लागि पहल भइरहेको छ।

(५) आर्थिक कूटनीतिको परिचालन

नेपाली कला, संस्कृति, पहिरन, परिकार सहित समग्ररूपमा विदेशमा नेपालको प्रचार गर्ने लक्ष्यमा आर्थिक कूटनीतिलाई सहायक बनाउँदै विदेशमा विभिन्न कार्यक्रमहरू सम्पन्न भएका छन्। नेपाली नियोगहरूबाट यस अवधिमा नेपाल प्रवर्द्धनसहितका राष्ट्रिय दिवस कार्यक्रम- ३९, पर्यटन प्रवर्द्धन कार्यक्रम १ सय ६८, निर्यात तथा लगानी प्रवर्द्धन कार्यक्रम ७२, श्रमिक सुरक्षा तथा जनचेतना अभिवृद्धि कार्यक्रम १ सय ३३ गरी आर्थिक कूटनीतिका चार सयभन्दा बढी कार्यक्रमहरू सम्पन्न भएका छन्। साथै, विदेशस्थित नेपाली नियोगहरूले अन्य निकाय एवं संस्थाले आयोजना गरेका तीन सयभन्दा बढी कार्यक्रमहरूमा सहभागिता जनाएका छन्।

(६) राहदानी र कन्सुलर सेवा प्रवाह

(क) **राहदानी वितरणः** यस वर्ष ३ लाख ९८ हजार ८ सय ४२ राहदानी जारी भई कुल रु.१ अर्ब ५५ करोड १० लाख राजस्व सङ्कलन भएको छ।

(ख) **विद्युतीय राहदानीः** हालको यन्त्रवाचक राहदानीलाई विद्युतीय राहदानीमा स्तरोन्नति गर्ने प्रयास भइरहेको छ। विद्यमान राहदानी तथा विद्युतीय राहदानी (E-Passports) सम्बन्धी वाग्मती प्रदेश, गण्डकी प्रदेश, सुदूरपश्चिम प्रदेश, प्रदेश नं १ र प्रदेश नं. २ मा अभिमुखीकरण गरिएको छ।

(ग) **कन्सुलर सेवाः** कन्सुलर सेवा विभागबाट कुल २ लाख २९ हजार २ सय ९५ कागजात प्रमाणीकरण भई रु.११ करोड ४६ लाख राजस्व सङ्कलन भएको छ।

परिच्छेद- तीन

उपसंहार

नेपालको संविधानको भाग ४ मा व्यवस्था गरिएका राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्वको कार्यान्वयनका क्रममा आर्थिक वर्ष २०७६/७७ मा नेपाल सरकारबाट भए गरेका कार्यहरू र हासिल भएका उपलब्धिहरूलाई यस प्रतिवेदनले समेटेको छ। यस प्रतिवेदनमा उल्लिखित विवरणहरूले मुलुक विकास, समृद्धि र सुशासनतर्फ बढिरहेको पुष्टि गर्दछन्।

नेपालको सार्वभौमसत्ता, स्वाधीनता, भौगोलिक अखण्डता, राष्ट्रिय हित, स्वाभिमान र राष्ट्रिय एकता सुदृढ हुँदै गएको छ। संघीय लोकतान्त्रिक गणतन्त्र, बहुदलीय प्रतिष्पर्धात्मक राजनीतिक प्रणाली, शक्ति पृथकीकरण, स्वतन्त्र न्यायपालिका, मानव अधिकार, मौलिक हक, स्वतन्त्रता र समावेशिता जस्ता लोकतन्त्रका आधारभूत स्तम्भहरूलाई सुदृढ बनाउन सरकार अविचलित रूपमा लागिरहेको छ। लोकतन्त्रका सबै आधारभूत विशेषतासहितको समाजवादउन्मुख पूर्ण लोकतन्त्रको अभ्यास र विकास हुँदै गएको छ। मुलुकमा स्थिरता र स्थायित्व कायम भएको छ। नागरिकका मौलिक हक, आधारभूत स्वतन्त्रता, सामाजिक संरक्षण एवं सामाजिक न्याय, विकास निर्माण, सुशासन प्रवर्द्धन र संघीयता कार्यान्वयनका लागि आवश्यक महत्वपूर्ण कानूनहरू जारी गरी कार्यान्वयनमा ल्याइएको छ। संघ, प्रदेश र स्थानीय तह क्रियाशील भएका छन्।

विक्रम संवत् २०७९ सम्ममा अति कम विकसित मुलुकबाट विकासशील मुलुकमा, विक्रम संवत् २०८७ सम्ममा मध्यम आय भएको मुलुकमा र विक्रम संवत् २१०० सम्ममा समुन्नत मुलुकको स्तरमा पुग्ने गरी आर्थिक र सामाजिक विकासका योजना र कार्यक्रमहरू अघि बढाइएको छ। तदनुरूप दीर्घकालीन सोचसहितको पन्ध्रौं योजना (२०७६/७७-२०८०/८१) कार्यान्वयनमा आएको छ।

सार्वजनिक प्रशासनको कार्यसंस्कृतिमा सुधार ल्याई सुशासन कायम गर्न सरकार क्रियाशील छ। शान्ति सुरक्षा र अपराध अनुसन्धानमा उल्लेख्य सुधार भएको छ। सुरक्षा निकायहरूको क्षमता वृद्धि गरी आमजनताले महसुस गर्नसक्ने गरी शान्ति सुरक्षाको व्यवस्था मिलाइएको छ। पारदर्शिता प्रवर्द्धन गर्दै जवाफदेहीविहीन स्थितिको अन्त्य गर्न आवश्यक नीतिगत, कानूनी र संस्थागत सुधार अघि बढाइएको छ। आधारभूत शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षा

तथा संरक्षणका अवसर उपलब्ध गराई शान्ति सुव्यवस्थासहितको न्यायपूर्ण, समुन्नत, सभ्य र सुसंस्कृत समाज निर्माण गर्न सरकार प्रतिबद्ध छ।

"समृद्ध नेपाल, सुखी नेपाली" को राष्ट्रिय आकाङ्क्षा पूरा गर्ने अठोटका साथ अघि बढिरहेको अवस्थामा मुलुक कोभिड-१९ को महामारीको चपेटामा परेको छ। यसबाट मुलुकको अर्थव्यवस्थामा गम्भीर धक्का पुगेको छ। पर्यटन, उद्योग, सेवा व्यवसाय लगायत समग्र उत्पादन र वितरण प्रणाली र रोजगारीका क्षेत्रमा नकारात्मक प्रभाव परेको छ। शिक्षा लगायतका सामाजिक क्षेत्र नराम्रोसँग प्रभावित भएका छन्। मुलुकमा उपलब्ध स्वास्थ्य सेवा र सुविधाहरू अपर्याप्त देखिएका छन्। यसको फलस्वरुप राष्ट्रिय आकाङ्क्षा पूरा गर्न जुन लक्ष्य, योजना र गतिका साथ अघि बढ्न खोजिएको थियो, त्यसमा केही असहजता सिर्जना भएको छ।

महामारीको प्रारम्भदेखि नै सरकार यसको रोकथाम, उपचार र नियन्त्रणका लागि क्रियाशील छ। परीक्षणको दायरा विस्तार गरिएको छ। कोभिड डेडिकेटेड अस्पतालहरू लगायत सघन उपचारको लागि थप पूर्वाधारहरूको व्यवस्था गरिएको छ। बन्दाबन्दीको अवस्थामासमेत अत्यावश्यक उपभोग्य वस्तुहरूको सहज आपूर्ति हुने व्यवस्था मिलाइएको छ। बन्दाबन्दीबाट प्रभावित उद्योग व्यवसायलाई लक्षित गरी सहुलियतका व्यवस्थाहरू गरिएको छ। गरिब, असहाय तथा विपन्न परिवारलाई लक्षित गरी राहत उपलब्ध गराइएको छ। महामारीबाट अर्थतन्त्रमा पर्ने प्रभावसमेतको प्रारम्भिक आकलन गरी स्वास्थ्य क्षेत्रमा पूर्वाधार तथा क्षमता विकास, रोजगारी सिर्जना एवं विस्तार र विकास निर्माणमा केन्द्रित हुनेगरी आर्थिक वर्ष २०७७/७८ को नीति, कार्यक्रम तथा वजेट तर्जुमा गरिएको छ। यस रोगको संक्रमण बृद्धि हुँदै गए पनि सरकारले अवलम्बन गरेको स्पष्ट रणनीति, समन्वयात्मक कार्यशैली एवं सबै नेपालीको एकता, धैर्यता र सहयोगले नियन्त्रण बाहिर गएको छैन। दिगो विकासका लक्ष्यहरू पूरा गर्दै राष्ट्रिय आकाङ्क्षा हासिल गर्ने विषयलाई कम प्रभाव पर्ने गरी यस रोगको रोकथाम, नियन्त्रण र उपचारका लागि आवश्यक कार्यक्रमहरू सञ्चालन गर्दै जाने प्रतिवद्धता सरकारको रहेको छ।

संविधानमा निर्दिष्ट निर्देशक सिद्धान्त, नीति तथा दायित्वहरूको कार्यान्वयनको क्रममा यस अवधिमा आइपरेका कठिनाईहरूलाई पृष्ठपोषण र चुनौतीहरूलाई अवसरको रूपमा लिई आगामी दिनमा उपलब्ध सीमित स्रोतसाधनको उच्चतम उपयोग गर्दै तिनको कार्यान्वयनमा थप प्रभावकारिता अभिवृद्धि गर्न र "समृद्ध नेपाल र सुखी नेपाली" को राष्ट्रिय आकाङ्क्षालाई व्यवहारमै उतार्न सरकार प्रतिबद्ध छ।